


गाउँसभामा उपस्थित गाउँसभाका पदाधिकारीहरू



आ.व. २०७७/७८ को प्रस्तुत बजेट तथा कार्यक्रम उपर अध्ययन गर्दै गाउँसभाका पदाधिकारीहरू

आर्थिक वर्ष २०७७/७८ को नीति बजेट तथा कार्यक्रम

"समृद्ध, सुन्दर, ऐतिहासिक सिरानचोकको शानः
समावेशी, वातावरण अनुकुलित, सन्तुलित विकासको अभियान"

# आर्थिक वर्ष २०७७/७८ को
# नीति, बजेट तथा कार्यक्रम




प्रकाशक

## सिरानचोक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश, गोरखा
२०७७




गाउँ सभाको अध्यक्षता ग्रहण गदै गाउँपालिकाको अध्यक्ष राजु गुरुङ र आसन ग्रहण गर्दै उपाध्यक्ष रीता देवकोटा तथा प्रमुख प्रशासकीय अधिकृत भेषराज कुँवर




गाउँपालिका प्रतिनिधि तथा कर्मचारीहरू



गाउँ सभाका प्रस्तुत बजेट तथा कार्यक्रम ध्यानपुर्वक अवलोकन श्रवण तथा अध्ययन गर्दै सभाका पदाधिकारीहरू



मिति २०७७ असार ३१ गते आयोजित गाउँसभा (बजेट अधिवेशन) मा सहभागी हुन आउँदै सभाका पदाधिकारीहरू

"समृद्ध, सुन्दर, ऐतिहासिक सिरानचोकको शानः
समावेशी, वातावरण अनुकुलित, सन्तुलित विकासको अभियान"

# आर्थिक वर्ष २०७७/७८ को

# नीति, बजेट तथा कार्यक्रम


**प्रकाशन**

**सिरानचोक गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

छोप्राक, गण्डकी प्रदेश, गोरखा

इमेलः info@siranchowkmun.gov.np /dito.siranchowkmun@gmail.com

वेबसाइट: www.siranchowkmun.gov.np

फोन : ९८५६०१००५० र ९८५१०४००६

**संरक्षक तथा सल्लाहकार**
राजु गुरुङ
अध्यक्ष

**रीता देवकोटा**
उपाध्यक्ष

**सल्लाहकार**
नेत्रमणी न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

**सम्पादन मण्डल**
राजन भट्टराई
अर्जुन विश्वकर्मा
निरमाया पुरी
ज्ञानेन्द्र पोखरेल
अहमद दिन मिया
कमलकान्त शर्मा
ई. सुदिप बराल
पशुपती घिमिरे

**लेखन तथा सम्पादन**
प्रेम प्रसाद दवाडी

**प्रकाशन**
सिरानचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छोप्राक, गण्डकी प्रदेश, गोरखा
इमेलः info@siranchowkmun.gov.np /
dito.siranchowkmun@gmail.com
वेबसाइट: www.siranchowkmun.gov.np
फोन : ९८५६०१००५० र ९८५१०४००६

**मुद्रण**
वेष्टर्न प्रिन्टिङ्ग सपोर्ट प्रा.लि.
सामाखुशी, काठमाडौं

**सिरानचोक गाउँपालिका**

**Siranchok Rural Municipality**

**गाउँ कार्यपालिकाको कार्यालय**

**Office of Rural Municipal Executive**

छोप्राक, गोरखा

Chhoprak, Gorkha

प.सं.ः (Ref. No.)
च.नं. (Dis.No.)

Mail: ito.siranchowkmun@gmail.com
गण्डकी प्रदेश, नेपाल (Gandaki Province, Nepal)

मितिः

# अध्यक्षको भनाई



सार्वभौम नेपाली जनताको लामो त्याग र बलिदान पश्चात संविधान सभाबाट जारी नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्धारा मूलुकमा दीगो विकास, सुशासन, शान्ति र समृद्धिको जनअपेक्षा पुरा गर्ने संकल्प गरेको छ । यसै संकल्पलाई आत्मसाथ गर्दै समन्वय, सहकार्य र सहअस्तित्त्वको सिद्धान्त बमोजिम तिनै तहका सरकारहरू विकास र समृद्धिको यात्रामा क्रियाशिल रहेका छन् । नागरिकको जीवनस्तरमा गुणस्तरीय परिवर्तन ल्याउन उनीहरूको घरदैलोमा विकासको मार्ग कोर्न आवश्यक छ । नागरिकको घरदैलोको सरकारको रुपमा स्थानीय सरकारहरूले स्थानीय धरातलिय विशिष्टता तथा नागरिकको वास्तविक आवश्यकता र चाहाना प्रतिबिम्बित हुने गरी आफ्ना प्रयासहरू अगाढी बढाउनु पर्दछ । यसका लागि स्थानीय सरकारले हालको राजनीतिक, सामाजिक तथा साँस्कृतिक र प्राविधिक परिस्थितिले सिर्जना गरेको अवसरहरूको पूर्ण सदुपयोग हुने गरी योजना तथा बजेट तर्जुमालाई योजनाबद्ध, व्यवस्थित र नतिजामूलक बनाउनु पर्दछ । नागरिकको सबभन्दा नजिकको सरकार भएको हुँदा नागरिकका समस्याहरूमा अन्य तहका सरकार भन्दा स्थानीय सरकार झनै बढी संवेदनशील हुनु पर्दछ ।

स्थानीय सरकारहरूले स्थानीय समुदाय तथा सरोकारवालाको सहभागितामा सहभागितामूलक तथा समावेशी विकासको अवधारणा बमोजिम वार्षिक योजना तथा बजेट तर्जुमा प्रक्रियालाई अबलम्बन गर्नु पर्दछ । यस प्रकार योजना तथा बजेट तर्जुमा गर्दा आवधिक, विषयगत रणनीतिक/गुरुयोजनाले दिशानिर्देश गरे बमोजिमको दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य र प्राथमिकताको आधारमा गर्नु पर्दछ । स्थानीय सरकारको योजना स्थानीय समस्याको सम्बोधन गर्ने, जनताको मनोभावना बुझ्न सक्ने र जनचाहाना सम्बोधन गर्ने खालको हुनुपर्छ । योजनाले उपलब्ध हुने सक्ने संभाव्य श्रोत साधन पहिचान गरी अनुमानित र विनियोजन बजेटको विचमा रहने खाडलको पूर्तिलाई सुनिश्चित गर्न सक्नु पर्दछ । आम नागरिकले संङ्घीय लोकतान्त्रिक शासन व्यवस्थाले सिर्जना गरेको परिवर्तनको प्रत्यक्ष अनुभुति गर्ने तथा कार्यान्वयनयोग्य योजना छनौट तथा सो को लागि बजेट तर्जुमा गर्नु जरुरी देखिन्छ ।

उपरोक्त सन्दर्भलाई ह्रदयङगम गरी स्थानीय समुदाय र सरोकारवाला समेतको सहभागितामा सहभागितामूलक तथा समावेशी विकासको अवधारणा बमोजिम वार्षिक बजेट तथा कार्यक्रम प्रक्रिया अवलम्बन गरेको पनि चौथो वर्ष लागेको छ । संघीय शासन प्रणालीको ऐतिहासिक यस प्रथम कार्यकालमा नयाँ अभ्यास र अनुभवका बीच योजना तथा बजेट तर्जुमा र कार्यान्वयनमा विभिन्न

उतार चढावलाई पार गरिएको छ । यसै बीच विश्वव्यापी कोरोना महाव्याधीले जनस्वास्थ्य लगायत सामाजिक तथा आर्थिक क्षेत्रमा वृहत क्षति पुऱ्याएको छ । फलस्वरुप अगाडि लम्कदै गरेको नागरिकको आर्थिक सक्षमता र आत्मबलमा समेत गिरावट आएको छ । यसबाट संघ र प्रदेश सरकार जस्तै स्थानीय सरकारको राजस्व र बजेटमा ठूलो असर पर्ने देखिएको छ ।

विश्वव्यापी कोरोना महाव्याधीका बीच आर्थिक वर्ष २०७७/७८ बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ। कोरोना महाव्याधीको कारण विकासको प्राथमिकतामा परिवर्तन आएको र फलस्वरुप स्वास्थ्य, शिक्षा, कृषि तथा आर्थिक विकास र महाव्याधीले पारेको नकारात्मक असरलाई सम्बोधन गर्ने कार्यक्रमलाई नीति तथा बजेटमा प्राथमिकता दिई तर्जुमा गरिएको छ । यस सिरानचोक गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को नीति, बजेट तथा कार्यक्रम तर्जुमा गर्ने कार्यमा महत्त्वपूर्ण भूमिका खेल्नु हुने कार्यपालिका तथा विषयगत समितिका पदाधिकारी, विषयगत शाखा, वडा समिति, स्थानीय समुदाय, राजनीतिक दल, नागरिक समाज, विज्ञ सल्लाहकार समूह, शुभचिन्तक लगायत गाउँसभाका सदस्य, कर्मचारी र सम्बन्धित सबैमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

बार्षिक नीति, बजेट तथा कार्यक्रमले गाउँपालिकाको विकासको खाका र कार्यदिशा तय गर्ने र खर्चको योजना बनाउने हो । यसको सफल कार्यान्वयनमा निर्वाचित जनप्रतिनिधि, कर्मचारी, निजी क्षेत्र, सहकारी, नागरिक समाज र स्थानीय समुदायको सक्रिय सहभागिता र भूमिकाको जरुरत पर्दछ । यस प्रकार स्वीकृत नीति, बजेट तथा कार्यक्रमको कार्यान्वयनमा सबैको सक्रियता, निरन्तर सहयोग र साथको अपेक्षा गरेको छु ।

**राजु गुरुङ**
अध्यक्ष

सिरानचोक गाउँपालिका
Siranchok Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
छोप्राक, गोरखा
Chhoprak, Gorkha

प.सं.: (Ref. No.)
च.नं. (Dis.No.)

Mail: ito.siranchowkmun@gmail.com
गण्डकी प्रदेश, नेपाल (Gandaki Province, Nepal)
मितिः

# उपाध्यक्षको मन्तव्य



कोभिड १९ को विश्यव्यापी महाव्याधीको कहरका बीच विकासको दृष्टिकोणले प्रचुर संभावना वोकेको प्राकृतिक, साँस्कृतिक र ऐतिहासिक महत्त्वको सिरानचोक गाउँपालिकाले जनचाहाना अनुसार आगामी आर्थिक वर्ष २०७७/७८ को नीति, बजेट तथा कार्यक्रम तयार गरेको छ । यसले नागरिक विकासको अधिकारको संरचना र जनचाहानालाई सम्बोधन गर्ने प्रयास गरेको छ ।

नागरिकको घरदैलोको सरकारको रुपमा रहेको स्थानीय सरकारले उपलब्ध स्रोत, साधनको अधिकतम परिचालन गरी विकासलाई नतिजामूलक तथा परिणामुखी बनाउन अधिकतम प्रयास गरिएको छ । यसका बाबजुद सिमित स्रोत, साधन तथा क्षमता र पूर्वाधार विकासको न्यून अवस्था र तिब्र विकासको जनचाहाना सम्बोधन गर्न धेरै गर्नु पर्ने अवस्था छ । विकास प्रक्रियामा विपन्न तथा पछाडि पारिएका वर्ग तथा समुदायको मूलप्रवाहीकरण गरी उनीहरूको आवश्यकतालाई सम्बोधन गर्ने चुनौति हाम्रो सामु पहाड झै ठडिएको छ ।

विकास प्रक्रिया तथा उपलब्धीलाई समतामूलक तथा न्यायपूर्ण बनाउन र वातावरणमैत्री, दीगो पूर्वाधार विकासमा जोड दिई सामाजिक तथा आर्थिक विकासको आधार तयार गर्ने उद्देश्य गाउँपालिकाले लिएको छ । यसका लागि सहभागितामूलक तथा समावेशी प्रक्रिया बमोजिम योजना तथा बजेट तर्जुमा गर्न सहभागितामूलक प्रक्रिया अनुसार वस्ती/टोलस्तरमा पुगी समुदायको आवश्यकता पहिचान तथा प्राथमिकता निर्धारण सहित ७ चरणहरू पुरा गरी बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ । यसबाट विकासको मूलप्रवाहबाट बाहिर रहेका विपन्न तथा पछाडी पारिएका वर्ग तथा समुदायको आवश्यकता पहिचान गरी सम्बोधन गर्ने प्रयास समेत गरिएको छ ।

कोभिड १८ महाव्याधी नियन्त्रण, रोकथाम, परीक्षण र व्यवस्थापनको लागि स्थानीय तहले गर्नु पर्ने स्वास्थ्य, कृषि विकास, शिक्षा र आर्थिक पुनर्लाभ तथा विकासका कार्यक्रमहरूलाई प्राथिककता साथ आर्थिक वर्ष २०७७/८७ को नीति, बजेट तथा कार्यक्रममा समेट्ने प्रयास गरिएको छ । यस प्रक्रियामा स्थानीय समुदाय, नागरिक समाज, गैर सरकारी संस्था, नीजि क्षेत्र, विकास साझेदार संस्था, स्थानीय समाजसेवी, बुद्धिजीवि र राजनीतिक दलको समेत सहभागितामा नीति, बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ । प्रस्तुत नीति, बजेट तथा कार्यक्रमलाई समावेशी, दीगो र उपलब्धीमूलक बनाउने प्रयास गरिएको छ । तथापी यसमा रहेका कमीकमजोरीहरू सम्बन्धित सबै पक्षको सुझावमा अझ परिस्कृत गर्दै लगिनेछ ।

यस सिरानचोक गाउँपालिकाको नीति, बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियामा अमूल्य सुझा प्रदान गर्नु हुने संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य, जिल्ला समन्वय समितिका प्रमुख तथा राजनीतिक दलका प्रतिनिधिलाई विशेष आभार व्यक्त गर्न चाहान्छु । यसैगरी नीति, योजना तथा बजेट तर्जुमा सक्रिय रुपमा सहभागि हुनु हुने कार्यपालिकाका पदाधिकारी, विषयगत समितिका संयोजक तथा सदस्य, विषयगत शाखाका कर्मचारी, वडा सचिव तथा सम्पूर्ण कर्मचारीहरू प्रति धन्यवाद व्यक्त गदै स्वीकृत नीति, बजेट र कार्यक्रम कार्यान्वयनमा सबै निरन्तर सहयोग र साथको सदैव अपेक्षा गर्दछु ।

**रीता देवकोटा**
उपाध्यक्ष

सिरानचोक गाउँपालिका

**Siranchok Rural Municipality**

**गाउँ कार्यपालिकाको कार्यालय**

**Office of Rural Municipal Executive**

छोप्राक, गोरखा

Chhoprak, Gorkha

प.सं.: (Ref. No.)
च.नं. (Dis.No.)

Mail: ito.siranchowkmun@gmail.com
गण्डकी प्रदेश, नेपाल (Gandaki Province, Nepal)
मितिः

# कृतज्ञता



संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको एक महत्पूर्ण ऐतिहासिक स्थलको नामबाट नामाकृत सिरानचोक गाउँपालिका ऐतिहासिक, सास्कृतिक र प्राकृतिक सम्पदाले भरिपूर्ण रहेको छ। कृषि, पर्यटन, शिक्षा र रोजगार प्राथमिकता दिदै गाउँपालिकाले स्थापना भए देखि नै "समृद्ध, सुन्दर, ऐतीहासिक सिरानचोकको शानः समावेशी, वातावरण अनुकुलित, सन्तुलिन विकासको अभियान" को दीर्घकालिन सोच तय गरी विकासको स्पष्ट मार्गाचित्र सहित नीति, बजेट तथा कार्यक्रम तर्जुमा गर्दै आएको छ । नीति तथा कार्यक्रम विकास विकासको मार्गदर्शनको रुपमा रहेको छ भने बजेट तथा कार्यक्रम कार्यान्वयन तथा खर्चको योजना मानिन्छ । बार्षिक नीति, बजेट तथा कार्यक्रमले गाउँपालिकाको विकासको खाका र कार्यदिशा तय गर्ने र खर्चको योजना बनाउने हो । नतिजामुखी विकासका लागि बार्षिक नीति, बजेट तथा कार्यक्रमलाई गाउँपालिकाको आवधिक/एकीकृत विकास योजना र विषय क्षेत्रगत गुरु/रणनीतिक योजनाले मार्गदर्शन गर्नु पर्दछ ।

यसका लागि गाउँपालिकाले प्रमाणमा आधारित योजना तर्जुमा प्रक्रियालाई अंगिकार गरी सूचना प्रविधिमा आधारित वस्तुस्थिति विवरण तयार गरेको छ भने गाउँपालिकाको विकास प्रक्रियालाई मार्गदर्शन गर्न आवधिक/एकीकृत विकास योजना तथा योजनाले पहिचान गरेका अग्रणी विषय क्षेत्रको गुरुयोजना तथा रणनीतिक योजना तर्जुमा गर्ने लक्ष्य समेत लिएको छ । गाउँपालिकाको संस्थागत विकासको लागि संस्थागत स्वमूल्याङ्कन कार्य सम्पन्न गरी सबल तथा कमजोर क्षेत्र पहिचान गरेको छ र सो अनुसार क्षमता विकासका क्षेत्र र कार्यक्रम तय गरी कार्यान्वयनमा लगिएको छ । यसैगरी प्रचलित नीतिगत तथा कानूनी व्यवस्था बमोजिम आर्थिक बर्ष २०७६/७७ को बजेट तथा कार्यक्रमको लैङ्गिक बजेट परीक्षण सम्पन्न गरी बजेट तथा कार्यक्रमलाई लैंगिक र सामाजिक समावेशीकरण संवेदनशिल बनाउने क्षेत्र तथा रणनीति तय गरिएको छ ।

विश्वव्यापी कोरोना महाव्याधीको बाबजुद सहभागितामूलक र समावेशी प्रक्रिया अनुसार कोभिड १९ को कारण विकासको प्राथमिकता प्राथमिकता परेको फेरबदललाई मध्येनजर गरी आर्थिक बर्ष २०७७/८७ को नीति, बजेट तथा कार्यक्रम तर्जुमा गरी स्वीकृत गरिएको छ । स्वीकृत नीति, बजेट तथा कार्यक्रमा जनस्वास्थ्य, विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन एवं वातावरण संरक्षण र जलवायु उत्थानशिलताको आयामलाई समेत यथोचित मध्येनजर गरी तर्जुमा गरिएको छ । गाउँपालिकाको

दीर्घकालिन सोच, गौरवका आयोजना तथा कार्यक्रम, स्थानीय आवश्यकता र प्राथमिकताको आधारमा नीति तथा कार्यक्रम गरी सो बमोजिम वस्ती/टोल, वडा समिति, विषयगत शाखा र समिति हुँदै कार्यपालिका र गाउँ सभाबाट बजेट तथा कार्यक्रम पारित गरिएको छ ।

प्रस्तुत नीति, बजेट तथा कार्यक्रमले गाउँपालिकाको विकास प्रयासलाई मार्गदर्शन गर्नुका साथै कार्यान्वयनको खाका प्रस्तुत गरेको छ। यस गाउँपालिकाको विकास प्रयासलाई व्यवस्थित तबरले अगाडि बढाउन, प्रशासनिक व्यवस्थालाई सहजता प्रदान गर्न र कार्यान्वयन तथा खर्चको योजनालाई पारदर्शी रुपमा कार्यान्वयन तह, गाउँपालिकाबासी, साझेदार निकाय तथा सरोकारवाला समक्ष पुऱ्याउने उद्देश्यले पुस्तिकाको रुपमा प्रकाशन गर्न लागेको व्यहोरा अनुरोध गर्न चाहान्छु। विश्वव्यापी महाव्याधी कोभिड १९ विषय परिस्थितिमा आ.व. २०७७/७८ को बार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियामा निर्णायक भूमिका निर्वाहा गर्नु हुने गाउँ सभा तथा कार्यपालिकाका निर्वाचित पदाधिकारीज्यूहरू, महत्त्वपूर्ण रायसुझाव प्रदान गर्ने राजनीतिक दलका स्थानीय प्रमुख तथा प्रतिनिधिज्यूहरू, विज्ञ समूहका सल्लाहकारज्यूहरू, सामाजिक तथा वौद्धिक क्षेत्रका महत्त्वपूर्ण व्यक्तित्त्व र समुदाय तथा समन्वय र व्यवस्थापनमा विज्ञ तथा प्रत्यक्ष भूमिका निर्वाहा गर्ने विषयगत शाखाका प्रमुख तथा कर्मचारीहरू प्रति हार्दिक कृतज्ञता तथा आभार व्यक्त गर्न चाहान्छु। आगामी दिनमा यसको कार्यान्वयनका लागि समेत सबै पक्षहरूको सकारात्मक सहयोग, सल्लाह, सुझाव र समन्वय र जिम्मेवारीपूर्ण भूमिका प्राप्त हुने विश्वास लिएको छु ।

**नेत्रमणि न्यौपाने**
प्रमुख प्रशासकीय अधिकृत

# विषयसूची

## परिच्छेद १


**परिचय तथा समीक्षा** **१**

१.१ गाउँपालिका संक्षिप्त परिचय १

१.१.१ भौगोलिक अवस्थिति १

१.१.२ ऐतिहासिक चिनारी तथा नामकरण २

१.२.३ राजनीतिक अवस्थिति २

१.२.४ जनसंख्या तथा जातजाती विवरण २

१.१.५ भू-उपयोग क्षेत्र विवरण ३

१.१.६ सास्कृतिक उत्कृष्टता ३

१.१.७ धार्मिक एवं पर्यटकीय क्षेत्र/स्थल तथा पर्यटकीय गतिविधि ३

१.१.८ प्रमुख पेशा, रोजगारी गरीवीको स्थिति ४

१.१.९ खानी, खनीज, उद्योग व्यवसाय रोजगारीको विवरण ४

१.१.१० कृषि तथा खाद्य निर्भरता ५

१.१.११ शैक्षिक स्थिति ५

१.१.१२ स्वास्थ्य संस्था तथा सेवामा पहुँच स्थिति ६

१.१.१३ खानेपानी तथा सरसफाई स्थिति ७

१.२ चालु आ.व.को नीति तथा कार्यक्रमको समीक्षा ७

१.२.१ चालु आ.व.मा पारित भएका ऐन, नियम, कार्यविधि, सम्पन्न महइभ्वपूर्ण आयोजना र अध्ययन ७

१.२.२ सङ्घ, प्रदेश तथा अन्य निकायहरूसँग भएका समन्वय, समझदारीहरू तथा तिनका उपलब्धिहरू १०

१.२.३ कुल राजस्व अनुमान, आन्तरिक आयको अनुमान र समीक्षा अवधिसम्म भएको प्रगति/उपलब्धिहरू १०

१.२.४ कुल विनियोजित बजेट र समीक्षा अवधिसम्मको खर्च स्थिति १२

१.२.५ विषयगत क्षेत्र/उपक्षेत्र अनुसार विनियोजित बजेट र समीक्षा अवधिसम्मको खर्च स्थिति १२

१.२.६ समीक्षा अवधिसम्म हासिल मुख्य उपलब्धिहरू १३

१.२.७ चालु आ.व.मा देखिएका मुख्य समस्या तथा अवरोधहरू १९

## परिच्छेद २


| | | |
|---|---|---|
| **आर्थिक वर्ष २०७७/७८ को नीति, बजेट तथा कार्यक्रम** | | **२१** |
| २.१ | सोंच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धिहरू | २१ |
| २.२ | लक्ष्य तथा उद्देश्य | २१ |
| २.३ | प्राथमिकता तथा रणनीति | २२ |
| २.४ | वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख नीति तथा आधारहरू | २३ |
| | २.४.१ समग्र नीति तथा आधारहरू | २३ |
| | २.४.२ अध्यक्ष श्री राजु गुरुङज्यूले प्रस्तुत गर्नु भएको आर्थिक बर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम | २४ |
| २.५ | गाउँसभामा उपाअध्यक्ष श्री रीता देवकोटाद्धारा प्रस्तुत आर्थिक बर्ष २०७७/०७८ को वजेट बक्तब्य | ५५ |
| | २.५.१ राजस्व तथा अनुदान प्राप्तिको अनुमान | ५९ |
| | २.५.२ ब्यय अनुमान | ६० |
| २.६ | मुख्य आयोजना कार्यक्रमहरूको विवरण तथा अनुमानित व्यय र श्रोत व्यवस्थापन | ६२ |
| **सिरानचोक गाउँपालिकाको आर्थिक ऐन, २०७७** | | **१०७** |
| **सिरानचोक गाउँपालिकाको विनियोजन ऐन, २०७७** | | **१४२** |

# परिच्छेद १
# परिचय तथा समीक्षा

## १.१ गाउँपालिका संक्षिप्त परिचय

सिरानचोक गाउँपालिका संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको गण्डकी प्रदेश स्थित नेपालको ऐतिहासिक र सास्कृतिक रुपले प्रसिद्ध गोरखा जिल्लाको उत्तर पश्चिममा अवस्थित रहेको छ । जिल्लाको एघार गाउँ/नगरपालिका मध्ये यस गाउंपालिका जिल्लाको सदरमुकाम गोरखाबजार देखि ३० कि.मि.को दुरीमा पर्दछ । संघीय शासन प्रणाली अनुसार स्थानीय तह पुनसंरचना प्रक्रियामा गोरखा जिल्लाको साविक तत्कालिन सात गाउँ विकास समितिहरू केरावारी, थालाजुङ, छोप्राक, हर्मी, गाँखु, श्रीनाथकोट र जौवारी समायोजन भएर २०७३ सालमा यो गाउँपालिका स्थापना भएको हो । यस गाउँपालिकाको कुल क्षेत्रफल १२१.५९ वर्ग कि.मी. रहेको छ। यस गाउँपालिका ८ वटा वडाहरू रहेका छन् ।

### १.१.१ भौगोलिक अवस्थिति

सिरानचोक गाउँपालिका मध्यपहाडी क्षेत्रमा अवस्थित रहेको छ। भौगोगिक अवस्थितिका हिसाबले यो गाउँपालिका २८°४४'३८" देखि २८°९'३०.९७" अक्षांश र ८४°३०'४०.६१" देखि ८४°३९'५८.९९" देशान्तर र समुद्र सतहबाट ४३४ मि.को उचाई देखि १९७३ मिटरसम्म फैलिएको छ । यस गाँउपालिकाको पूर्वमा अजिरकोट र बारपाक सुलिकोट गाउँपालिका, पश्चिममा पालुङ्गटार नगरपालिका, उत्तरमा लमजुङ जिल्लाको राईनास नगरपालिका र दुधपोखरी गाउँपालिका र दक्षिणमा भीमसेन थापा गाउँपालिका र गोरखा नगरपालिका पर्दछ । भौगोलिक रुपमा मध्यपहाडी क्षेत्रमा अवस्थित यस गाउँपालिका ऐतिहासिक, साँस्कृतिक, जैविक विविधता तथा पर्यटकीय दृष्टिकोणले महत्त्वपूर्ण रहेको छ। यस गाउँपालिकाको वडागत विभाजन देहायको तालिकामा प्रस्तुत गरिएकोछ।

तालिका १: पुनसंरचित गाउँपालिकाको वडागत विवरण

| वडा नम्बर | साविक गाउँ विकास समितिहरू | वडाको क्षेत्रफल (वर्ग किमि) | केन्द्र रहेको स्थान |
|---|---|---|---|
| १ | केरावारी १-९ | १४.१ | केराबारी |
| २ | थालाजुङ १-९ | १७.३ | थालाजुङ |
| ३ | हर्मी १-५ | १२.१ | हर्मी |
| ४ | छोप्राक ७-९ | ८.४९ | छोप्राक |
| ५ | छोप्राक १-६ | १४.४ | छोप्राक मैदान |
| ६ | गाँखु १-९ | १५.१ | गाँखु |
| ७ | श्रीनाथकोट १-९ | १९.७ | श्रीनाथकोट |
| ८ | जौवारी १-९ | २०.४ | जौवारी |
| **जम्मा** | | **१२१.५९** | |

श्रोतः गाउँ वस्तुस्थिति विवरण, २०७६

### १.१.२ ऐतिहासिक चिनारी तथा नामकरण

सिरानचोक गाँउपालिकाको नामाकरण सम्बन्धमा विभिन्न भनाईहरू रहेका छन् जसमध्ये एउटा प्रचलित भनाई अनुसार सिरानचोकको पुरानो नाम स्यार्तन हो, स्यार्तनको अर्थ सबैको प्रिय अग्लो डाँडा भन्ने हुन्छ । वरिपरिका डाँडाहरू मध्ये गोरखा देखि सबै भन्दा नजिकको अग्लो डाँडाको रुपमा चिनिने यस क्षेत्र नेपाल एकिकरणको प्रारम्भिक स्थान र तत्कालिन अवस्थामा गोरखा राज्यको वाइसे चौविसे राज्यहरूको आक्रमणबाट बच्न र उनीहरूसँग लडाई गर्ने रक्षा किल्लाको रुपमा परिचित छ । बाघ भिमसेन थापा र वडाकाजी अम्मर सिंह थापाको जन्मस्थल सिरानचोकमा नै रहेको देखिन्छ र तत्कालिन गोरखा राज्यका सेना झागल गुरुङको जन्मस्थल समेत सिरानचोक हो भन्ने भनाई रहेको छ । २०७३ सालमा स्थानीय तहको पुनःसंरचना प्रक्रियामा उपरोक्त ऐतिहासिक नामबाट सिरानचोक गाउँपालिका नामाकरण गरिएको हो ।

### १.२.३ राजनीतिक अवस्थिति

सिरानचोक गाउँपालिका संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको गण्डकी प्रदेश स्थित गोरखा जिल्लाको दक्षिण पश्चिम क्षेत्रमा अवस्थित रहेको छ । कुल ८ वडा रहेको यस गाउँपालिका जिल्लामा कायम भएका २ नगरपालिका र ९ गाउँपालिका गरी ११ स्थानीय तह मध्ये एक गाउँपालिका हो । यो गाउँपालिका जिल्ला भित्रको संघीय प्रतिनिधि सभा निर्वाचन क्षेत्र नम्बर २ र प्रदेश सभा निर्वाचन प्रयोजनका लागि तय गरिएको प्रदेश 'ख' क्षेत्रमा पर्दछ ।

### १.२.४ जनसंख्या तथा जातजाती विवरण

घरपरिवार सर्भेक्षण २०७६ अनुसार गाउँपालिकाको कुल जनसंख्या ३१,४०८ रहेको छ । सोही विवरण अनुसार कूल परपरिवार संख्या ६,९९४ रहेको कुल जनसंख्या मध्ये पुरुष तथा महिलाको जनसंख्या क्रमशः १६,०७१ र १५,३३७ रहेको छ । गाउँपालिकाको ८ वडा मध्ये वडा नम्बर ३ मा सबैभन्दा बढी अर्थात ५,५५७ रहेको छ भने वडा नं. ५ मा सबैभन्दा न्यून जनसंख्या (२,९८१) रहेको छ । गाउँपालिकाको प्रोफाइल अनुसार औसत घरपरिवारको आकार ४.४९ र लैङ्गिक अनुपात ९५.४ रहेको छ । २०७६ हालको सर्भेक्षण अनुसार जनसंख्याको अवस्थालाई वडागत रुपमा देहाय बमोजिम उल्लेख गरिएको छ ।

जातजातिको आधारमा घरपरिवार तथा जनसंख्याको स्थितिलाई हेर्दा कुल ३१,४०८ जनसंख्या मध्ये सबैभन्दा उच्च ७,८५८ अर्थात २५.०२ प्रतिशत घरपरिवार पहाडी आदीबासी जनजाती वा गुरुङ्ग जातिको रहेको देखिन्छ । दोश्रोमा वाह्मणको अनुपात २०.४६ प्रतिशत र तेश्रोमा बरामुको अनुपात १७.०१ प्रतिशत र चौथोमा क्षेत्रीको अनुपात १४.८९ प्रतिशत रहेको छ । उपरोक्त समेत गाउँपालिकामा २२ भन्दा बढी जातजातीको बसोबास रहेको छ ।

### १.१.५ भू-उपयोग क्षेत्र विवरण

गाउँपालिकाको वस्तु स्थिति विवरण अनुसार यस गाउँपालिकाको भू-उपयोगको अवस्था हेर्दा कुल

भुभाग १२१.५९ वर्ग कि.मि. मध्ये खेती गरिएको क्षेत्रफल ४० प्रतिशत रहेको छ भने वन तथा बुट्यान क्षेत्र ५१ प्रतिशत रहेको छ। गाउँपालिकाको भू-पयोगको विवरण देहायअनुसार रहेको छ।

तालिका २: भुउपयोग विवरण

| क्र.स. | भू-उपयोग | क्षेत्रफल वर्ग कि.मि. | प्रतिशत |
|---|---|---|---|
| १ | खेती गरिएको जमिन | ४८.९ | ४०.२४ |
| २ | वनजगंलले ढाकेको जमिन | ६१.९८ | ५१.०० |
| ३ | खर्क तथा चरन क्षेत्र | १.५ | १.२३ |
| ४ | आवास क्षेत्र | ५.०० | ४.१ |
| ५ | वगर, नदी, खोला, ताल र पोखरी | २.१७ | १.१७ |
| ६ | अन्य | २.११ | २.०० |
| | **जम्मा** | **१२१.५९** | **१००** |

श्रोतः गाउँ वस्तुस्थिति विवरण, २०७६

### १.१.६ सास्कृतिक उत्कृष्टता

गुरुङ्ग, ब्राम्हण तथा क्षेत्री, बराम् लगायत अन्य जनजाती र दलित जातिहरूको बसोबास रहेको छ। मध्य पहाडी क्षेत्रमा अवस्थित यस गाउँपालिकामा विविध, जाती, धर्म, संस्कृति र परम्परा जिवित रहेका छन्। सानो क्षेत्रफलमा कायम रहेको यो सांस्कृतिक विविधताले अनेकतामा एकताको उक्तिलाई जिवन्त राखेको पाइन्छ। विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास भएकोले धार्मिक सहिष्णुता तथा जातिय एकता कायम राख्दै आ-आफ्नै चाडपर्व मेलाजात्रा मनाउने गरिएको छ। समग्रमा दशैं, तिहार, होली, कृष्ण जन्माष्टमी, ल्होसार, बुद्धजयन्ती आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाईन्छ। विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं पुरातात्त्विक महत्त्वका स्थलहरू रहेको यो गाउँपालिकाका गहनाको रुपमा श्रीनाथ मण्डली, छेडा गुम्बा लगाएतका स्थलहरू, मठ मन्दिर तथा मौलिक लोक सँस्कृति आदि रहेका छन्।

### १.१.७ धार्मिक एवं पर्यटकीय क्षेत्र/स्थल तथा पर्यटकीय गतिविधि

सिरानचोक गाउँपालिकामा धार्मिक तथा ऐतिहासिक महत्त्वका बोकेका ३८ वटा मठ मन्दिर, देवालयहरू तथा विभिन्न धार्मिक आस्था बोकेका रहेका छन्। त्यस्तै यस गाउँपालिका प्रकृतिको मनोरम काखमा अवस्थित तथा धार्मिक, ऐतिहासिक महत्त्वका स्थलहरूले भरीपूर्ण यस स्थलले प्रवल रुपमा पर्यटकीय सम्भावना बोकेका देखिन्छ। यस गाउँपालिकामा रहेका मूख्य पर्यटकीय स्थलहरूको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ३: पर्यटकीय स्थलको विवरण

| क्र.सं. | पर्यटकीय स्थलहरू | रहेको वडा नम्बर |
|---|---|---|
| १ | श्रीनाथकोट | ५, २ |
| २ | श्रीनाथ मण्डली | ५, ७ |
| ३ | छेडा गुम्वा | ७ |

श्रोत: गाउँ वस्तुस्थिति विवरण, २०७६

### १.१.८ प्रमुख पेशा, रोजगारी गरीवीको स्थिति

गाउँपालिकाको कुल क्षेत्रफल मध्ये ४० प्रतिशत क्षेत्र कृषिभूमिले ओगटेको यस गाउँपालिकाको मुख्य पेशा अझ पनि कृषि नै रहेको छ । कूल आर्थिक रुपमा क्रियाशिल जनसंख्या मध्ये २९.२ प्रतिशत मानिसहरू कृषि, ७ नोकरी, ५ प्रतिशत वैदेशिक रोजगारी, २.८ प्रतिशत ज्याला मजदुरी, २ प्रतिशत व्यापार व्यवसाय, उद्योग तथा अन्य पेशा, ९.१ प्रतिशत विद्याथी, २२.६ प्रतिशत १६ वर्ष मुनिका वालवालिका, १३.८ प्रतिशत घरयासी काम, ५ प्रतिशत वेरोजगार र अन्य बाकी पेन्सन, निर्भर रहेका छन् ।

आफ्नो उत्पादनले ९ देखी १२ महिना खान पुग्ने परिवार ५१.३ प्रतिशत रहेका छन् । यसैगरी ६२.७१ प्रतिशत घरपरिवारले मासिक १ हजार बचत गर्न सक्षम रहेका छन् । करिव २३ प्रतिशत घरपरिवार हरूको वार्षिक आम्दानी रु. पचास हजार भन्दा कम रहेको छ । कूल घरपरिवार मध्ये ९३.४ प्रतिशत घरपरिवारहरूको नीजि घर रहेको छ भने करिब ५० घरपरिवारहरू सार्वजनिक जग्गामा बसोबास गरिरहेका छन् । साथै कूल घरपरिवार मध्ये २०.७ प्रतिशत घरपरिवारको कुनै पनि किसिमको जग्गाको स्वामित्त्व रहेको छैन ।

### १.१.९ खानी, खनीज, उद्योग व्यवसाय रोजगारीको विवरण

यस गाउँपालिकामा वडा नम्बर १ र ३ मा ढुङ्गा तथा वालुवा खानीहरू रहेका छन । राष्ट्रिय आर्थिक सर्वेक्षण २०१८ अनुसार यस गाउँपालिकामा विभिन्न प्रकारका ८४२ वटा उद्योग तथा व्यवसायहरूमा १९३४ जना रोजगार रहेको देखिन्छ । गाउँपालिकाको वडा नम्बर ४ को १ स्थानमा हाटबजार सञ्चालनमा रहेको छ । यसैगरी गाउँपालिकामा ४ वटा साना उद्योगहरू संचालनमा रहेका र सोमा ५० जना भन्दा बढी रोजगार रहेका छन् । आर्थिक रुपले सक्रिय उमेर समुहका करिब ५ प्रतिशत जनसंख्या बेरोजगार रहेका छन् ।

### १.१.१० कृषि तथा खाद्य निर्भरता

### कृषि

यस कुल भुभाग मध्ये करिब ४० प्रतिशत भूभाग खेतीयोग्य जमीन रहेको र २९.२ प्रतिशत जनसंख्याले मुख्य पेशाको रुपमा कृषिलाई अपनाएका छन् । उच्च पहाडी क्षेत्रमा अवस्थित यस गाउँपालिकामा खाद्यन्न वालीको रुपमा कोदो, मकै, धान, गहुँ र अलैची, कफि, अम्रिसो जस्ता नगदे वालीको प्रशस्त

संम्भावना रहेको छ । त्यस्तै गरी तरकारी वाली, फलफुल, तेलहन वाली र जडीबुटी उत्पादन र प्रशोधन गर्न सकिने संम्भावना समेत रहेको छ ।

## पशुसेवा

यस गाँउपालिकामा कुल ६,९९४ घरपरिवार मध्ये सबै भन्दा धेरै ३,३८८ घरपरिवार वा ४८ प्रतिशतले बाखापालन गरेको पाईन्छ। यसैगरी भैशीपालन गर्ने घरपरिवार २,२५४ वा ३२ प्रतिशत, गाईपालन गर्ने घरपरिवार १,९६५ वा २८ प्रतिशत घरपरिवार हाँस तथा कुखुरा पालन गर्ने १,२७० वा १८ प्रतिशत सबभन्दा कम ८ घरपरिवार अर्थात ०.३ प्रतिशतले बंगुर/सुगुर पालन गरेका छन ।

## पोषण तथा खाद्य निर्भरता

यस गाउँपालिकामा पोषण तथा खाद्य निर्भरताको अवस्था हेर्दा आफ्नो उत्पादनबाट वर्ष भरी खान पुगेर पनि बचत हुने घरपरिवार १८ प्रतिशत घरपरिवारलाई वर्षभरी खान पुग्ने गरेको देखिन्छ। कृषि उत्पादनले ३ महिना मात्र खान पुग्ने घरपरिवार करिव २८ प्रतिशत रहेका छन् भने ३.२ प्रतिशत घरपरिवारले आफ्नो उत्पादन उपभोग गरी बचेको खाद्यान्न बेचविखन पनि गर्ने गरेको विवरणबाट देखिन्छ ।

## १.१.११ शैक्षिक स्थिति

## शैक्षिक संस्थाको विवरण

गाउँपालिका भित्र कुल ५१ वटा शैक्षिक संस्था रहेका छन् । जसमध्ये आधारभूत तहका विद्यालय ३३ वटा जस मध्ये धेरै जसो विद्यालयमा १ देखि ५ कक्षा संचालन छन्। माध्यामिक तहका १६ वटा, बाल विकास केन्द्र ३९ वटा र २ वटा संस्थागत विद्यालय रहेका छन्। यस सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

तालिका ४: शैक्षिक संस्था सम्बन्धी विवरण

| वडा नम्बर | वाल विकास केन्द्र | माद्यामिक बिधालय | आधारभुत बिधालय | संस्थागत बिद्यालय | जम्मा |
|---|---|---|---|---|---|
| १ | ३ | १ | ४ | | ५ |
| २ | ३ | २ | ३ | | ५ |
| ३ | ५ | २ | २ | | ५ |
| ४ | ४ | १ | २ | १ | ४ |
| ५ | ४ | २ | ६ | | ८ |
| ६ | ६ | ३ | ४ | १ | ७ |
| ७ | ७ | २ | ८ | | १० |
| ८ | ७ | २ | ५ | | ७ |
| **जम्मा** | **३९** | **१५** | **३४** | **२** | **५१** |

श्रोतः गाउँ वस्तुस्थिति विवरण, २०७६

**साक्षरता स्थिति**

गाँउपालिकामा ८० प्रतिशत जनसंख्या साक्षर रहेका छन् । जसमध्ये पुरुष साक्षरता ८४ प्रतिशत र महिला साक्षरता ७५ प्रतिशत रहेको छ। गाउँपालिकामा १३ प्रतिशत अझै निरक्षर रहेका छन् भने ६ वर्ष मुनिको जनसंख्या ७ प्रतिशत रहेको छ।

**शिक्षक संख्या र विद्यालय पहुँच स्थिति**

गाँउपालिका क्षेत्रभित्र रहेका कुल ५१ वटा विद्यालयहरूमा हाल ३११ शिक्षकहरू कार्यरत रहेका छन् । त्यस्तै गरी विद्यालयको पहुँच हेर्दा माध्यमिक विद्यायल सम्म पुग्न लाग्ने औसत समय करिव १ घण्टा, आधारभुत विद्यालय पुग्न करिव ३० मिनेट र वालविकास केन्द्र सम्म पुग्न करिव समय १० मिनेट लाग्ने देखिन्छ । यस गाउँपालिकामा कार्यरत शिक्षक शिक्षक तथा विद्यालय पहुँच सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

तालिका ५: शिक्षक संख्या र विद्यायल पहुँच सम्बन्धी विवरण

| क्र.सं. | शैक्षिक संस्था | शिक्षक संख्या | शैक्षिक संस्था पुग्न लाग्ने समय |
|---|---|---|---|
| १ | माद्यामिक विद्यालय | ५१ | १ घण्टा |
| २ | आधारभुत विद्यालय | २२१ | ३० मिनेट |
| ३ | बाल विकास केन्द्र | ३९ | १० मिनेट |
| | जम्मा | ३११ | |

श्रोतः गाउँ वस्तुस्थिति विवरण, २०७६

**१.१.१२ स्वास्थ्य संस्था तथा सेवामा पहुँच स्थिति**

गाउँपालिका क्षेत्रमा रहेका १० वटा स्वास्थ्य संस्था मध्ये ६ वटा स्वास्थ्य चौकी, २ सामुदायिक स्वास्थ्य इकाई र १ वटा प्राथमिक स्वास्थ्य केन्द्र रहेका छन्। उपरोक्त स्वास्थ्य संस्थाहरूमा कूल ५२ स्वास्थ्यकर्मी कार्यरत रहेको देखिन्छ। स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य क्लिनिक, प्रसुती, परिवार नियोजन तथा खोप सेवा, स्वास्थ्य सूचना, शिक्षा र संचार सेवा उपलब्ध रहेको छ। वडा नम्बर २ को ओखेनी र वडा नम्बर ४ को सामुदायिक स्वास्थ्य इकाई वाहेक ८ वटा स्वास्थ्य संस्थाहरूमा प्रसुती सेवा उपलब्ध रहेको छ।

**१.१.१३ खानेपानी तथा सरसफाई स्थिति**

**खानेपानीको स्थिति**

गाउँपालिका क्षेत्रमा खानेपानीको मुख्य स्रोतमा पाइपलाइनबाट वितरित नीजि धारा रहेको छ । गाउँपालिकाको वस्तुस्थिति विवरण २०७६ अनुसार ६,९९४ घरपरिवार मध्ये सबैभन्दा बढी ३,९८३ वा ५७ प्रतिशत घरपरिवारले पाइपलाइनको पानी प्रयोग गर्दछन । यसैगरी ३६ प्रतिशतले ढुङ्गेधारा वा मूलको पानी प्रयोग गर्दछन भने ५ प्रतिशतले खोला तथा नदीको पानी प्रयोग गर्दछन र बाँकीले अन्य सार्वजनिक श्रोतको पानी उपभोग गर्दछन् । कूल घरपविार मध्ये १९७१ घरपरिवारले मात्र

पानीको शुद्धिकरण गरेर प्रयोग गर्ने गरेको पाइएको छ । खानेपानी सुविधामा पँहुचको हिसाबले हेर्दा ५ मिनेटभन्दा कम समय लाग्ने घरपरिवार ८१.५ प्रतिशत, ५ देखि १५ मिनेट लाग्ने १३.३ प्रतिशत र ३० मिनेट लाग्ने करिब १ प्रतिशत मात्र रहेको देखिन्छ ।

### चर्पी तथा सरसफाईको स्थिति

यस गाँउपालिका कूल घरपरिवार मध्ये ५६.१ प्रतिशत घरपरिवारले फोहोरको व्यवस्थापन गर्दा जलाउने वा जमीनमा गाड्ने, २८ प्रतिशतले फोहोर थुपार्ने ठाउँ वा कन्टेनरमा जम्मा गर्ने र २५.५ ले कम्पोष्ट मल बनाउने र बाँकीले भने सडक, सार्वजनिक स्थल तथा खोलानालामा फाल्ने गरेका छन् । यसैगरी फोहोर पानीको व्यवस्थापन गर्न सेफ्टी ट्यांकीमा जोड्ने घरपरिवार ७.५ प्रतिशत, साधरण खाल्टो खनेर व्यवस्थापन गर्ने १७.३ प्रतिशत, तरकारी तथा करेसाबारीमा व्यवस्थापन गर्ने ५५.१ प्रतिशत, नदी वा खोल्सामा फाल्ने ५.५ प्रतिशत र अव्यवस्थित वा जथाभावी तरिकाले फाल्ने घरपरिवार १४.६ प्रतिशत रहेका छन् । कूल ३१ वटा घरपरिवारको मात्र ढलको व्यवस्थापन गरिएको छ । गाउँपालिकाका ५१.३ प्रतिशतले छुट्टै भान्साको प्रयोग गर्ने गरेको देखिन्छ ।

गाउँपालिकामा बसोवास गर्ने कुल ६,९९४ घरपरिवार मध्ये २१८ घरपरिवारको मात्र घरभित्र चर्पी छ भने ६,६२२ घरपरिवार (९४.७) को घर बाहिर रहेको छ । चर्पी नभएको घरपरिवार १५४ अर्थात २.२ प्रतिशत रहेको छ । कूल घरपरिवार मध्ये ०.५ प्रतिशतले फ्लस भएको सार्वजनिक ढलमा जोडिएको चर्पी प्रयोग गर्दछन् भने ४२.३ प्रतिशतले घरपरिवारले फ्लस भएको सेफ्टी ट्यांकीमा जोडिएको ५३.८ प्रतिशतले साधरण चर्पी, १.४ प्रतिशतले घरपरिवारले सामुदायिक तथा सार्वजनिक चर्पी प्रयोग गर्दछन् ।

## १.२ चालु आ.व.को नीति तथा कार्यक्रमको समीक्षा

### १.२.१ चालु आ.व.मा पारित भएका ऐन, नियम, कार्यविधि, सम्पन्न महत्त्वपूर्ण आयोजना र अध्ययन

संविधान र कानून बमोजिम यस गाउँपालिकाको गाउँ सभा तथा कार्यपालिकाबाट स्वीकृत नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्डको सूची देहायअनुसार रहेका छन् :

### नीति तथा ऐन

- » आर्थिक ऐन (आ.व. २०७४/७५, २०७५/७६, २०७६/७७ र २०७७/७८)
- » विनियोजन ऐन (आ.व. २०७४/७५, २०७५/७६, २०७६/७७ र २०७७/७८)
- » गाउँपालिकाको वैठक संचालन कार्यविधि ऐन, २०७४
- » गाउँ शिक्षा ऐन, २०७४
- » स्वास्थ्य तथा सरसफाई ऐन, २०७५
- » विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५
- » प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन
- » सहकारी ऐन, २०७४

» वातावरण तथा प्राकृतिक श्रोत संरक्षण ऐन, २०७७
» स्थानीय सेवा ऐन, २०७४

**नियमावली**

» न्यायिक समिति गठन नियमावली, २०७४
» सिरानचोक गाउँसभा नियमावली २०७५

**कार्यविधि तथा निर्देशिका**

» स्थानीय शिक्षा संचालन तथा व्यवस्थापन कार्यविधी, २०७४
» घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७४
» उपभोक्ता समिति संचालन निर्देशिका, २०७४
» आधारभूत परीक्षा संचालन तथा व्यवस्थापन कार्यविधि, २०७४
» आधारभूत तह परिक्षा संचालन गठन, २०७४
» शिक्षक नियुक्ति निर्देशिका, २०७४
» जेष्ठ नागरिक परिचयपत्र निर्देशिका, २०७४
» प्राकृतिक श्रोत व्यवस्थापन कार्यविधि, २०७४
» पदाधिकारी एवं कर्मचारी सेवा सुविधा निर्देशिका, २०७५
» निजी आवास पुननिर्माण निर्देशिका, २०७५
» वालवालिकाको अधिकार संरक्षण सम्वन्धी कार्यविधि, २०७५
» अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि, २०७५
» विद्यालय शिक्षक दरवन्दि कार्यविधि, २०७६
» प्रधानाध्यापक र सहायक प्रधानाध्यापक ब्यवस्थापन कार्यविधि २०७६
» टोल विकास संस्था संचालन कार्यविधि, २०७६
» विपद् व्यवस्थापन कोष संचालन कार्यविधि, २०७६
» मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि २०७६
» आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६
» समपुरक कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७५
» लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यविधी २०७६
» सार्वजनिक सुनुवाई कार्यविधी २०७६
» कृषि शाखावाट हुने कार्यक्रम कार्यान्वयन कार्यविधी २०७६

- » पशुसेवा शाखावाट हुने कार्यक्रम कार्यान्वयन कार्यविधी, २०७६
- » सिरानचोक गाउँपालिकीको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७६
- » गैर सरकारी संस्था समन्वय, परिचालन तथा अनुगमन सम्वन्धी निर्देशिका, २०७६
- » प्राविधिक समिति गठन कार्यविधी, २०७५
- » सिरानचोक गाउँपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७
- » सिरानचोक गाउँपालिकावाट गरिने बजार अनुगमन निर्देशिका, २०७७
- » सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि,२०७७
- » संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७

**मापदण्ड**

- » भवन निर्माण तथा नक्सा पास मापदण्ड, २०७५
- » आर्थिक सहायता तथा अनुदान वजेट खर्च मापदण्ड, २०७६
- » पूर्वाधार योजनामा खर्च गर्ने रकम वजेट मापदण्ड, २०७६
- » भैपरी योजनामा खर्चगर्ने रकम वजेट मापदण्ड, २०७६
- » सडक मर्मत तथा सरसफाई वजेट मापदण्ड २०७६
- » समपुरक कोष वजेट खर्च मापदण्ड २०७६

चालु आर्थिक बर्षमा सम्पन्न भएका महत्वपूर्ण आयोजना तथा कार्यक्रमहरू देहायअनुसार प्रस्तुत गरिएको छ ।

- » सिरानचोक चक्रपथ सडक आयोजना
- » वडा केन्द्र जोड्ने सडक स्तरोन्नति आयोजना
- » द्रव्यशाह मार्ग (हर्मी देखी चित्रेपोखरी बलेखु सम्म) सडक आयोजना (१३ कि.मि.)
- » मनास्लु मार्ग (चोरकाटे देखी भालुमारे) सडक आयोजना (१० कि.मि.)
- » विद्यालय भौतिक पूर्वाधार पुनःनिर्माण आयोजना
- » लप्से भँगेर सिम्ले खानेपानी आयोजना, वडा नं. ७ (२४९ घरपरिवार)
- » अम्फेखोाला लाङदी खानेपानी आयोजना, वडा नं. ८ (७४ घरपरिवार)
- » आधारभूत स्वास्थ्य सेवा खोप केन्द्र निर्माण आयोजना (७ वटा)
- » ११ किलो देखि वारपाक सडक कालोपत्रे (फोलुङ्गेडाँडा देखि अर्कुल सम्म)
- » गोपालेडाँडा देखि जौवारी सम्मको कालोपत्रे (४.३ कि.मि)

चालु आर्थिक वर्ष २०७६/७७ मा स्थानीय शासन, विकास तथा सेवा प्रवाहसँग सम्बन्धित अध्ययन तथा अनुसन्धान देहायअनुसार रहेका छन्ः

- » स्थानीय सरकार संस्थागत स्वमूल्याङ्कन (Local Government Institutional Self -Assessment)
- » लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण
- » गाउँपालिकाको राजस्व सुधार कार्ययोजना
- » गाउँपालिकाको वस्तुस्थिति विवरण
- » व्यवसाय कर सुधार कार्ययोजना, २०७७

### १.२.२ सङ्घ, प्रदेश तथा अन्य निकायहरूसँग भएका समन्वय, समझदारीहरू तथा तिनका उपलब्धिहरू

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय समेत विभिन्न मन्त्रालय, विभागसँग अन्तर सरकार समन्वय, वित्तीय संघीयता तथा राजस्व अधिकार, कानून निर्माण, सेवा प्रवाह र विकास निर्माण जस्ता विषयमा परामर्श तथा समन्वय वैठक आयोजना गरिएको छ । नेपाल सरकारका निकायबाट आयोजना गरिएका वैठन तथा कार्यशाला गोष्ठीमा गाउँपालिकाबाट सक्रिय रुपमा सहभागि भई सेवा प्रवाह र विकास निर्माण विशेष गरी ऐतिहासिक र पर्यटकीय पूर्वाधारको विकास, अस्पताल निर्माण, सडक तथा पुल जस्ता पूर्वाधारको प्रभावकारी व्यवस्थापन सम्बन्धमा गाउँपालिकाको धारणा प्रस्तुत गरिएको छ ।

यसैगरी गण्डकी प्रदेश सरकार र विकास साझेदार निकायहरूसँग पूर्वाधार विकास, पुननिर्माण, योजना तर्जुमा, सुशासन तथा क्षमता विकास सम्बन्धमा समन्वय र परामर्श वैठक संचालन गरी स्रोत साधन परिचालन र विकास आयोजना संचालनमा सहजीकरण गरिएको छ ।

### १.२.३ कुल राजस्व अनुमान, आन्तरिक आयको अनुमान र समीक्षा अवधिसम्म भएको प्रगति/उपलब्धिहरू

यस गाउँपालिकाको चालु आ.व. २०७६/७७ को कूल राजस्व अनुमान रु. ६१,००,६८,८२८ रहेको छ भने सो अनुमान मध्ये आन्तरिक आय रु. १,८२,४२,२०५ रहेको छ । जुन कूल राजस्वको २.९९ प्रतिशत रहेको छ । कूल राजस्व अनुमान मध्ये चालु आ.व.को जेठ मसान्तसम्म आन्तरिक आयबाट रु. ३६,७९,३०३, राजस्व बाडफाँटबाट रु. ५,३६,०६,७८७ अन्तर सरकारी वित्त हस्तान्तरणबाट रु. ४०,२८,३६,९७८ र अन्य स्रोतबाट रु. ८,६९,५७८ प्राप्त भएको छ । कोभिड १९ को महाव्याधी र सोको कारणबाट भएको बन्दाबन्दीको असरको कारण चालु आ.व.मा राजस्वको प्राप्तको अनुपात न्यून रहेको छ । यस सम्बन्धी विवरण देहायअनुसार तालिकामा प्रस्तुत छः

### १.२.३ कूल राजस्व अनुमान, आन्तरिक आयको अनुमान र समीक्षा अवधिसम्मको प्रगति

| राजश्व संकेत | राजस्व शीर्षक | आ.ब. २०७५/७६ यथार्थ | आ.ब. २०७६/७७ बजेट | आ.ब. २०७६/७७ यथार्थ |
|---|---|---|---|---|
| **क** | **आन्तरिक आय** | **३७,२४,६०३** | **४६,१६,८२८** | **१,३९,७५,२०५** |
| **क.१** | **कर राजश्व** | ५,५६,१०० | ५,२०,००० | १,८,१४,०७७ |
| ११३१३ | सम्पति कर | ० | ५,००,००० | १७,५६,८६७ |

| राजश्व संकेत | राजस्व शीर्षक | आ.ब. २०७५/७६ यथार्थ | आ.ब. २०७६/७७ बजेट | आ.ब. २०७६/७७ यथार्थ |
|---|---|---|---|---|
| ११३१४ | मालपोत (भूमि कर) | ५,२७,४९७ | ० | ० |
| ११३२१ | घर जग्गा बहाल कर | २८,६०३ | २०,००० | ५७,२१० |
| ११४७२ | विज्ञापन कर | ० | ० | ० |
| **क.२** | **गैर कर राजश्व** | **३१,६८,५०३** | **४०,९६,८२८** | **१,२१,६१,१२८** |
| १४२१३ | अन्य विक्रीबाट प्राप्त (प्राकृतिक एवं खानीजन्य वस्तु) | - | | ८४,००,००० |
| ११३२२ | बहाल विटौरी शुल्क | - | ० | ० |
| १४२४२ | नक्सा पास दस्तुर | - | | २,२५,००० |
| १४२५३ | व्यवसाय दर्ता/नवीकरण शुल्क | ५,७१,३४७ | | ५,००,००० |
| १४२४३ | सिफारिस दस्तुर | ९,४७,४९९ | | २०,००,००० |
| १४२४५ | प्रमाणित दस्तुर | | | |
| १४२४९ | अन्य दस्तुर | १३,०९,४४९ | | १,५५,००० |
| १४२४४ | व्यक्तिगत घटना दर्ता विलम्व शुल्क | १,४९,३४५ | ५,००,००० | ११,५५० |
| १४१९१ | पर्यटन शुल्क | - | १,९६,८२८ | |
| १४२१९ | अन्य सेवा शुल्क | - | | |
| १४५२९ | अन्य क्षेत्रको आय | १,९०,८६३ | ३४,००,००० | ८,६९,५७८ |
| **ख.** | **राजस्व बाँडफाँट** | **०** | **०** | **७,७२,२१,०००** |
| ख.१ | नेपाल सरकार | | | ७,३९,००,००० |
| ख.२ | प्रदेश सरकार | | | ३३,२१,००० |
| **ग.** | **रोयल्टीबाट प्राप्त रकम** | ० | ० | ० |
| **घ.** | **अन्तर सरकारी वित्त हस्तान्तरण** | ० | ० | ३९,७६,३३,००० |
| घ.१ | समानीकरण अनुदान | | | १४,६८,८९,००० |
| घ.२ | ससर्त अनुदान | | | २५,०७,४४,००० |
| **ङ** | **जनसहभागिता तथा अन्य** | ० | ० | ० |
| | **कूल राजस्व (क+ख+ग+घ+ङ)** | **३७,२४,६०३** | **४६,१६,८२८** | **४८,८८,२९,२०५** |

## १.२.४ कुल विनियोजित बजेट र समीक्षा अवधिसम्मको खर्च स्थिति

चालु आ.व. २०७६/७७ को कूल विनियोजित बजेट रु. ६९,२९,९३,४०८ मध्ये पुजिगत र चालु खर्चको विनियोजन प्रतिशत क्रमशः ३७.८२ र ६२.१८ रहेको छ। कुल विनियोजित रकम मध्ये जेठ मसान्तसम्मको खर्चको ५२.९७ प्रतिशत रहेको छ।

| बजेट शीर्षक | विवरण | विनियोजन रकम | खर्च रकम | प्रतिशत |
|---|---|---|---|---|
| | पुँजिगत खर्च | | ६,४६,९२,२३९ | २८.७५ |
| | चालु खर्च | | २५,८५,११,८७१ | ६८.१४ |
| | **कूल जम्मा** | ६९,२९,९३,४०८ | ३२,३२,०४,१११ | ५२.०० |

## १.२.५ विषयगत क्षेत्र/उपक्षेत्र अनुसार विनियोजित बजेट र समीक्षा अवधिसम्मको खर्च स्थिति

चालु आ.व. २०७६/७७ को कूल विनियोजित बजेट रु. ६९,२९,९३,४०८ आर्थिक, सामाजिक, पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन, सुशासन र अन्तरसम्बन्धित विषय क्षेत्र र कार्यालय संचालन तथा प्रशासनिक क्षेत्रको जेठ मसान्त सम्मका खर्च क्रमशः १६.३, ७७.७, २५.५, २५.५, ३९.३ प्रतिशत रहेको छ।

रकम रु. हजारमा

| सिं.नं. | क्षेत्र/उपक्षेत्र | विनियोजन रकम | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| **१.** | **आर्थिक विकास** | **४०,६८१** | **६,६१५** | **१६.२६** |
| १.१ | कृषि | ११,७९१ | ३,५०३ | २९.७१ |
| १.२ | पर्यटन | ८,५७० | २,४३३ | २८.३९ |
| १.३ | जलश्रोत तथा सिंचाई | १६,२०० | ४५ | ०.२८ |
| १.४ | पशुपंक्षी विकास | ४,१२० | ६३४ | १५.३९ |
| **२.** | **सामाजिक विकास** | **३,०२,०६६** | **२,३४,५९८** | **७७.६६** |
| २.१ | शिक्षा | २,१९,४०५ | १९,६८१९ | ८९.७१ |
| २.२ | जनस्वास्थ्य | ४४,१५३ | २९,४४८ | ६६.७० |
| २.३ | खानेपानी तथा सरसफाई | १६,८२५ | १,९३१ | ११.४८ |
| २.४ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | १०,५९२ | २,०७४ | १९.५८ |
| २.५ | युवा तथा खेलकुद | ३,३२० | १,८२० | ५४.८२ |
| २.६ | भाषा तथा संस्कृति संरक्षण | ५,४५० | १,०४५ | १९.१७ |
| २.७ | सामाजिक सुरक्षा र संरक्षण | २,३२१ | १,४६१ | ६२.९५ |
| **३.** | **पूर्वाधार विकास** | **१,३९,३९२** | **३५,५४२** | **२५.५०** |
| ३.१ | भवन, आवास र शहरी विकास | ३६,४९९ | १०,४५६ | २८.६५ |
| ३.२ | सडक तथा यातायात | ९४,५२८ | २३,७२३ | २५.१० |
| ३.३ | विद्युत तथा वैकल्पिक उर्जा | ८,३६५ | १,३६३ | १६.२९ |

| सिं.नं. | क्षेत्र/उपक्षेत्र | विनियोजन रकम | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ४. | **वातावरण तथा विवद् व्यवस्थापन** | ७,६०० | २,०४७ | २६.९३ |
| ४.१ | वातावरण संरक्षण तथा जलवायु उत्थानशिलता | ४,९०० | ० | ०.०० |
| ४.२ | विपद् व्यवस्थापन | २,७०० | २,०४७ | ७५.८१ |
| ५. | **सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र** | २०,०५२ | ५,०४६ | २५.१६ |
| ५.१ | मानव संशाधन विकास | १४,१८८ | ३,१३९ | २२.१२ |
| ५.२ | कानून तथा न्याय | १,५५० | ५१५ | ३३.२३ |
| ५.३ | श्रम तथा रोजगारी | ३,०४४ | ५४३ | १७.८४ |
| ५.४ | सुशासन | १,१५० | ७३९ | ६४.२६ |
| ५.५ | अनुगमन तथा मूल्याकंन | १२० | ११० | ९१.६७ |
| ६. | **कार्यालय संचालन तथा प्रशासन** | १,००,२७७ | ३९,३५६ | ३९.२५ |
| ६.१ | कार्यालय संचालन तथा प्रशासनिक खर्च | ६,१०,०६८ | ३,२३,२०४ | ५२.९८ |

### १.२.६ समीक्षा अवधिसम्म हासिल मुख्य उपलब्धिहरू

चालु आ.व.को वैशाख मसान्तसम्मको हासिल विषय क्षेत्र अनुसार हासिल उपलब्धीहरूको संक्षिप्त विवरण देहायअनुसार रहेको छ :

**क. आर्थिक विकास क्षेत्र**

**१. कृषि विकास तथा खाद्य सुरक्षा तर्फ**

वडा नम्बर ३, ४, ५, ६, ७ र ८ मा १/१ वटा गरी १० वटा कृषि फर्महरूलाई अनुदान उपलब्ध गराईएको छ भने वडा नं २, ४ र ५ मा १/१ गरी ३ वटा वहुउद्देश्यीय नर्सरी स्थापना गरी संचालन गरिएका छन् । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (PMMP) र कृषी ज्ञान केन्द्रको सहयोगमा १५ वटा साना सिंचाई कार्यक्रम संचालन गरिएको छ । यसैगरी २५ वटा गोला सहितको मौरी घार वितरण गरी हाल १२२ घरपरिवारले व्यवसायिक मौरीपालन शुरु गरेका छन् । कागति, कफि, अलैची तथा महको व्यवसायिक व्यवसायिक उत्पादन गर्ने ११५ जना किसानहरूलाई उत्पादनमा आधारित अनुदान उपलब्ध गाराईएको छ । गाउँपालिका क्षेत्र भित्र प्रधानमन्त्री कृषि आधुनिकीकरण ४८ वटा मिनिट्रिलर वितरण गरिएको छ भने १०० थान प्लास्टिक टनेल र ८० वटा प्लाष्टिक क्रेट वितरण गरिएको छ। गाउँपालिकाको ३ स्थानमा कृषि पाठशाला संचालन गरिएको छ । यस आ.व.मा स्थानीय तहमा संचालनमा हुने कृषि कार्यक्रम संचालन कार्यविधि २०७६ निर्माण गरिएको छ ।

गाउँपालिका क्षेत्रका ११५ घरपरिवारमा घरवगैचा संचालन गर्न ७,००० वटा फलफूल विरुवा

तथा प्राविधिक सहयोग प्रदान गरिएको छ । सबै वडाका ६८ जना कृषकहरूलाई तरकारी, फलफूल तथा मसला बाली विकास र संरक्षण सम्बन्धी तालिम तथा बिउबीजन वितरण गरिएको छ । गाउँपालिकामा ५ परिवारले व्यवसायिक माछापालन र १२२ घरपरिवारले व्यवसायिक मौरीपालनमा संलग्न रहेका छन् । वडा नं. ४ को चोरकाटेमा हाटबजार संचालन गरिएको छ । यस गाउँपालिकामा आफ्नो उत्पादनले ९ देखी १२ महिना खान पुग्ने परिवार १८ प्रतिशत रहेका छन् र उत्पादन बचत गरी वेचविखन समेत गर्ने परिवार ३ प्रतिशत रहेका छन् । कूल ११ वटा व्यवसायिक कृषि फार्म संचालन रहेको उक्त व्यवसायिक फर्ममा १८५ जना कृषक संलग्न रहेका छन् । गाउँपालिकामा १ वटा एग्रोभेट संचालनमा रहेको छ भने एक गाउँ एक कृषि प्राविधिक अन्तर्गत करार सेवामा २ जना नायव प्राविधिक सहायक (ना.प्र.स.) मार्फत प्राविधिक सेवा प्रवाह गरिदै आएको छ । हरेक वडामा १ वटा कृषि सहकारी स्थापना भई क्रियाशिल हुँदै गरेको अवस्था छ ।

## २. सिंचाई तर्फ

मल्लटार, महटार, फिनामटार, साँधीखोला, लप्सेफाँट सिंचाई आयोजना गरी हाल ५ वटा सिंचाई आयोजना संचालनमा रहेका छन् । उपरोक्त आयोजना लगायत अन्य साना सिंचाई आयोजनाबाट २० हेक्टर क्षेत्रफलमा सिंचाई सुविधा उपलब्ध रहेको छ ।

## ३. पशु विकास तर्फ

यस गाउँपालिकामा ८ वटा वडाहरूमा पशु बिमा कार्यक्रम लागु भएको छ र जसबाट ३०० कृषकहरू लाभान्वित भएका छन् । गाउँपालिकाबाट मासु, अण्डा, दुधको उत्पादनमा आधारित अनुदान वितरण गरिएको र सो बाट ३४ परिवार लाभान्वित रहेका छन् । सवै वडामा पशु उपचार सेवा उपलब्ध भएको छ भने सबै वडाहरूमा पशु स्वास्थ्यको अनुगमन अभ्यास गरिएको छ । गाउँपालिकाको वडा नं. ६, ७ र ८ मा पशु स्वास्थ्य शिविर संचालन गरिएको र ३० जना कृषकहरूका लागि विभिन्न प्राविधिक र व्यवसायिक तालिम तथा कृषक भ्रमण संचालन गरिएको र सोबाट १२० जना भन्दा बढी कृषकहरू लाभान्वित भएका छन् । जै वसिम भेच डाले भुइघाँस घाँसका विउविजन वितरण २५० रोपनी क्षेत्रमा घाँसको उत्पादन शुरु गरिएको छ ।

## ४. पर्यटन विकास तथा उद्योग

ऐतिहासिक सिरानचोक क्षेत्र, भालेढुंगा पार्क, अमरसिंह पार्क, नेपाल एकीकरण पार्क (गाग्रेडाँडा) को पर्यटन डिपिआर तयार गरी ऐतिहासिक कोट दरबार निर्माण, टुडीखेल र पोखरी मर्मत संभार समेत पर्यटन पूर्वाधारको लागी विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरिएको छ । यसका साथै गाउँपालिका क्षेत्रको पर्यटकीय, साँस्कृतिक र ऐतिहासिक महत्वका श्रीनाथ कोट र नाथ मण्डली र जोगि गुफा क्षेत्र लगायतका स्थानको संरक्षण र प्रवर्द्धन कार्य शुरुवात गरिएको छ । सिरानचोक लगायत गाउँपालिकाको पर्यटकीय, सास्कृतिक, ऐतिहासिक तथा पर्यटकीय स्थल निर्माणको निम्ति गोरखा जिल्ला स्थित रहेको रणसिंह दल गणको सहयोगमा सिरानचोक कोटलाई तारजालीवाट घेरवार गरिनुको साथै नियमित रुपमा सरसफाई गरिदै आएको छ ।

गाउँपालिकाको चोरकाटे स्थानमा औद्योगिक ग्रामको स्थापनाको कार्य संघिय सरकार र गण्डकी प्रदेश सरकारको सहयोगमा प्रारम्भ गरिएको छ।

## ५. सहकारी तथा वित्तीय सेवा

यस गाउँपालिकामा ३ वटा बैंक तथा वित्तीय संस्थाको शाखा स्थापना गरी वित्तीय सेवा सुचारु गरिएको छ। गाउँपालिकामा रहेका २६ वटा सहकारी संस्था अभिलेख तयार गरी वित्तीय सेवा, उत्पादन र स्थानीय उत्पादनको बजारीकरण र कृषि तथा पशु सेवाको आवश्यक सामाग्री आपूर्ती व्यवस्थामा परिचालन गरिएको छ।

## ख. सामाजिक विकास क्षेत्र

## १. शैक्षिक विकास

स्थानीयता झल्कने गरी प्राथमिक तहको सामाजिक अध्ययन बिषयको स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा रहेको जसबाट बालबालिकाहरूमा आफ्नो गाउँपालिकाको रहनसहन, चालचलन, रीतिरिवाज, प्राकृतिक तथा सांस्कृतिक सम्पदा, भूगोल लगायत संस्कारका कुरा सिक्ने अवसर प्राप्त गर्नेछन्। अति बिपन्न तथा अभिभावक बिहिन बालबालिकाको लागि आवासीय छात्रावास संचालनको कार्यबिधि तयार गरी तथ्यांक संकलन तथा आवास निर्माण कार्य सुरु गरिएको छ। बिद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूद्वारा शैक्षिक बर्ष २०७६ लाई कक्षा १ सुधार बर्ष घोषणा गरी आवश्यक कार्ययोजना निर्माण गरी कार्यान्वयनमा ल्याईएको छ। ४४ वटा बिद्यालयमा नमुना बाल बिकास केन्द्र बनाई सोको व्यवस्थापन कार्य प्रारम्भ गरिएको छ।

गाउँपालिकामा गणित र अंग्रेजी बिषयको सिकाई उपलब्धी बढाउनको लागि गणित र अंग्रेजी बिषयगत समिति गठन गरी सिकाई उपलब्धि बढाउने सम्बन्धी कार्यहरू अगाडी बढाइएको छ। यस गाउँपालिका अन्तर्गतका बिद्यालयमा हुने रिक्त दरवन्दीको शिक्षक पदपूर्तिको लागि शिक्षक बैंक तयार गरी बैंकबाट सहज रुपमा शिक्षक पदपूर्तिको व्यवस्था मिलाईएको छ। गाउँपालिका अन्तर्गतका ३२ बिद्यालयमा भवन निर्माण कार्य अन्तिम चरणमा रहेको छ। गाउँ शिक्षा समितिद्वारा बिद्यालयको अनुगमन निरीक्षण गरी पृष्ठपोषण प्रदान गर्ने कार्य भईरहेको छ। बिद्यालय सरसफाई तथा स्वच्छताको लागि विद्यालय फूलबारी र वगैचा निर्माण गरी स्वच्छता र कृषि सम्बन्धी अभ्यासको कार्य संचालन गरिएको छ। अध्यापन र अध्ययन कार्यलाई सूचना प्रविधिमा आारित बनाउन गाउँपालिकाको १५ वटा विद्यालयमा इन्टरनेटको सुविधा उपलब्ध गराइएको छ। गाउँपालिका स्तरीय आधारभूत तह संचालन भएका विद्यालय सहभागी विद्यार्थिलाई कक्षा ३ र ५ को सिकाई उपल्ब्धी परीक्षा संचालन गरिएको थियो। शिक्षा तथा खेलकुदको क्षेत्रमा गाउँपालिकाले विगत २ आर्थिक वर्षमा गरेका सफलतापूर्वक सम्पन्न गरेका प्रमुख कार्यहरू देहायअनुसार रहेका छन्।

**गाउँपालिका अध्यक्ष शैक्षिक सुधार कार्यक्रम अन्तर्गत सम्पादित कार्यहरू**

**आ. व. २०७५/०७६**

» गाउँपालिका स्तरीय विद्यालय खेलकुद,
» अतिरिक्त क्रियाकलाप शिक्षक तालिम,
» जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्डमा प्रथम स्थान हासिल (विजेता),
» निरन्तर विद्याथी मूल्याङ्कन तालिम
» कक्षा ३, ५, ८ र १० (SEE) को नतिजा विश्लेषण,
» शिक्षक दरवन्दी मिलान समितिको समिति गठन र प्रतिवेदन,
» गाउँपालिका स्तरीय परीक्षा सञ्चालन,
» गाउँपालिका स्तरीय प्रा.वि. खेलकुद सम्पन्न,
» प्रधानाध्यापक वैठक संचालन र योजना निर्माण

**आ.व. २०७६/७७**

» गाउँपालिका स्तरीय दोस्रो राष्ट्रपति रनिङ्ग शिल्ड सम्पन्न,
» शिक्षक दरवन्दी मिलानको पहिलो चरण कार्य सम्पन्न,
» शैक्षिक बुलेटिन प्रकाशन,
» स्वअध्ययन सामग्री वितरण,
» गाउँपालिका स्तरीय परीक्षा सञ्चालन,
» कक्षा ३, ५, ८ र १० को नतिजा विश्लेषण,
» विद्यालय सुधार योजना (SIP) निर्माण अभिमूखीकरण,
» स्थानीय पाठ्यक्रम निर्माण समिति गठन र कार्यारम्भ र
» कक्षा १ को एकिकृत पाठ्यक्रम प्रविधिकरण तालिम सम्पन्न ।

## २. स्वास्थ्य तर्फ

गाउँपालिका क्षेत्रका ७ वटा स्वास्थ्य चौकीहरूको बर्थिङ्ग सेन्टर संचालन भएको उक्त वर्थिङ सेन्टरको लागि चाहिने आवश्यक औजार उपकरणको व्यवस्था गरिएको छ। ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम अन्तर्गत ८ वटै वडाका गर्भवती महिलाहरूलाई मोबाइल भिडियो एक्स रे बाट गर्भ जाँचको व्यवस्था मिलाउन एक Portable Video X-Ray USG Machine खरिद गरिएको र तालिम पश्चात गर्भ जाँच सेवा सुचारु गरिएको छ। यसै आ.व.मा वडा नं. ८ को जौबारीमा १५ वेडको अस्पताल स्थापना कार्य प्रारम्भ गरिएको छ। गाउँपालिकामा कार्यरत महिला स्वास्थ्य स्वयंसेबिकालाई मासिक रु. १००० का दरले बार्षिक रु. १२००० प्रदान गरिएको छ।

गाउँपालिकाको १० वटै स्वास्थ्य संस्थाहरूको लागि प्रर्याप्त मात्रामा औषधी उपकरण वितरण गरिएको छ। यसैगरी गाउँपालिकाको ८ वटै वडाको वडा केन्द्रहरूमा आँखा जाँच तथा मोती विन्दु अपरेशन शिविर, एकिकृत स्वास्थ्य शिविर संचालन गरिएको छ। साथै मुख तथा दाँत सम्बन्धी, दिर्घ श्वासप्रश्वास सम्वन्धी निशुल्क स्वास्थ्य शिविर सम्पन्न गरिएको छ। पोषण

प्रर्वद्धन कार्यक्रम अन्तर्गत नियमित खोपको मात्रा पुरा गरेको २४ पटक अनुगमन गरेको साथै नियमानुसार वालभिटा खुवाएको वच्चालाई प्रोत्साहन रु. ४००/ वरावरको पोषण प्याकेज उपलब्ध गराइएको छ। गाउँपालिकामा सेवारत ६४ जना महिला स्वास्थ्य स्वयं सेविकाहरूलाई मासिक वैठक तथ यातायात खर्च स्वरुप रु. १००० का दरले रकम उपलब्ध गराइएको र यसलाई अगामी बर्षहरूमा समेत निरन्तरता दिइनेछ।

## ३. खानेपानी तथा सरसफाई

खानेपानी तथा सरसफाई तर्फ चालु आर्थिक बर्षमा ३ वटा साना ठूला खानेपानी आयोजनाहरू संचालनमा रहेकोमा १ वटा लिफ्ट खानेपानी आयोजना समेत क्रमागत रुपमा संचालनमा रहेका छन्। साथै एक घर एक धारा कार्यक्रमबाट लगभग ६५ प्रतिशत घरधुरीको जनसंख्या लाभान्वित भईसकेका छन्। गाउँपालिकालाई पूर्ण सरसफाईयुक्त टोल घोषण गरिएको छ। जसअन्तर्गत हाससम्म ५५ वटा टोललाई पूर्ण सरसफाईयुक्त टोलको रुपमा स्वच्छता सम्बन्धी तालिम प्रदान गरिएको छ।

## ४. महिला बालवालिका तथा जेष्ठ नागरिक

यस गाउँपालिकामा हालसम्म ३७८ अपांगता परिचय पत्र र २०१९ जेष्ठ नागरिक परिचय पत्र वितरण गरिएको छ। आमा समूहको अगुवाईमा गाउँपालिका क्षेत्रको चेतनामुलक तथा क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सम्पन्न भएका छन्। महिला समूहमा आवद्ध ३३२८ सदस्यहरू ७ वटा महिला सहकारी संस्थामा आवद्ध भई आयमूलक कार्यक्रममा सहभागि भएका छन्। हालसम्म ८ वटा वाल क्लब गठन भई बाल विकास सम्बन्धी कार्यमा क्रियाशिल रहेका छन्।

## ५. युवा तथा खेलकुद

खेलकुद तर्फ चालु आर्थिक वर्षमा २ वटा खेलमैदान निर्माण कार्य सम्पन्न भएका छन् भने १६ वटा युवा क्लब गठन भई खेलकुद तथा युवा विकास सम्बन्धी कार्यक्रम संचालन गरिएको छ। गाउँपालिका स्तरीय दोस्रो राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा १५ वटै माद्यामिक विद्यालयहरू सहभागि रहेका थिए। यसका साथै सिरानचोक गाउँपालिकाले जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता आयोजना गरेको र उक्त प्रतियोगितामा सिरानचोक गाउँपालिका प्रथम भएको थियो।

## ६. संस्कृति प्रवर्द्धन

संस्कृति प्रवर्द्धन तर्फ चालु आर्थिक वर्षमा ३ वटा आयोजनाहरू संचालन तथा सम्पन्न भएका छन् र ऐतिहासिक सिरानचोक दरवार पुनरुत्थान आयोजना र संग्राहालय निर्माण कार्य समेत अन्तिम अवस्थामा आई पुगेको छ। विभिन्न जातजातिहरूको भाषा, धर्म, सस्कृर्ति प्रवद्धनमा विभिन्न वडामा कार्यक्रम संचालन गरेको छ।

## ग. भौतिक पूर्वाधार विकास

### १. सडक तथा यातायात

यस आर्थिक बर्षमा गाउँपालिकाको चक्रपथ निर्माणको लागि अध्ययन र विस्तृत परियोजना प्रस्ताव तयारी गरी निर्माण कार्यको शुरुवात गरिएको छ। यस आर्थिक वर्षको समेत हालसम्म २४ कि.मि. सडक पक्की, ६० कि.मि. व्यवस्थित रुपमा ग्राभेल र २२५ कि.मि. नयाँ सडकको ट्र्याक खोलिएको छ। चालु आ.व.मा करिब ६० कि.मि. सडकको आकस्मिक र नियमित मर्मत संभार गरिएको छ। यसैगरी ३० कि.मि. सडकको स्तरोन्नति गरी सार्वजनिक यातायात सूचारु गरिएको छ। यसैगरी ३ स्थानमा मोटरेबल पुल/कल्भर्ट/कजवे र १६ स्थानमा झोलुङ्गे पुल निर्माण भएको छ।

### २. पुनर्निर्माण कार्यक्रम

हालसम्म ४९५९ लाभग्राहीलाई तिनै किस्ता वापतको रकम उपलब्ध गराइएको, ६,०८१ लाभग्राहीलाई दोस्रो किस्ता वापतको रकम र ६,००४ लाभग्राहीलाई पहिलो किस्ता वापतको रकम उपलब्ध गराइएको छ। गाउँपालिका भित्रका ५०० जनालाई राष्ट्रिय पुनर्निमाण प्राधिकरण कार्यालयबाट सिकर्मी डकर्मी तालिम उपलब्ध गराईएको छ।

### ३. आवास, भवन तथा सार्वजनिक निर्माण

चालु आ.व.मा वडा कार्यालय भवनको निर्माणको योजनाको संभाव्यता अध्ययन गरिएको छ। महाभूकम्प २०७२ पश्चात पुनःनिर्माण कार्यक्रम अन्तर्गत यस आ.व. जेठ मसान्त सम्ममा ६०८१ वटा नीजि आवास घरको निर्माण सम्पन्न भएका छन्।

## घ. वातावरण तथा विपद् व्यवस्थापन

### १. वन तथा भूसंरक्षण

गाउँपालिकाको खुला क्षेत्र, सडकको दायाबाँया गरी १,२०० वटा विभिन्न प्रजातीको वोटविरुवाका वृक्षरोपण गरिएको छ। विभिन्न ६ स्थानमा गल्छी नियन्त्रण, पहिरो नियन्त्रण तथा तटबन्ध निर्माण सम्बन्धी कार्य संचालन गरिएको छ।

### २. वावावरण र फोहोरमैला व्यवस्थापन

यस गाउँपालिकाले स्थानीय वातावरण तथा प्राकृतिक श्रोत संरक्षण विधेयक र सो अनुसार संक्षिप्त तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधिको मस्यौदा तयार गरिएको छ। चालु आ.व.मा केही आयोजना तथा कार्यक्रमको वातावरणीय अध्ययन गरी आयोजनाहरूको कार्यान्वयन र सो अनुसार वातावरण संरक्षणका कार्यहरू संचालन गरिएका छन्। फोहोरमैला व्यवस्थापनका लागि सार्वजनिक स्थान, हिड्ने बाटोमा फोहोर संकलन विन तथा पिटको व्यवस्था गरिएकोछ।

### ३. विपद् व्यवस्थापन

विश्वव्यापी महामारी रुपमा फैलिएको कोभिड १९ को महामारीको रोकथाम, नियन्त्रण, परीक्षण र उपचार क्रममा २१ वटा क्वारेण्टाइनको व्यवस्थापन गरिएको छ। कोभिड १९ को महामारी र सोको नियन्त्रणको लागि गरिएको बन्दाबन्दीको समयमा ४९१ विपन्न र अति गरिब परिवारलाई

राहत उपलब्ध गराईएको र ९ जनाको उपचारको लागि यातायात सुविधा गराइएको छ। कोभिड १९ सम्बन्धी सचेतना, रोकथाम र राहत तथा उद्धारका लागि १५२ कोरोना प्रतिकार्य समूह निर्माण गरी परिचालन गरिएको छ। विकास साझेदार संस्थाहरू संगको सहकार्यमा वडा स्तर सम्म WDMC रहेको तथा CADRED र LDRT गठन भएको छ।

### ङ. सुशासन तथा संस्थागत विकास

स्थानीय सरकारको रुपमा स्थापित गाउँपालिकाको शासन प्रणालीको सुदृढीकरण र सेवा प्रवाहको दक्षतामा सुधार गर्न स्थानीय सरकारको संस्थागत स्वमूल्याङ्कन गरिएको छ। सो अनुसार क्षमता विकास कार्यहरू संचालन गरिएका छन्। संवैधानिक जिम्मेवारी अनुसार एकल अधिकारका १२ विषयमा र साझा अधिकारका २८ विषयमा नीति, ऐन, नियम र कार्यविधि, निर्देशिका र मापदण्ड तयार गरिएका छन्। यसैगरी विकास आयोजना तथा कार्यक्रमलाई लक्षित क्षेत्र तथा वर्गमा केन्द्रित गरी व्यवस्थित रुपमा संचालन गर्न भौगोलिक सूचना प्रणाली (GIS) मा आधारित श्रोत नक्शा तयार गरिएको छ। कोभिड १९ को महाव्याधि र सोबाट सिर्जित बन्दाबन्दी र प्रभावको बाबजुद चा.लु आ.व.को जेठ मसान्तसम्म रु. ३६ लाख ७९ हजार आन्तरिक आय संकलन भएको र अन्तर सरकारी वित्त हस्तान्तरणबाट रु. ३२,३२,०४,१११ परिचालन भएको छ। विकास साझेदार र गैससबाट यस गाउँपालिलकामा सो अवधिमा करिब १ करोड बराबरको श्रोत परिचालन गरिएको छ।

## १.२.७ चालु आ.व.मा देखिएका मुख्य समस्या तथा अवरोधहरू

प्राकृतिक, ऐतिहासिक, पर्यटकीय, साँस्कृतिक सम्पदायुक्त र संभावनायुक्त यस गाउँपालिका विकासको आधुनिक तथा आधारभूत पूर्वाधार, सेवा सुविधाको उपलब्धता र संस्थागत विकासको दृष्टिकोणबाट पछाडी परेको छ। यस गाउँपालिकामा पर्यटन विकासको प्रचुर संभावना रहेको भएता पनि पर्यटकीय पूर्वाधार, सेवा तथा सुविधा र प्रवर्धन नहुँदा पर्यटन विकासले गति लिन सकेको छैन। गाउँपालिकामा विस्तारै कृषिमा आधार व्यवसायको शुरुवात भएता पनि रोजगार मूलक उद्योगधन्दा तथा कलकारखाना संचालन हुन सकेको छैन। गाउँपालिकाको कतिपय क्षेत्र र गाउँ/टोलहरूमा खानेपानी र सार्वजनिक स्थानहरूमा शौचालयको निर्माण र व्यवस्थापन हुन सकेको छैन।

गाउँपालिकाको ८ वटै वडाहरूमा कच्ची सडकको सञ्जाल विस्तार भएको छ तर उक्त सडकहरू मापदण्ड अनुसारको चौडा नभएको, सहायक पूर्वाधार र सडकको सतह धुले रहेको हुँदा १२ है महिना संचालन हुने अवस्था छैन। हालसम्म गाउँपालिका क्षेत्रको नगण्य खण्डमा मात्र पक्की सडक रहेको छ। धेरैजसो जग्गा कृषियोग्य रहेको र अधिक परिवार कृषिमा आश्रित रहेको भएता पनि संस्थागत र व्यवसायिक रुपमा कृषि उत्पादन, प्रशोधन, औद्योगिकीकरण र बजारीकरण हुन सकेको छैन। धेरै खेतीयोग्य जमिनमा सिंचाई सुविधा उपलब्ध हुन सकेको छैन र धेरैजसो कृषकहरू कृषि उत्पादनको लागि आकासे पानीमा भर पर्नु पर्ने अवस्था रहेको छ। कृषि प्रणाली परम्परागत र निर्वाहामूखी रहेको र वनजङ्गलको छत्र ढकाईको बृद्धिसँगै जङ्गली जनावर विशेष गरी बाँदरले बालीनाली नष्ट गर्ने समस्याले कृषकलाई सताइरहेको अवस्था छ।

कानूनी अस्पष्टता, श्रोत साधन र क्षमताको कमीको कारण नेपालको संविधान, संघीय कानून र प्रदेश कानून बमोजिम एकल अधिकार र साझा अधिकारकाको विषयमा आवश्यक नीति, कानून, कार्यविधि र मापदण्डहरू तर्जुमा हुन सकेको छैन । कार्यालयको भौतिक पूर्वाधार, मानव संशाधन, श्रोत साधन परिचालन, क्षमता र संघीय शासनको अभ्यासको अनुभवको कमीले गर्दा तर्जुमा भएका नीति, कानून, कार्यविधि र मापदण्ड अनुसार योजना तथा कार्यक्रम तर्जुमा र सोको कार्यान्वयनमा अपेक्षाकृत कमी रहेको छ ।

गाउँपालिकाको स्थायी केन्द्र भरखर मात्र निर्णय भएको र उक्त स्थानमा कार्यपालिका संचालनको लागि पूर्वाधार निर्माण हुन सकेको छैन । गाउँपालिकाको वडा कार्यालय भवनको कमी रहेको छ भने कृषि, पशु, शिक्षा, स्वास्थ्य लगायत सेवा संचालनको लागि सेवा केन्द्रको भवन र लगायत पूर्वाधारको कमी रहेको छ । यससम्बन्धी सेवा संचालनको लागि अनुभवी र विज्ञ मानव संशाधनको कमी रहेको छ । उपलब्ध रहेको मानव संशाधनमा अनुभव र बृत्ति विकास लगायत उत्प्रेरणाको कमी रहेको देखिन्छ ।

गाउँपालिका क्षेत्रमा नेपाल सरकार, प्रदेश सरकार मातहतका निकाय र जिल्ला स्थित कार्यालयबाट आयोजना तथा कार्यक्रमहरू संचालन रहेका छन् । उक्त निकायहरूबाट गाउँपालिकासँग समन्वय र सहकार्यमा कमी रहेको छ । गाउँपालिकाको योजना तथा बजेट तर्जुमा प्रक्रियाबाट छनौट भएका र गाउँपालिकाको श्रोत साधन नभ्याउने आयोजना तथा कार्यक्रम संचालनमा सहयोग नभै उक्त निकायहरूबाट साना तिना आयोजना र कार्यक्रमहरू संचालन हुने गरेका छन् । विकास साझेदार, गैसस, समुदायमा आधारित संस्थाहरूले पनि गाउँपालिकासँग समन्वय, सहकार्य र साझेदारी बढाउनु पर्ने देखिन्छ ।

लैंगिक हिंसा तथा जातिय विभेद, बालबालिका र ज्येष्ठ नागरिक प्रतिको उपेक्षा कायमै रहेको छ । यसैगरी समाजमा शान्ति र सामाजिक सद्भावको प्रवर्द्धन र सुधारमा अपेक्षाकृत सुधार हुन सकेको देखिदैन । महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगायत सामाजिक र आर्थिक रुपमा पछाडि पारिएका वर्ग समुदायको मूलप्रवाहीकरण र विकास सम्बन्धी कार्यक्रममा कमी रहेको देखिन्छ ।

# परिच्छेद २
# आर्थिक वर्ष २०७७/७८ को नीति, बजेट तथा कार्यक्रम

## २.१ सोंच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धिहरू

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको अत्यन्त संभावनायुक्त गण्डकी प्रदेशको ऐतिहासिक, साँस्कृतिक, प्राकृतिक र पर्यटकीय महत्त्वको गोरखा जिल्लामा अवस्थित रहेको सिरानचोक गाउँपालिका उपलब्ध स्रोत, संभावना र अवसरको उपयोग गरी विकास गतिमा अगाडि लम्कदैछ । गाउँपालिकामा उपलब्ध विशेषतालाई आधार मानी गाउँपालिकाको विकासको दीर्घकालिन सोच निर्धारण गरिएको छ। दीर्घकालिन सोच निर्धारण गर्दा स्थिति पत्रको विवरण र द्धितिय स्रोत्त्वाट प्राप्त आधार सूचना, सहभागितामूलक छलफल र परामर्शबाट पहिचान भएका संभावना, अग्रणी क्षेत्र र स्थानीयबासीले चाहेको अवस्थालाई मध्यनजर गरिएको छ । गाउँपालिकाको विकासको दीर्घकालिन सोच देहायअनुसार रहेको छः

"समृद्ध, सुन्दर, ऐतिहासिक सिरानचोकको शानः
समावेशी, वातावरण अनुकुलित, सन्तुलित विकासको अभियान"

उपरोक्त दीर्घकालिन सोचको व्याख्या देहायअनुसार प्रस्तुत छः

"स्वस्थ, शिक्षित, रोजगारको अवसर प्राप्त सम्मानित र सुखी नागरिक बसोबास गर्ने सुरक्षित, विविधतायुक्त, विकसित, सुन्दर र समृद्ध सिरानचोक गाउँपालिका"

## २.२ लक्ष्य तथा उद्देश्य

ऐतिहासिक, साँस्कृतिक, प्राकृतिक र पर्यटकीय क्षेत्रको संभावनायुक्त सिरानचोक गाउँपालिकाको दीर्घकालिन सोच **"समृद्ध, सुन्दर, ऐतिहासिक सिरानचोकको शानः समावेशी, वातावरण अनुकुलित, सन्तुलित विकासको अभियान"** हासिल गर्ने दिशामा गाउँपालिकाले आधार योजनाको रुपमा आवधिक/एकीकृत विकास योजना तर्जुमा गर्नेछ। गाउँपालिकाको दीर्घकालिन सोच तर्फ उन्मुख हुन **"समृद्ध, सुन्दर, समावेशी, विकसित सिरानचोकको आधार तयार हुने"** गाउँपालिकाको समष्टिगत लक्ष्य लिइएको छ । गाउँपालिकाको दीर्घकालिन सोच अनुरुप उपरोक्त लक्ष्य हासिल गर्न गाउँपालिकाले देहायअनुसारको उद्देश्य लिइएको छः

१. स्थानीय आर्थिक गतिविधि, उत्पादन, रोजगारी र आयमा समतामूलक, गुणात्मक र दीगो वृद्धि गर्नु
२. स्वस्थ, सशक्त, शिक्षित, सिर्जनशिल, सीपयुक्त र सुयोग्य मानवीय श्रोतको विकास गर्नु
३. बसोबास, व्यवसाय, बजार, भौतिक सुविधा र अन्तरआवद्धता सहज, सुरक्षित र व्यवस्थित बनाउनु

४. जङ्गल, जमीन र जलश्रोतको दीगो उपयोग तथा जलवायु र विपद् उत्थानशिलता सुनिश्चित गर्नु
५. स्थानीय सेवा प्रवाह, विकास उपलब्धी र जवाफदेहिताको स्तरमा गुणात्मक बृद्धि गर्नु

## २.३ प्राथमिकता तथा रणनीति

गाउँपालिकाले लिएको लक्ष्य, उद्देश्य र परिमाणात्मक लक्ष्य गर्न देहायअनुसारका विषयहरूलाई विशेष प्राथमिकता दिई नगर विकासका प्रयासहरू संचालन गर्ने रणनीति अवलम्बन गरिनेछः

१. **कृषि, पशुपंक्षी र वनजन्य उपजको व्यवसायीकरण, विविधीकरण र औद्योगिकरण गर्ने :** कृषि, पशुपालन तथा वनजन्य उत्पादनको उपलब्ध ज्ञान, सीप र प्रविधिको आधारमा व्यवसायीयकरण, विविधिकरण र आद्योगिकीरण गरी स्थानीय रोजगारी र अर्थतन्त्र आधार तयार गरिनेछ। निर्धारित कृषि तथा पशुपालन पकेट र वन क्षेत्रमा आधारित आवश्यक पूर्वाधार, ज्ञान, प्रविधि हस्तान्तरण, सेवा तथा टेवा कार्यक्रमहरू संचालन गरिनेछ।

२. **उद्योग, साँस्कृतिक, कृषि र ग्रामीण पर्यटन तथा अन्य व्यवसायको विकास तथा प्रवर्द्धन गर्ने :** गाउँपालिकाको ऐतिहासिक, प्राकृतिक, साँस्कृतिक, धार्मिक र पर्यटकीय क्षेत्र लगायत सामुदायिक वन क्षेत्र, कृषि पकेट क्षेत्र, तमु साँस्कृतिक क्षेत्र, पर्यटकीय स्थानहरूमा पूर्वाधार निर्माण, पर्यटकीय सेवा सुविधाको विस्तार, विविधिकरण र प्रचार प्रसार गरी पर्यटन प्रवर्धन र विकास गरिनेछ। यसका लागि नीजि क्षेत्र, समुदाय र नागरिक समाज संस्थासँग समन्वय र साझेदारी गरिनेछ।

३. **जीवनपयोगी, गुणस्तरीय र व्यवसायिक शिक्षा, जनस्वास्थ्य तथा सरसफाई, खानेपानी सुविधा, सामाजिक सुरक्षाको पहुँच र उपयोग सुनिश्चित गर्नेः** नेपाल सरकार तथा प्रदेश सरकार, नीजि क्षेत्र र समुदायसँग साझेदारी गरी जीवनपयोगी, गुणस्तरीय र व्यवसायिक शिक्षा, जनस्वास्थ्य तथा पोषण सेवा, खानेपानी तथा सरसफाई सुविधा विकास र विस्तार गरी मानव पुँजी निर्माण गरिनेछ। एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, जोखिममा रहेका बालबालिका, हिंसा पिडित व्यक्ति, सीमान्तकृत समूह, लोपोन्मुख जाती आदीको सामाजिक सुरक्षा पहुँच सुनिश्चित गरी स्वास्थ्य उपचार, जीविकोपार्जन र वृत्ति विकास अधिकार प्रवर्धन गरिनेछ। सामाजिक सशक्तीकरण, समावेशीकरणको माध्यमबाट सामाजमा विद्यमान हिंसा, सामाजिक कुरिती, अन्धविश्वास अन्त्य गर्नुका साथै स्थानीय सम्पदा, कला, सँस्कृति र भाषाको संरक्षण र प्रर्वधन गरिनेछ।

४. **यातायात, बजार र सुरक्षित आवास, स्वच्छ उर्जा तथा संचारका पुर्वाधारको विस्तार र स्तरोन्नति गर्नेः** यातायात, सुरक्षित आवास, व्यवस्थित पूर्वाधार, बजार, स्वच्छ उर्जा, सूचना तथा संचारको पूर्वाधारको विकास, विस्तार र स्तरोन्नति गरी गाउँपालिकाको भौतिक विकास, आवास तथा बजार र अन्तरआवद्धतालाई सहज र सुव्यवस्थित बनाइनेछ। पूर्वाधार विकासलाई उत्पादनसँग आवद्ध गर्नुका साथै वातावरणमैत्री र विपद् तथा जलवायु उत्थानशिल रुपमा निर्माण र संचालन गरिनेछ।

५. **योजना तथा विकासको प्रक्रिया र नतिजालाई वातावरणमैत्री, उत्थानशील र दीगो बनाउनेः** भूउपयोग क्षेत्र तथा योजना र प्रचलित कानून अनुसार गाउँपालिका क्षेत्रमा प्राकृतिक सुन्दरता, जैविक विविधता, हरियाली र वन क्षेत्रको कायम गरिनेछ। यस अनुसार गाउँपालिका क्षेत्रको जैविक विविधता, हरियाली, जमीन र जलश्रोतको संरक्षण र समोचित व्यवस्थापन गरिनेछ। यसका लागि संघ र प्रदेश सरकारका सम्बन्धित निकाय र समुदायसँग समन्वय र सहकार्य गरिनेछ।

६. **अन्तर सरकार, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक समाजको समन्वय, साझेदारी र सहकार्यलाई कामयावी बनाउनेः** कानून तथा विधिको शासनको अनुसरण गर्दै सेवा प्रवाह, कार्यसम्पादन र शासन संचालन प्रक्रियालाई पारदर्शी, उत्तरदायी र जनताको समस्या र चाहाना प्रति संवेदनशिल शासन प्रणालीको अभ्यास गरी नागरिक सन्तुष्टी अभिबृद्धि गरिनेछ।

## २.४ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख नीति तथा आधारहरू

### २.४.१ समग्र नीति तथा आधारहरू

गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेट तर्जुमा गदा देहायअनुसारका समग्र नीति तथा आधार हरूको अबलम्बन गरिएका छन् :

#### मौलिक हक र कर्तव्य

नेपालको संविधानको भाग ३ मौलिक हक र कर्तव्य अन्तर्गत धारा १६ देखि ४८ सम्मका सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक लगायतका हकको व्यवस्थालाई आधार लिइएको छ।

#### राज्यका निर्देशक सिद्धान्त

नेपालको संविधानको भाग ४ को राज्यको सिद्धान्त, नीति र दायित्य अन्तर्गत धारा ५० को राज्यको निर्देशक सिद्धान्तहरू संघीय लोकतान्त्रिक गणतन्त्रामक व्यवस्था सुदृढ गर्ने, राष्ट्रिय एकता सुदृढ गर्ने र समादबाद उन्मुख र समृद्ध अर्थतन्त्रको विकास गर्ने क्रमशः राजनीतिक, सामाजिक र साँस्कृतिक तथा आर्थिक उद्देश्यलाई आधार लिइएको छ।

#### संघीयता कार्यान्वयन

नेपालको संविधान अनुसार अनुसूची ८ मा उल्लिखित एकल अधिकार र अनुसूची ९ मा उल्लिखित संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची अनुसार व्यवस्था कार्यान्वयन गर्न नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरण प्रत्त्विेदनमा उल्लिखित कार्यसूचीमा समेत आधारित गरिएको छ।

#### गरिबी न्यूनीकरण

मुलुकलाई समृद्ध, सामाजिक न्याय र समानतामा आधारित बनाउन दीर्घकालीन सोच तयार गरी वि.सं. २१०० सम्ममा नेपाललाई उच्च आय भएको मुलुकमा रुपान्तरण गरी "समृद्ध नेपाल, सुखी

नेपाली" को राष्ट्रिय आकांक्षा पूरा गर्न स्थानीय तह, प्रदेश र संघ सरकार, निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, विकास साझेदार र अन्य सबै सरोकारवालालाई समग्र विकास प्रयासमा सहभागी गराउँदै विकासको प्रतिफल समन्यायिक वितरण गर्न सुशासन कायम गर्दै आर्थिक वृद्धि, उत्पादनशील रोजगारी र आय असमानताको न्यूनिकरण गरी नागरिकको जीवनस्तरमा सुधार ल्याउने उद्देश्य सहित तय भएको पन्धौ राष्ट्रिय योजना लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीतिलाई योजना तर्जुमाको मार्गदर्शनको रुपमा लिइएको छ ।

**आर्थिक तथा वित्तीय आत्मनिर्भरता**

संवैधानिक दायित्त्व पुरा गर्न र जनचाहना सम्बोधन गर्न संघीय शासन व्यवस्था अनुसार संविधान र प्रचलित कानून बमोजिम वित्तीय संघीयताको सिद्धान्तको आधारमा स्थानीय तहको अधिकार क्षेत्र भित्रको आन्तरिक आय, राजस्व बाँडफाँट, अन्तर सरकारी वित्त हस्तान्तरण र जनसहभागिता समेत अन्य श्रोतबाट प्राप्त हुने राजस्वको अधिकतम परिचालन र वित्तीय आत्मनिर्भरतालाई अंगिकार गरिएको छ ।

**दीगो विकासको लक्ष्य**

दिगो विकास लक्ष्य (एसडीजी) को उद्देश्य सन् २०३० सम्ममा गरिबीको अन्त्य गर्नु हो । दीगो विकास लक्ष्यहरूमा १७ वटा लक्ष्य, १६९ सहायक लक्ष्य र २३२ वटा सूचक तोकिएको छ । नेपालको चौधौ राष्ट्रिय योजना देखि दिगो विकास लक्ष्यहरूलाई आन्तरिकीकरण गर्ने प्रयास स्वरुप कार्यक्रम तथा बजेट तर्जुमा गर्दा कार्यक्रम तथा आयोजनालाई दिगो विकासको लक्ष्य अनुसार बजेट सांकेतीकरण गर्ने व्यवस्था गरिएको छ। आर्थिक वर्ष २०७४/७५ देखि मध्यकालीन खर्च संरचनामा समेत दिगो विकासका लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने आयोजनालाई उच्च प्राथमिकता दिने र सोही बमोजिमका सूचक निर्माण गरी आयोजनाको प्राथमिकीकरण गर्ने गरिएको छ। दिगो विकास लक्ष्यलाई प्रदेश तथा स्थानीय तहका योजनामा समावेश गरी लक्ष्य प्राप्त गर्न सहयोग पुऱ्याउने उद्देश्यले प्रादेशिक तथा स्थानीय योजना तर्जुमा नमूना दिग्दर्शन तयार गरिएको र सो अनुसार दिगो विकास लक्ष्यलाई योजना तर्जुमाको आधारको रुपमा लिइएको छ ।

## २.४.२ अध्यक्ष श्री राजु गुरुङज्यूले प्रस्तुत गर्नु भएको आर्थिक बर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम

**आदरणीय सभाध्यक्ष महोदय,**
**गाउँ सभाका सम्पुर्ण सदस्यज्युहरू,**

यस सम्मानित गाउँसभामा उपस्थित गाउँसभाका सदस्यज्यूहरू, साथै हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस गाउँसभा सफल बनाउन र यसको गरिमालाई बढाउन पाल्नु हुने राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरू, सबै पेशा, वर्ग, सेवा र समूहमा आवद्ध सम्पूर्ण अतिथि महानुभावहरूमा म यस गाउँपालिकाको जन निर्वाचित प्रमुख र गाउँपालिका परिवारको तर्फबाट हार्दिक स्वागत एवं आभार व्यक्त गर्न चाहन्छु ।

सर्वप्रथम, नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र जनजीविकाका लागि भएका विभिन्न आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दछु ।

नेपाली जनताले पटक पटक गरेको त्याग र बलिदान, सशस्त्र संघर्ष, ऐतिहासिक जनआन्दोलनको गौरवपूर्ण इतिहासको जगमा नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गर्दै संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दीगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न संविधान सभाबाट जारी नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ को अधिकार प्रयोग गरी यस गाउँ सभामा स्थानीय सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त हर्षित एवं गौरवान्वित भएको महसुस गरेको छु ।

नेपालको संविधानले परिकल्पना गरेको संघीय शासन प्रणालीलाई मूर्त रुप दिन तीन तहको निर्वाचन मार्फत २०७४ पश्चात संघ, प्रदेश र स्थानीय तहको सरकार गठन भई कार्य प्रारम्भ गरेको यस सभालाई सर्वविदितै छ । यसै परिप्रेक्षमा यस गरिमामय सभा समक्ष आ.व. २०७७/७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा आफुलाई गौरवान्वित महसुस गरेको छु ।

आज यस सम्मानित गाउँसभामा मैले सम्बोधन गरीरहदा कोभिड-१९ महामारीका कारण विश्व समुदाय मानवजातिको इतिहासको शताब्दीकै सवैभन्दा ठुलो चुनौतिसँग लडीरहेको छ । यसै सन्दर्भमा नेपालमा कोभिड १९ को शुरुवात भए लगत्तै नेपाल सरकारले यसको रोकथाम तथा नियन्त्रणका लागि लागु गरेको विभिन्न रणनीतिहरूले तीन वटै सरकारहरूको समन्वय र सहकार्य अत्यन्त अपरीहार्य देखिएको छ । यस विषम परिस्थितिसँग सामना गर्देगर्दा हामी सामु तमाम अवसर र चुनौतिहरू देखापरेका छन, जसलाई हाम्रो समन्वयात्मक कार्यगत एकताले सहजै सम्बोधन गर्ने कुरामा मैले विश्वास लिएको छु ।

गाउँपालिका भित्र अग्रमोर्चामा रहेर काम गरीरहेका जनप्रतिनिधि, स्वास्थ्यकर्मी, कर्मचारी र सुरक्षाकर्मीहरूको साहस र समपर्णलाई हार्दिक सम्मान र उच्च प्रशंसा गर्न चाहन्छु । साथै यस महामारीबाट सङ्क्रमित भई नेपाल भित्र र बाहिर जीवन गुमाउनु हुने सम्पूर्ण नेपाली तथा अन्य मित्रराष्ट्रका नागरिकहरूका शोकाकुल परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछु । उपचाररत सम्पूर्ण दिदीवहिनी तथा दाजुभाइहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

**सम्मानित गाउँ सभाका आदरणीय सदस्य महोदय,**

हाम्रा विकासका भावना एवं सोचलाई मूर्त रुप दिन विश्वव्यापी रुपमा स्वीकार गरिएका दिगो विकासका लक्ष्यहरू तथा वर्तमान असहज परिस्थिति विरुद्ध सफलता हासिल गर्नेतर्फ उन्मुख हुदै आगामी आ.व.को लागि जनअपेक्षा सम्बोधन हुने गरी कोभिड १९ नियन्त्रण तथा रोकथामका लागि क्वारेन्टाइन तथा आइसोलेसन व्यवस्थापन, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, पर्यटन, सडक, सिंचाई, विपद् व्यवस्थापन, समावेशी विकास, लैंगिक समानता तथा सामाजिक सशक्तिकरण, मानवीय

विकास, सुशासन, पूर्वाधार तथा संस्थागत क्षमता विकास गर्न उपर्युक्त नीति तथा कार्यक्रमहरू संचालन गर्न उपयुक्त ठानेको छु ।

हामी सबै जानकार नै छौं, हाम्रा चाहना र आवश्यकताहरू असिमित छन, तर स्रोत र साधन सिमित छ । सिमित स्रोत र साधनको न्यायोचित वितरण तथा अधिकतम् प्रयोगबाट समग्र गाउँपालिका क्षेत्रका आम नागरिकको विकास तथा परिवर्तनको चाहनालाई सम्बोधन गर्न प्रयास गरिने छ । तसर्थ सिमित स्रोत र साधनलाई विनियोजन गर्दा प्राथमिकताका आधारमा योजना छनौट गरी समुदायको अधिकतम जनसहभागिता, सहकार्य तथा सामूहिक स्वार्थ र साझेदारीमा विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने अहिलेको टड्कारो आवश्यकता र यथार्थ हो । यसलाई कार्यान्वयन गर्नका निम्ति सम्पूर्ण राजनैतिक दल, कर्मचारी, विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्था, विकास प्रेमी व्यक्तित्वहरू तथा निर्वाचित पदाधिकारीज्यूहरूसँग सहयोग एवं सहकार्यको आशा र अपेक्षा गरेको छु ।

**आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रमको समीक्षा :**

१. गाउँपालिकामा प्राप्त हुने सुझाव र गुनासाहरू लिखित वा मौखिक रुपमा सिधै प्राप्त गरी उक्त सुझाव र गुनासालाई सम्वोधन गरिने व्यवस्था मिलाइएको छ । गाउँपालिकाको सेवा प्रवाहसँग सम्बन्धित स्थानीय कानून तथा कार्यविधिहरू तयार गरी कार्यान्वयनमा ल्याइएको छ । सवै वडा कार्यालयमा मेलमिलाप केन्द्र सञ्चालन गरी मेलमिलाप हुने प्रकृतिका स्थानीय विवादहरू वडास्तरमै मेलमिलाप गराई विवाद निरुपण गर्ने प्रक्रिया थालनी गरिएको छ । नागरिकहरूलाई सेवा लिनका सहजतालाई मध्यनजर गरी गाउँपालिकाका ८ वटै वडामा नागरिक वडापत्र स्थापना गरिएको छ ।

२. विकास प्रक्रियामा दीगोपना, स्वामित्त्व र जनसहभागिता अभिवृद्धि गर्न विकेन्द्रित विकास प्रारुप बमोजिम वडास्तरीय विकास योजना वडा कार्यालयमार्फत सञ्चालन गर्न वडाहरूलाई जनसंख्या, क्षेत्रफल, कर परिचालन र विकासको अवस्थाको आधारमा वर्गीकरण गरी निःशर्त अनुदान उपलब्ध गराइएको छ । कोभिड १९ को कारणले नेपाल सरकारद्धारा ज्येष्ठ नागरिकलाई उपलब्ध गराइएको सामाजिक सुरक्षा भत्ता घर-घरमै उपलब्ध गराईने व्यवस्था मिलाईएको छ । सामुदायिक स्वास्थ्य प्रवर्द्धन केन्द्रलाई विस्तार गर्दै निःशुल्क स्वास्थ्य परीक्षण सेवा सञ्चालन गर्ने तथा सरकारले तोके बमोजिमका औषधी निःशुल्क वितरण गर्नुका साथै स्वाथ्य सेवालाई स्तरोन्नती गरिएको छ ।

३. गाउँपालिकासँगको समन्वयमा राष्ट्रिय पुनःनिर्माण प्राधिकरणद्धारा नीजि आवास एवम् संस्थागत भवनहरू निर्माणको कार्य द्रुत गतिमा अगाडि वढिरहेको छ । गाउँपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक मठमन्दिर, पोखरी तथा ढुंगेधाराहरूको तथ्याङ्क संकलन गरी संरक्षण र विकास कार्यको थालनी भएको छ ।

४. स्कुलका विद्यार्थीहरूको खेलकुदको विकासको लागि गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिताको सुरुवात गरिएको छ ।

५. गाउँपालिकाको लेखा प्रणालीलाई चुस्त दुरुस्त राख्न SuTRA प्रणालीको अवलम्वन गरिएको छ भने संचालित योजनाहरूको सम्झौता देखि भुक्तानी सम्मका प्रक्रियाहरू सफ्टवेयर मार्फत सन्चालन गर्ने गरिएको छ ।

६. गाउँपालिकाको संस्थागत स्वमूल्यांकन र चालु आ.व.को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण सम्पन्न गरी सो आधारमा आगामि आ.व. का लागि कार्ययोजना निर्माण गरिएको छ ।

७. गाउँपालिकाले विभिन्न संघ/संस्थाहरूसँगको सहकार्यमा स्थानीय तहमा CADRE र LDRT विपद् व्यवस्थापन समितिहरूको गठन तथा उनीहरूलाई जिम्मेवार बनाई विपद् पुर्बतयारी तथा प्रतिकार्यका कार्यहरूमा परिचालन गरिएको छ । यसका साथै रिफ्लेक्ट कक्षाहरू सञ्चालन गरी सिमान्तकृत, अतिसंकटासन्न र पछाडि पारिएका वर्गहरूको समस्या तथा सवालहरूमा सचेतना बृद्धि र समावेशी कार्यक्रम सञ्चालनमा जोड गरिएको छ ।

८. हाल बिश्वभर महामारीको रुपमा फैलिएको कोभिड १९ को प्रभावलाई न्यून गर्न यस गाउँपालिकामा अन्यन्त्र जिल्ला तथा विदेशबाट आउने नागरिकहरूका लागि आठ वटै वडामा महिला मैत्री क्वारेन्टाईन स्थापना गरी संचालनमा ल्याइएको छ । साथै प्रत्येक समुदायमा कोरोना प्रतिकार्य समूह निमार्ण गर्नुका साथै सामुदायिक क्वारेन्टाइनको स्थापना गरिएको छ ।

९. लैंगीक हिंसा प्रभावितका लागि रेफरल सेवाको व्यवस्था गर्न रेफरल निर्देशिका तयार गरिएको छ ।

**गाउँसभाका सदस्यज्यूहरू,**

१०. यस गाउँपालिकको आगामी आर्थिक बर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम राज्यको लोक कल्याणकारी अवधारणा, संविधानले परिकल्पना गरेको समाजवादतर्फको यात्रा, नेपाल सरकारले लिएको "समृद्ध नेपाल सुखी नेपाली" बनाउने दीर्घकालीन सोच समेतका आधारमा आर्थिक, सामाजिक र साँस्कृतिक रुपमा पछाडि परेका/पारिएका समुदायहरूलाई समेत उच्च प्राथमिकतामा राख्दै र आम गाउँपालिकाबासीको सर्वोपरी हितलाई केन्द्र भागमा राखी तयार पारिएको छ ।

११. यस गाउँपालिकाकाको नीति, योजना तथा कार्यक्रमहरू पहिचान गर्ने, नीतिगत निर्णय गर्ने, कानूनी प्रबन्ध गर्ने तथा कार्यान्वयनलाई प्रभावकारी रुपमा कार्यसम्पादन गर्न गाउँसभा, कार्यपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, विषयगत समितिहरू, वडा अध्यक्षहरू, गाउँ कार्यपालिकाका सदस्यहरू, विज्ञ सल्लाहकारहरू र कर्मचारी संयन्त्रबाट सक्रियतापूर्वक कार्य भई आएको व्यहोरा अवगत नै छ । गाउँपालिकाद्धारा सम्पादित कार्यहरूमा स्थानीय राजनीतिक दल, बुद्धिजिवी, स्वयंसेवी, नागरिक समाज र आम संचार क्षेत्रको भूमिका अझ महत्त्वपूर्ण रहेको छ । यी सबै पक्षलाई ध्यान दिई नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, विभिन्न विषयगत कानूनहरू, सिरानचोक गाउँपालिकाको आर्थिक बर्ष २०७६/०७७ को नीति तथा

कार्यक्रम र सोको कार्यान्वयनको अवस्था, नेपाल सरकार तथा गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम, पन्धौं योजना, गण्डकी प्रदेशको आवधिक योजना, दिगो विकास लक्ष्य, संघीय तथा प्रदेश सरकारबाट प्राप्त भएका मार्गदर्शन, गाउँपालिकाको आवधिक र क्षेत्रगत योजनाले निर्दिष्ट गरेका दुरदृष्टि, लक्ष्य, उद्धेश्यहरू र विभिन्न विषय विज्ञहरूबाट प्राप्त सुझावहरू समेतलाई आत्मसात गरी आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

१२. सुशासन लोकतन्त्रको आधारस्तम्भ भएकोले गाउँपालिकाका कार्यहरूमा पारदर्शिता, आर्थिक अनुशासन तथा सामाजिक न्यायलाई अङ्गिकार गर्दै भ्रष्टाचारमुक्त विधिको शासन व्यवस्थाको सुनिश्चितता गरिनेछ । स्थानीय जनताको जीवनस्तर माथि उकास्न स्थानीय ज्ञान, सीप र क्षमतालाई प्रश्रय दिने नीति अवलम्बन गरिएको छ ।

१३. गाउँपालिकाका भौतिक, आर्थिक तथा सामाजिक उत्थानका योजनाहरू बनाउँदा वातावरण व्यवस्थापन, जलवायु परिवर्तन तथा उत्थानशिलतालाई ध्यान दिने प्रयास गरिएको छ । समुन्नत गाउँपालिका निर्माणको कार्यमा समुदाय, सहकारी, गैरसरकारी तथा निजी क्षेत्र लगायत साझेदार संघसंस्थाहरूको सहकार्यलाई आत्मसात गर्दै सहभागितामूलक साझेदारीलाई प्रश्रय दिने र बहुलगानीको सम्भावना बढाउने कार्यहरूलाई प्राथमिकता प्रदान गरिएको छ ।

१४. गाउँपालिकाबाट प्रवाह गरिने सेवा प्रवाहको प्रवर्द्धन एवं कोभिड १९ बाट सिर्जित संकट ब्यबस्थापनका लागि आवश्यक कानूनहरू (नीति, ऐन, नियमावली, कार्यविधि, मापदण्ड, निर्देशिका, मापदण्ड आदि), दीर्घकालिन, आवधिक र क्षेत्रगत योजना, आयोजना बैंक, गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१५. विगतको बिपद्को घटनाक्रमलाई हेर्दा केही बिगत देखि दोहोरिदै आएका छन् भने केही नयाँ देखिएका छन् जसले जनधनमा उल्लेख्य क्षति भएको अवस्था छ । यसैलाई मध्यनजर गर्दै आगामी दिनमा मानबिय क्षति कम गर्ने उत्थानशील विकास निर्माण कार्यमा जोड दिने प्रयास गरिएको छ ।

१६. गाउँपालिकावासीको जीवन पद्धतिमा अर्थपूर्ण परिवर्तन आउन सक्ने परियोजनाहरूलाई गाउँपालिकाको विशेष महत्त्वका आयोजना मानिएको छ र यस्ता आयोजनाहरू आगामी तीन बर्षभित्रमा आधारभूत रुपमा सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

१७. गाउँपालिकाको स्वमूल्याङ्कन र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण पश्चात् तयार गरिएको कार्ययोजना कार्यान्वयनका लागि आवश्यक कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गरिनेछ । उल्लेखित पृष्ठभूमिमा सिरानचोक गाउँपालिकाबाट आर्थिक वर्ष २०७७/०७८ को लागि देहायका नीतिहरू अवलम्बन गरिनेछ ।

**आदरणीय सभाका सदस्यज्यूहरू,**

अब म आगामी आर्थिक बर्ष २०७७/०७८ को यस गाउँपालिकामा कार्यान्वयन गरिने नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

## क. आर्थिक विकास नीति

### १. कृषि विकास सम्बन्धी नीतिः

१.१ जमिनको उत्पादकत्त्व बृद्धि र कृषि पेशालाई सम्मानित बनाई कृषकहरूमा उत्प्रेरणा जगाउनको लागि विभिन्न संघसंस्थाहरूसँगको सहकार्यमा कृषि सम्बन्धी सवसेक्टर प्लान तयार गरिनेछ ।

१.२ एक वडा एक कृषि उत्पादन कार्यक्रमको अवधारणलाई अगाडी बढाउन आवश्यकता अनुसार वडामा जे.टि.ए. राख्ने व्यवस्थालाई शुरु गरिनेछ ।

१.३ विगतमा धेरै युवा बैदेशिक रोजगारीमा गएको कारणले बाँझो रहेको निजी जग्गामा बढी उव्जाउ गर्न आवश्यक उन्नत प्रविधि तथा बीउबीजनको प्रयोग गरी सामुहिक रुपमा व्यवसायिक खेती कार्यलाई प्रवर्द्धन गर्न विशेष प्रोत्साहन गरिनेछ । साथै खेतिगर्न चाहने भूमि हिनहरूका लागि करार व्यवस्था मार्फत् भूमिमा पहुँच पुऱ्याई करार खेति नमूनालाई अवलम्बन गरिने छ ।

१.४ लिज/करारमा जग्गा व्यवस्थापन खेती र कृषि उत्पादनको प्रारम्भिक प्रशोधन गर्ने कृषिमा आधारित उद्योगहरूको विकासमा जोड दिइने छ ।

१.५ किसानद्वारा उत्पादित कृषि उपज, मौरीपालन र बजारीकरणमा सघाउन समुदाय वा सहकारीद्वारा सञ्चालन गर्नेगरी संकलन केन्द्र, प्रशोधन केन्द्र, कोल्ड स्टोर, दुग्ध चिस्यान केन्द्र र ढुवानी साधन जस्ता बजार पूर्वाधार स्थापनाका लागि वहुउद्देश्यीय सामुदायिक भवनहरू समेतको विकास, उपयोग एवं सम्भाव्यता हेरी उपयुक्त स्थानमा हाट बजारको पनि विकास गरिनेछ ।

१.६ कृषिमा आधुनिकीकरण तथा व्यवसायीकरण गर्दै उत्पादकत्त्व बृद्धि गरी यस गाउँपालिका क्षेत्रलाई अर्गानिक तरकारी, खाद्यान्न, दुध र मासुजन्य पदार्थमा आत्मनिर्भर बनाउने नीति लिइनेछ ।

१.७ खेतीयोग्य जमिनलाई बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गर्ने र बाँझो रहेका कृषि भूमिको दिगो उपयोगको लागि उपयुक्त योजना तयार गरी कार्यान्ययन गरिनेछ ।

१.८ पालिका क्षेत्र भित्र रहेको भूमिको उत्पादन क्षमताको नक्शांकन गरी वाली पकेटको योजना बनाउने र सो अनुसारको वाली पकेट क्षेत्र तयार गरिने छ । एक वडा एक उत्पादनको क्षेत्रलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने गरी गाउँपालिका र वडा कार्यालयवाट वजेट विनियोजन गरी आर्थिक समृद्धिका लागि कार्यक्रम तयार गरिने छ ।

१.९ दिगो अर्थतन्त्रको विकासका लागि गाउँपालिकामा “एक घर एक बगैचा” को नीतिलाई लागु गरिनेछ । त्यसका लागि फलफूलको बिरुवा वितरण गरिनेछ ।

१.१० स्वदेश तथा विदेशवाट फर्केका दक्ष/अर्धदक्ष, अदक्ष कामदार तथा युवालक्षित विस्तृत कृषि प्याकेज तयार गरि भुमि बैंक जस्ता कृषिका आधारभुत पुर्वाधारहरू तयार गरिने छ ।

१.११ कृषि व्यवसाय लाई प्रवद्धन गर्नका लागि प्रत्येक वडामा कृषि पकेट प्रबद्धन कार्यक्रम घोषणा गरिनेछ ।

१.१२ किसान बाट उत्पादित उत्पादन लाई बजारीकरण गर्न र बिचौलियाको विगविगी लाई न्युनीकरण गर्न एक वडामा एक हाटबजार सुचारु गर्नुका साथै प्रत्येक वडामा कृषि उत्पादन संकलन केन्द्र निमार्ण कार्य अगाडि बढाइन्छ ।

१.१३ महिलामैत्री कृषि उपकरणहरू प्रयोगमा ल्याई महिलाहरूलाइ कृषि मार्फत् आर्थिक ससक्तिकरणमा लैजाने नीति लिइने छ । एकल महिला तथा महिला घरमुली भएका परिवारलाइ विशेष प्राथमिकतामा राखिनेछ ।

१.१४ वर्गिकरणमा आधारित कृर्षक परिचय पत्रको व्यवस्था गरी सबै खालका अनुदान, सामाजिक सुरक्षा र जोखिम व्यवस्थापन वर्गिकरणका आधारमा उपलब्ध गराईने छ ।

१.१५ कृषि उत्पादनमा हुने जोखिम न्यूनीकरण र क्षति व्यवस्थापन गर्न जलवायु मैत्री स्थानीयकृत कृषि विमा र कृर्षक मौसम सल्लाह सेवा लागू गरिनेछ ।

१.१६ सामुदायिक भूमि व्यवस्थापन नमूनाको अभ्यास मार्फत् यस पालिकामा रहेको भूमिको वास्तविक पार्श्वचित्र तयार गर्ने र भूमिको प्रकृति अनुसारको जीविकोपार्जन योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

## २. पशु विकास सम्वन्धि नीति :

२.१ गाउँपालिका क्षेत्रभित्रका पशुहरूको लगत लिने तथा सामुदायिक पशुहरूलाई प्रभावकारी रुपमा ब्यवस्थापन गरिनेछ ।

२.२ गोठ सुधार जस्ता कार्यक्रमलाई अगाडि बढाउने नीति लिइनेछ ।

२.३ पशुपालन एवमं माछा पालन व्यवसायलाई प्रोत्साहन गर्न व्यवसायीक कृर्षक मार्फत साझेदारीमा अनुदान प्रदान गर्ने नीति अवलम्बन गरिने छ ।

२.४ मासुजन्य तथा दुधजन्य उत्पादनमा वृद्धि गर्न पशुपालक कृषकहरूलाई प्रोत्सान कार्यक्रम संचालन गरिनेछ ।

२.५ गाउँपालिकालाई अण्डा, मासु र दूधमा ५ बर्ष भित्रमा आत्मनिर्भर बनाउन अण्डा, मासु र दूध विशेष उत्पादनलाई प्रोत्साहन गरिनेछ ।

२.६ पशुपालन व्यबसायमा नश्ल सुधार कार्यलाई जोड दिदै कृर्तिम गर्भाधान गर्ने व्यवस्था गरिनेछ ।

२.७ स्थानीय जातका बाख्राहरूको नश्ल सुधार गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

२.८ नर्सरी ब्यवस्थापन गरि घाँसमा आधारित पशुपालन ब्यवसायमा जोड दिईनेछ ।

२.९ पशुपालन ब्यवसायमा देखिएको घाँसको संकटलाई मध्यनजर गरि डालेघाँस, नर्सरी र विरुवा वितरण गरिनेछ ।

२.१० स्थानीयस्तरमा उन्नत नश्लको उपलब्धता बढाउन प्रत्येक वडामा नमुना कृषि तथा पशु स्रोत फर्म सञ्चालन गरिनेछ ।

**३. सहकारी नीति :**

३.१ “समृद्धिको लागि सहकारी अभियान”लाई सफल पार्न एक सहकारी एक उत्पादनको नीति लिइनेछ ।

३.२ संघीय सहकारी कानून र संघीय सरकारको आर्थिक वर्ष २०७७/७८ को बजेटले गाउँपालिकामा स्थापना हुने सहकारी खेती, पशुपालन तथा उद्योग व्यवसायलाई विशेष छुट तथा सहुलियत प्रदान गरिने प्रावधानलाई उपयोग गरी सहकारी उद्यम तथा व्यवसायलाई प्रवर्द्धन गरिनेछ ।

३.३ सहकारीको माध्यमबाट साना तथा घरेलु उद्योग सञ्चालन गर्न प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्ने नीति लिइनेछ ।

३.४ सहकारीहरूको लेखा तथा सूचना प्रणालीमा एकरुपता कायम गर्ने कार्यको थालनी गरिनेछ। सहकारीहरूको नियमन तथा व्यबस्थापनको लागि सहकारी कार्यमूलक योजना ल्याइनेछ ।

३.५ अनौपचारिक क्षेत्रमा संलग्न महिला, दैनिक ज्यालादारीमा कार्य गर्ने मजदूरहरूलाई सहकारीमा आबद्ध गराउने नीति लिइनेछ ।

३.६ गाउँपालिका क्षेत्र भित्र छरिएर रहेका एवं व्यवस्थित हुन नसकेका सहकारी संस्थाहरूको तथ्याकं संकलन गरी सरोकारवला निकायसँग छलफल एवं वहस गरी सहकारी संस्थाहरूको आवश्यक व्यवस्थापन गरिनेछ ।

३.७ गाउँपालिका क्षेत्र भित्र रहेका सहकारीहरूको सूचना अद्यावधिक गरी सहकारीलाई नियमन गर्दै उनीहरूको क्षमता अभिबृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरीनेछ, यसको लागि गाउँपालिका स्तरिय सहकारी संघ बनाई सहकारी प्रबर्द्धनका कार्यक्रमहरू सञ्चालन गरीनेछ ।

३.८ यस गाउँपालिकामा दर्ता भई सञ्चालनमा रहेका सहकारी संस्थाहरूले आफ्नो लगानीको कम्तीमा ३० प्रतिशत लगानी कृषि तथा पशुपालनको क्षेत्रमा अनिवार्य रुपमा लगाउनुपर्ने व्यवस्था गरीन्छ ।

३.९ सहकारीलाई उत्पालन र सेवा क्षेत्रमा लाग्न उत्प्ररित गर्ने नीति अवलम्बन गरिनेछ ।

**४. उद्योग, व्यापार तथा उद्यमशीलता विकास नीतिः**

४.१ गाउँपालिकाको वडा नं. ४ चोरकाटे स्थित मध्य पहाडी राजमार्ग नजिकै स्थित ५ रोपनी जग्गामा औद्योगिक ग्रामको निर्माण कार्यलाई प्राथमिकताका साथ अघि बढाइनेछ । औद्योगिक ग्राम निर्माणका लागि नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने स्रोत तथा गाउँपालिकाको स्रोतबाट शीघ्र निर्माण कार्य सम्पन्न गर्ने गरी कार्य अगाडि बढाइनेछ।

४.२ गाउँपालिकाको रणनीतिक अवस्थितिलाई उपयोग गरी निजी क्षेत्रलाई औद्योगिक ग्राममा उद्योग व्यवसाय स्थापना तथा सञ्चालन गर्न प्रोत्साहित गरिनेछ। साथै औद्योगिक ग्राममा

संचालन हुने लघु, साना तथा घरेलु उद्योग तथा व्यवसायलाई स्थानीय कर तथा सेवा शुल्कमा विशेष छुट तथा थप सहुलियत प्रदान गरिनेछ।

४.३ गाउँपालिका क्षेत्रमा सञ्चालित लघु, साना तथा घरेलु उद्योगहरूको सूचि तयार गरीनेछ। उक्त उद्योगहरूलाई गाउँपालिकामा दर्ता गराई त्यस्ता उद्योगहरूको प्रबर्द्धनमा गाउँपालिकाले सहजिकरण गर्ने गरी कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ।

४.४ स्थानीय समुदाय, निजी क्षेत्र, प्रहरी, यातायात व्यवसायीसँग सहकार्य गरी आर्थिक तथा पर्यटन क्षेत्रमा योगदान दिने कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक नीतिगत र पूर्वाधारको ब्यबस्था मिलाइनेछ।

४.५ उद्योगी, व्यवसायी तथा स्थानीय समुदायसँगको सहकार्यमा विभिन्न अवसरमा स्थानीय उत्पादनको व्यापार प्रबर्द्धन मेला तथा हाटबजार आयोजना गरिनेछ।

४.६ स्थानीय स्तरमा उपलब्ध हुने कच्चा पदार्थमा आधारित साना उद्यमको विकास गरिनेछ।

४.७ गाउँपालिका भित्र विभिन्न उद्यम संचालन गरिरहेका शिल्पीहरूको सीप उपयोग तथा विकासका लागि प्रोत्साहन गर्ने नीति लिइनेछ। कारोनाका कारणले स्वदेश फर्किएका युवाहरूलाई उद्यम तथा व्यावसायमा आकर्षण गर्न स्वदेशी वस्तुहरूको उत्पादन, प्रबर्द्धन र बजारीकरणलाई प्रोत्साहन गरिनेछ।

४.८ कोरोना संक्रमणको कारणले विदेशमा रोजगारीमा गएका कतिपय गाउँबासी फर्कने क्रममा रहेकाले अनलाईनबाट संकलित तथ्यांक समेतका आधारमा उनीहरूले सिकेको सीपलाई उपयोग गरी उद्यम व्यवसायमा संलग्न गराउन विशेष कार्यक्रम सञ्चालन र प्रोत्साहन गरिनेछ।

४.९ स्थानीय कच्चा पदार्थ एवं अन्य स्थानवाट आयातित कच्चा पदार्थहरू आयात गरी सञ्चालन गर्न सकिने उद्योग व्यवसायको विस्तार गर्न तुलनात्मक लाभका सम्भाव्य उद्यम व्यवसायको पहिचान गरिनेछ।

४.१० विकास साझेदार संस्थाहरूको सहकार्यमा गाउँपालिका भित्र रहेका उद्यमीहरूका लगत संकलन गरी उद्यम र व्यवसाय र प्राविधिक सीपयुक्त मानव संशाधन सम्बन्धी पार्श्व चित्र (प्रोफाइल) तयार गरिनेछ।

४.११ आवश्यकताका आधारमा विभिन्न विषयमा सीपमूलक तालिम सञ्चालन गरिनेछ। सोका लागि गाउँपालिका स्तरीय एकीकृत सीप विकास प्रतिष्ठान सञ्चालनमा ल्याउन आवश्यक अध्ययन गरिनेछ।

४.१२ स्वरोजगारीका अवसर सृजना गर्न युवाहरूलाई लक्षित गरी विभिन्न किसिमका व्यवसायिक तालिमहरू सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइ उद्यम व्यवसायमा आकर्षित गरिनेछ।

४.१३ उद्यमशिलता विकास गर्न उद्यम विकास कोष स्थापना गर्न पहल गरिनेछ। गाउँपालिका क्षेत्र भित्रका उद्यमीहरूले उत्पादन गरेका सामाग्रीहरूको विक्रि वितरणको लागि कोशेली घर र वजार व्यवस्थापनमा जोड दिइने छ।

४.१४ उद्यमशिलता तथा शिप विकासको माध्यमवाट महिला र लक्षित वर्गको आर्थिक शसक्तिकरणको कार्यक्रमलाई प्रवर्द्धन गरिनेछ ।

## ५. संस्कृति तथा पर्यटन नीति :

५.१ "हाम्रो इतिहास हाम्रो गौरव, हाम्रो पर्यटन" भन्ने अवधारणालाई सार्थक पार्नका लागि पर्यटन प्रबर्द्धनको माध्यमबाट स्थानीय जनताको जीवनस्तर उकास्न पर्यटन पूर्वाधारको निर्माण, पर्यटकीय स्थल र उपहरूको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनमा जोड दिने नीति लिइनेछ ।

५.२ नेपाल सरकारको सहयोगमा नेपाली सेनाद्धारा तयार गरिने एकिकरण पदमार्गमा सिरानचोक कोटको ऐतिहासिक गौरवमय योगदानलाई समावेश गर्न विशेष पहल गरिने छ ।

५.३ नेपाल एकिकरणको सर्न्दभमा गोरखा राज्यको सिमानाको रक्षा किल्लाको रुपमा रहेको सिरानचोक कोटलाई ऐतिहासिक स्थल वनाउन तत्कालिन समयमा चौविसे राज्यसँग लडाई गर्ने गोरखाली सेनाका कमाण्डर अमर सिंह थापा, पृथ्वी नारायण शाहका सहयोगी वीर सेना झागल गुरुङको योगदानलाई कदर गर्दै सिरानचोक  गाउँपालिकालाई ऐतिहासिक, पर्यटकीय स्थल घोषणा गर्न विशेष पहल गरिनेछ। साथै हरेक वर्ष श्रावण १६ गते अमरसिंह थापाको स्मृति दिवशमा गाउँपालिका भित्र सार्वजनिक बिदा घोषणा गरिनेछ ।

५.४ वावा गोरखनाथले वाल्यकाल विताएको स्थान श्रीनाथ र वाल्यकाल अवस्थामा हेरचाह गर्ने देवी मण्डली नाथ सम्प्रदायको वसोवास रहेको स्थान जोगी गुफाको शिवालय मन्दिरलाई शक्ति पिठको रुपमा व्यवस्थित गर्न प्रसार प्रसार गरिने छ ।

५.५ आगामी २ वर्ष भित्र ऐतिहासिक पर्यटकीय स्थलको रुपमा विकास गर्न वडा नं. ६ मा अमरसिह पार्क, वडा नं. ५ मा गाग्रे डाडामा नेपाल एकीकरण पार्क तथा सिरानचोक संग्राहलय निर्माण गरिनेछ ।

५.६ आन्तरिक तथा बाह्य पर्यटन प्रबर्द्धनको लागि सिरानचोक सम्बन्धी शब्दहरू उल्लेख गरी रेकर्ड गरिएका गीतहरूको छायाङ्कन सिरानचोक गाउँपालिका भित्र गरिएमा अनुदानको व्यवस्था गरिनेछ ।

५.७ गाउँपालिका भित्र पर्यटन विकास, विस्तार र प्रबर्द्धनका लागि गाउँपालिका स्तरीय पर्यटन गुरुयोजना तयारीका लागि गाउँपालिका क्षेत्र भित्रका सम्पूर्ण धार्मिक धरोहर, शक्तिपिठहरू, तथा पर्यटकीय क्षेत्रको क्रमश विस्तृत आयोजना प्रत्त्विेदन (*DPR*) तयार गरी पर्यटन विकासमा टेवा पुग्ने कार्यक्रम तथा आयोजना तर्जुम गरिनेछ ।

५.८ मौलिक बस्तीमा सम्पदा भवनहरूको संरक्षण तथा निर्माणको लागि निश्चित मापदण्डको आधारमा अनुदान तथा छुट दिने नीति लिइनेछ ।

५.९ यस गाउँपालिका क्षेत्रमा रहेका वन तथा सार्वजनिक क्षेत्रमा सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार कृत्रिम ताल, वोटानिकल पार्क सहितको मनोरञ्जन पार्कको विकास

गरी आन्तरिक तथा वाह्य पर्यटकको गन्तव्य स्थलको रुपमा विकास गर्दै लगिनेछ । यसको लागि गाउँपालिकाले नीतिगत र कार्यक्रम तर्जुमा गर्नेछ ।

**६. रोजगार प्रवर्धन नीति :**

६.१ प्रधानमन्त्री रोजगार कार्यक्रमलाई गाउँपालिकाको सहभागिता समेत हुने गरी प्रभावकारी बनाइनेछ । यस आर्थिक बर्षमा बेरोजगार लक्षित कार्यक्रम संचालनमा जोड गरिनेछ । रोजगारीसहितको सीपमुलक तालिमहरू मार्फत युवाहरूलाइ स्वरोजगार बनाइनेछ । रोजगार सेवा केन्द्रलाई थप व्यवस्थित गरी श्रम बैंक स्थापना गर्ने नेपाल सरकारको योजनालाई गाँउपालिकाको ८ वटै वडा विस्तार गरी सम्बद्ध संस्थाहरूसँगको सहकार्य गरी रोजगार प्राप्तिलाई सहज बनाइनेछ ।

६.२ न्यून आय भई गरिवीको चपेटामा परेकाहरूको तथ्याङक अध्यावधिक गरी उनिहरूको आर्थिक तथा सामाजिक विकासको लागी स्वरोजगारमुलक र सिपमुलक कार्यक्रम संचालन गरीनेछ । साथै गाँउपालिकाले संचालन गर्ने विकास निर्माणको कार्यमा रोजगारी सिर्जना हुने स्थितिलाई बढवा दिईनेछ।

६.३ गाउँपालिकामा स्थायी बसोवास गर्ने न्यून आय भएका, कोभिड–१९ का कारण रोजगारी गुमाएका तथा स्वरोजगार हुन ईच्छुक ब्यक्ति वा समुहहरूलाई सघन ब्यावसायिक तालिम प्रदान गरी आफैले व्यवसाय सञ्चालन गर्न आवश्यक बीउ पूँजीको रुपमा सहुलियत ऋणको रुपमा ब्यबस्था गरिनेछ ।

६.४ गरिबसँग विश्वेश्वर, प्रधानमन्त्री रोजगार कार्यक्रम, आफ्नो गाउँ आफै बनाऔं जस्ता कार्यक्रमहरूमा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरू सञ्चालन गर्दा भूकम्पका साथै कोभिडबाट रोजगारी गुमेका र ज्याला मजदुरी गरी जीवन निर्वाह गरिरहेका आर्थिक रुपमा अति विपन्न तथा संकटासन्न घर परिवारलाई प्राथमिकता दिने नीतिगत व्यवस्था गरिने छ ।

**ख. सामाजिक विकास नीति**

**१. कोभिड १९ रोकथाम तथा नियन्त्रण सम्बन्धी नीति :**

१.१ मानव जातिकै लागि चुनौतिको रुपमा देखिएको विश्वव्यापी महाव्याधी कोभिड १९ (कोरोना भाइरस) महामारीलाई रोकथाम तथा नियन्त्रणका लागि गाँउपालिकाले संघ तथा प्रदेश सरकारसँग समन्वय गरी चेतनामुलक तथा सुधारात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१.२ कोभिड संक्रमणको सम्भावित जोखिममा रहेका नागरीकहरूलाई नेपाल सरकारले तोके बमोजिमका क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाइनेछ । यस कार्यमा आवश्यकता अनुसार छिमेकी स्थानीय तहहरूसँग समेत समन्वय र सहकार्य गरिनेछ ।

१.३ कोभिड १९ को रोकथाम, नियन्त्रण र सम्भावित क्षति न्यूनीकरण गर्न प्रत्येक वडामा आइसोलेसन कक्ष सहितको क्वारेन्टाइन स्थापना गरिनेछ ।

१.४ महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको कोभिड १९ र अपांगता सम्बन्धी

मार्गदर्शन, २०७७ र कोभिड १९ सम्बन्धी कार्ययोजना २०७७, कोभिड १९ सम्बन्धी अन्य मार्गर्शनहरूलाई कार्यान्वयन गरी अति प्रभावित र जोखिममा रहेका व्यक्ति तथा वर्गको स्वास्थ्य, मनोसामाजिक तथा आर्थिक अबस्थामा सुधार ल्याउने कार्यमा विभिन्न विकास साझेदार संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने नीति अवलम्वन गरिनेछ ।

१.५ कोभिड १९ संक्रमित तथा प्रभावितहरूलाई हुन सक्ने सम्भावित घृणा, लाञ्छाना र भेदभावका विरुद्ध सवै वडाहरूमा सचेतनामुलक कार्यक्रमहरूलाई अभियानका रुपमा सञ्चालन गरिनेछ ।

१.६ संक्रमण जोखिम रहदासम्म अशक्त, असहाय एवं आर्थिक रुपले विपन्न गर्भवती महिला, जेष्ठ नागरीक तथा अपांगता भएका ब्यक्तिहरूका लागि राहतका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१.७ गाँउपालिका कार्यालय, विषयगत शाखा तथा वडा कार्यालयहरूबाट सेवा प्रवाह गर्दा भौतिक दुरी कायम गरी स्वास्थ्य सम्वन्धी तोकिएको मापदण्डको आधारमा हेल्थ डेस्क प्रयोगमा ल्याइनेछ । साथै उक्त कार्यालयहरूमा हातधुने सावुन, पञ्जा, सेनिटाइजर, थर्मामिटर गर्ने लगायतका स्वास्थ्य तथा सरसफाई उपकरणहरू प्रयोगमा ल्याइनेछ ।

१.८ गाँउपालिकाको अग्रमोर्चामा रहेर काम गर्ने स्वास्थ्यकर्मी, कर्मचारीहरू, सुरक्षाकर्मी, एम्वुलेन्स चालकहरूका लागि स्वास्थ्य सुरक्षा कवचका रुपमा विभिन्न पिपिई सेटहरू उपलब्ध गराइनेछ ।

१.९ गाँउपालिकामा विभिन्न स्थानमा रहेका क्वारेन्टिनहरूलाई खानेपानी तथा सरसफाई र स्वास्थ्य सुरक्षा सहित व्यवस्थित वनाइनेछ ।

१.१० कोभिड १९ को संभावित जोखिममा परेका नागरिक तथा कर्मचारीहरूका लागि गाउँपालिका मै आरडिटि परिक्षणको ब्यवस्था लाई निरन्तरता दिईनेछ ।

१.११ विभिन्न रोग तथा महामारीको प्रभावबाट मानसिक रुपमा विक्षिप्त व्यक्ति, परिवार तथा समुदायलाई मनोपरामर्श सेवा उपलब्ध गराइनेछ ।

१.१२ एम्वुलेन्स, शवबाहन, दमकल जस्ता सेवा सञ्चालन गरी तयारी हालतमा राख्ने व्यबस्था मिलाइनेछ ।

## २. स्वास्थ्य तथा पोषण नीति :

२.१ स्वास्थ्य चौकी तथा स्वास्थ्य इकाईबाट प्राप्त हुने खोप सेवा, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, पोषण लगायतका जनस्वास्थ्य सेवाहरू र उपचारात्मक सेवाको लागि आवश्यक औषधी, उपकरण तथा स्वास्थ्य सामग्रीको समोचित प्रबन्ध मिलाइनेछ ।

२.२ आधारभूत स्वास्थ्य सेवाका लागि जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति तथा सबै वर्ग र समुदायका जनतालाई स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्यले प्रत्येक वडामा स्वास्थ्य शिविर सञ्चालन कार्यक्रम संचालन गरिनेछ ।

२.३ खोप, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, पोषण जस्ता जनस्वास्थ्यसँग सम्वन्धित

आधारभुत सेवा सुविधालाई प्रभावकारी वनाउन महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन तथा परिचालन गरिनेछ ।

२.४ स्वास्थ्य बिमा कार्यक्रम, जटिल रोग सम्बन्धी घुम्ती शिविर सञ्चालन, रक्तदान र स्वास्थ्य सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

२.५ स्वास्थ्य चौकीमा सुत्केरी भई वडा कार्यालयमा जन्म दर्ता गर्न आउँदा पोषणयुक्त खाना सहयोग कार्यक्रम अन्तर्गत प्रोत्साहन स्वरुप नगद रकम दिने व्यवस्था मिलाइनेछ ।

२.६ गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधि र कर्मचारीहरूको आर्थिक वर्ष २०७७/०७८ देखि लागू हुने गरी गाउँपालिकाद्धारा वार्षिक स्वास्थ्य बीमा गरिनेछ ।

२.७ मदिरा तथा सुर्तीजन्य पदार्थको सेवनबाट मानव स्वास्थ्यमा पर्ने नकारात्मक असरबारे जनचेतना अभिबृद्धि गरिनेछ ।

२.८ गाउँपालिकाबाट सञ्चालन गरिएका स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य क्लिनिकहरूको क्रमिक रुपमा स्तरोन्नती गरी सञ्चालन गरिनेछ तथा सरकारले तोके बमोजिमका औषधी निःशुल्क वितरण गरिनेछ

२.९ "उपाध्यक्ष आमा स्वास्थ्य कार्यक्रम" अन्र्तगत प्रत्येक वडामा आमा समूह स्वास्थ्य बैठक कार्यक्रम सन्चालन गरिने छ । साथै नियमित रुपमा सुत्केरी भेट, मोवाईल स्वास्थ्य, जन्म पूर्व तयारी, अल्ट्रासाउण्ड, गर्भवती स्याहार अभियान, सुरक्षित मातृत्त्व जस्ता कार्यक्रम र अन्य नविनतम् कार्यहरूको थालनी गरिनेछ ।

२.१० गाउँपालिकाका सबै वडाहरूलाई क्रमशः घरमा सुत्केरी शुन्य (शतप्रतिशत संस्थागत सुत्केरी गराउने) वडा लागि आवश्यक कार्यक्रमहरू संचालन गरी गाउँपालिकालाई शत प्रतिशत संस्थागत सुत्केरी गराउने गाउँपालिका घोषणा गरिनेछ ।

२.११ बाल मृत्युदर उल्लेखनिय रुपमा घटाउन आवश्यक नीतिहरू तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।

२.१२ वालवालिकाहरूको पोषणको स्थिती कमजोर देखिएकोले कुपोषण हटाउने किसिमका कार्यक्रम तयार गर्न प्राथमिकता दिइनेछ ।

२.१३ गाउँपालिकामा एक सुविधा सम्पन्न अस्पताल स्थापना गर्ने आयोजना तर्जुमा गरी आ.व. २०७७/७८ बाट शुरु गरिनेछ । स्वास्थ्य चौकीहरू, एकाई तथा विन्दुहरूको सञ्चालन, क्षमता विकास तथा महिला स्वास्थ्य स्वयंसेविकाहरूको क्षमता विकासमा सहयोग पुऱ्याउने लगायत समग्र स्वास्थ्य क्षेत्रको विकासको लागि विभिन्न गैर सरकारी संस्थाहरू तथा सरकारी निकायसँग साझेदारी तथा सहकार्य गर्दै कार्यक्रम सञ्चालन गरिनेछ ।

२.१४ सवै वडामा संचालनमा रहेको सुरक्षित प्रसुती सेवालाई व्यवस्थित वनाईनेछ । प्रसुती प्रतिक्षालय घर, आकस्मिक सुरक्षित प्रसुती कोष साथै जन्म केन्द्रको लागि आवश्यक औजार तथा उपकरणको सहज व्यवस्थापनका लागि आवश्यक कार्यहरू गरिनेछ ।

२.१५ कडा रोग लागेका भनी आधिकारीक चिकित्सकवाट प्रमाणित भएका विमारीको लागि उपचार अनुदान खर्चको व्यवस्थालाई निरन्तरता दिईनेछ ।

२.१६ घर परिवार तहमा स्वास्थ्य सम्बन्धी जानकारी प्रदान गर्नका लागि आमा समूहसँग स्वास्थ्य कुराकानी अभियानको शुरुवात गरिनेछ। साथै प्रत्येक विद्यालयमा शारीरिक तथा मानसिक स्वास्थ्य सम्बन्धी जानकारी मुलक कार्यक्रम सञ्चालन गरिनेछ।

२.१७ विगतका विपद्को घटनाक्रम र नयाँ सृजित हुन सक्ने बिपद्का घटनालाई मध्यनजर गर्दै स्वास्थ्य द्रुत प्रतिकार्य टिमलाई स्थानीय परिवेश र प्रकोपको संभावित महिना अनुसार तयारी अबस्थामा राखिने छ।

## ३. शिक्षा नीतिः

३.१ कोभिड १९ को कारण विद्यालय वन्द रहेको अवस्थामा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम बैकल्पिक विधिहरूको प्रयोग गरी पठन पाठन सुचारु गर्ने व्यवस्था मिलाइनेछ।

३.२ सामाजिक दुरी कायम गरी विद्यालय सञ्चालन गर्न नेपाल सरकारबाट निर्णय भएको अवस्थामा स्वास्थ्य सम्बन्धी मापदण्ड पालना गरी पठनपाठन नियमित गर्न आवश्यक पर्ने पुर्वाधार निर्माण, खानेपानी, शौचालय तथा सरसफाईको प्रबन्ध गरिनेछ। साथै विद्यालय स्तरमा सेनिटरी प्याड वितरण कार्यलाइ सुनिश्चितता गरिनेछ।

३.३ गाउँपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा विद्यार्थी संख्या र तहगत विद्यालय सञ्चालनका आधारमा दरवन्दी मिलान गरिनेछ। दरवन्दी मिलान पश्चात नपुग हुन आउने दरवन्दीमा गाउँपालिकाबाट थप शिक्षकको व्यवस्था गरिनेछ।

३.४ विद्यालयमा दिवा खाजा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।

३.५ जिल्ला स्तरीय खेलकुद प्रतियोगिता, अन्तर विद्यालय स्तरीय खेलकुद प्रतियोगितामा सहभागी हुन जादा आउदाको यातायात खर्च व्यहोरीनेछ।

३.६ सामुदायिक विद्यालयमा कार्यरत शिक्षक कर्मचारीका छोराछोरीहरू सामुदायिक विद्यालयमै भर्ना गरी अध्ययन गराउने नीतिलाई कार्यान्वयन गरिनेछ।

३.७ जीवनउपयोगी, आधुनिक, व्यवसायिक एवं प्रविधियुक्त शिक्षामा जोड दिई सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गरिनेछ।

३.८ गाउँपालिका भित्र र कामको शिलशिलामा बाहिर रहेका विभिन्न क्षेत्रमा आफ्नो विज्ञता हासिल गरेका व्यक्तिहरूको प्राज्ञिक समूह निर्माण गरी विभिन्न क्षेत्रको सम्भावनाहरूको खोजी गर्न विज्ञता परिचालन गरिनेछ।

३.९ यसै बर्ष विद्यालय शिक्षाको स्थानीय पाठ्यक्रम बनाई जारी गरिनेछ र यस तयार गरिने पाठयक्रममा स्थानीय भाषा, रहनसहन, संस्कृति, नागरिक शिक्षा समेत समेटिनेछ।

३.१० आधारभूत तहसम्मको शिक्षा अनिवार्य र माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क गर्न आवश्यक व्यवस्था गरिनेछ। विचैमा विद्यालय छोड्ने प्रवृत्तिलाई निरुत्साहित गर्न बालमैत्री शिक्षण विधि अबलम्बन गरिनेछ।

३.११ जेहेन्दार, गरिब तथा विपन्न वर्गका वालवालिकाहरूलाई आवश्यकता अनुसार पाठ्यपुस्तक, पाठ्यसामाग्री र पोसाक लगायतका सामाग्री उपलब्ध गराई अभिभावकत्त्व प्रदान गर्ने कार्यको शुरुवात गरिनेछ।

३.१२ सामुदायिक विद्यालयका शिक्षक तथा विद्यार्थीहरूको विद्युतीय माध्यमबाट रेकर्ड र रिपोर्टिङ्ग प्रणालीको स्थापना गरी एक वडा एक नमूना विद्यालय कार्यक्रम लागू गरिनेछ। गाउँपालिका क्षेत्र भित्रका सवै विद्यालयहरूमा सि.सि. क्यामेरा र विद्युतीय हाजिरी प्रणाली लागु गरिनेछ।

३.१३ विद्यालय भर्नादर बृद्धि गर्ने तथा कक्षा छोड्ने दर न्यून गर्न विद्यालय भर्ना अभियान र विद्यालय जानका लागि प्रेरित गर्न विभिन्न कार्यक्रम सञ्चालन गरीनेछ।

३.१४ औपचारिक शिक्षाबाट बञ्चित सबैका लागि प्रौढ कक्षा, वैकल्पिक शिक्षा र साक्षरता कक्षाहरू संचालन गर्न सरकारी, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैर सरकारी संस्थासाग सहयोग, समन्वय र सहकार्य गरिनेछ।

३.१५ विद्यालयभित्रका खुला स्थानहरूलाई धुलोमुक्त बनाउने, फलफूलको विरुवाहरू रोप्ने, बाल, लैङ्गिक तथा अपाङ्गतामैत्री शौचालय निर्माण गर्ने, शुद्ध पिउने पानीको व्यवस्था गर्ने, खुल्ला क्षेत्रमा पानी पुनर्भरण (रिचार्ज)को व्यवस्था, फोहोरमैला राख्ने भाँडोको प्रवन्ध गर्ने, सबै बिद्यालयहरूमा बालमैत्री चित्र र सन्देशहरू लेख्ने एवं एउटै रङ्ग लगाउने लगायतका कार्यक्रम सञ्चालन गरिनेछ। हरित विद्यालय निर्माण तथा अनिवार्य पुष्प बाटिका निर्माण कार्यको सुरुवात गरिनेछ।

३.१६ विकास साझेदार संस्थाहरूको सहकार्यमा वालमैत्री, बिद्यालय मानसिक स्वास्थ्य, पठन संस्कृति विकासलाई अगाढी वढाईने छ।

३.१७ बिद्यालयमा अतिरिक्त क्रियाकलाप, बिद्यालय शिक्षक कर्मचारी थप भत्ता, शैक्षिक प्रदर्शनी सामग्रि निर्माण, उत्कृष्ट बिद्यालय शिक्षक प्रोत्साहन, कमजोर सिकाई भएका बिद्यालयहरूलाई थप सहयोग, शैक्षिक अनुसन्धानलाई निरन्तरता दिईने छ।

३.१८ कला सस्कृर्तिको जगेर्ना गर्नका लागि गुरुङ, बराम, कुमाल, मुस्लिम आदि मातृभाषामा पठन कक्षाको सुरुवात गरिनेछ।

३.१९ विभिन्न कारणले बिद्यालयमा शिक्षकको अनुपस्थितीमा रिक्त रहने परिपाटिको अन्त्यको लागि उचित ब्यवस्था गरिनेछ।

३.२० गाउँपालिकालाई शिक्षाको क्षेत्रमा नमुना गाउँपालिका बनाउनको लागि विभिन्न खोज तथा अनुसन्धानको कार्यलाई सामुदायिक विद्यालयहरू बाट सुरुवात गरिनेछ। जस अनुसार आहालभन्ज्याङ मा.वि.मा ऐतिहासिक संग्रालय, महेन्द्रलिला मा.वि.मा बालमैत्रि नमुना बिद्यालय, परोपकार आदर्श मा.वि.मा सास्कृर्तिक संरक्षण, मण्डली मा.वि.मा विज्ञान नमुना प्रयोगशाला र संसारी महेन्द्र मा. वि.मा नमुना खेलकुद बिद्यालयको रुपमा विकास गरिनेछ।

३.२१ शैक्षिक क्यालेन्डर निर्माण गरी बिद्यालयको गतिविधीलाई ब्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

३.२२ शैक्षिक वुलेटिनद्धारा शिक्षा सम्वन्धी क्रियाकलापहरूको प्रकाशन र सार्वजनिकिकरण गरिनेछ।

३.२३ परिमार्जित पाठ्यक्रम, मुल्यांकन प्रणालीमा सुधार ल्याउन शिक्षक तालिमको ब्यवस्था गरिनेछ।

३.२४ गाउँपालिका क्षेत्र भित्रका सबै शिक्षण संस्थाहरूको सूची तयार गरी उक्त संस्थाहरूको अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गरिनेछ। सामुदायिक विद्यालयहरूमा प्रारम्भिक बाल विकास केन्द्र तथा पूर्व प्राथमिक कक्षा सञ्चालन गर्न प्रोत्साहन गरिनेछ। ती केन्द्रहरूमा बालमैत्री गाउँ स्थापनाको सूचक वमोजिमका क्रियाकलापहरू समेत सञ्चालन गरिनेछ।

३.२५ गाउँपालिका क्षेत्र भित्रका विद्यालयको नक्साङ्कन र विशिष्टिकृत कार्यविधि तथा मापदण्ड तयार गरी विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यलाई बैज्ञानिक प्रणाली अपनाई शैक्षिक क्षेत्रको थप व्यवस्थापन र गुणस्तरीय शिक्षामा जोड दिईनेछ।

३.२६ भुकम्पबाट क्षति भएका र पुनःनिर्माण नभएका विद्यालय भवनहरूको पुनःनिर्माणको लागि राष्ट्रिय पुनःनिर्माण प्राधिकरणसँग समन्वय गरी तदारुकताका साथ उक्त भवनहरू निर्माण गर्नका लागि पहल गरिनेछ।

३.२७ आर्थिक वर्ष २०७७/७८ भित्र गाउँपालिकालाई पूर्ण साक्षर गाउँपालिका घोषण गरिनेछ।

## ४. महिला, बालबालिका, किशोरकिशोरी, ज्येष्ठ नागरिक, अपांगता तथा समाज कल्याण नीति :

४.१ गाउँपालिका क्षेत्र भित्र रहेका महिला, एकल महिला, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, बालबालिका र पिछडिएको वर्गको छुट्टाछुट्टै सञ्जाल गठन गरी लक्षित समुदायको सशक्तिकरणमा टेवा पुऱ्याइने छ।

४.२ अपांगता भएका व्यक्तिहरूको जीवनयापनलाई सहज बनाउन उनीहरूलाई आवश्यक पर्ने सहायता सामाग्रीको व्यवस्थापन गर्न विभिन्न सहयोगी व्यक्ति तथा संघ/संस्थाहरूसँग सहकार्य गरिने छ।

४.३ आवश्यकता अनुसार घुम्ति शिविर संचालन गरी अपांगता परिचय पत्र, ज्येष्ठ नागरिक परिचय पत्र, एकल महिला परिचय पत्र वितरण तथा नवीकरण गरी उनिहरूको मौलिक हक र अधिकारको संरक्षण र सम्बर्द्धन गरिनेछ।

४.४ गाउँपालिका स्तरीय एकल महिला सहयोग कोष र अपांगता सहयोग कोष स्थापना गरी सीप विकास र स्वरोजगार तथा आर्थिक सशक्तीकरणमा टेवा पुऱ्याइने छ।

४.५ महिला, एकल महिला, वालवालिका, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, असहायको उत्थानका लागि सम्बन्धित क्षेत्रमा क्रियाशिल संघ/संस्था र गाउँपालिकाको साझेदारीमा सशक्तिकरणका लागि लक्षित वर्ग कार्यक्रम सञ्चालन गरिनेछ।

४.६ विभिन्न आयआर्जनका लागि शिप विकास तालिमका लागि लाभग्राही छनौट गर्दा आर्थिक अवस्था अति कमजोर भएका संकटासन्न व्यक्ति (एकल महिला, असहाय जेष्ठ नागरीक, अपांगता भएका व्यक्ति, दैनिक ज्यालामजदुरी गर्ने आदी) तथा घरपरिवारलाई प्राथमिकतामा राख्ने नीति अवलम्बन गरिने छ। साथै संकटासन्न वर्गको सीप विकास तथा स्वरोजगार र जीविकोपार्जन कार्यक्रम लागि बजेट विनियोजन गरी विकास साझेदारहरूसँग समेत सहकार्य गरिने छ।

४.७ विकासका दृष्टिले पछाडि परेका वडा तथा क्षेत्रको समानुपातिक एवम् सन्तुलित विकासका लागि ती क्षेत्रका समुदायले जुटाउनुपर्ने लागत सहभागिताको भारलाई कम गर्न सकारात्मक बिभेदको नीतिलाई अगाडि बढाइनेछ ।

४.८ बालमैत्री गाउँपालिका घोषण गर्नका लागि बालमैत्री स्थानीय शासनको अवधारणा अनुसार आगामी ३ वर्ष भित्र बालमैत्री स्थानीय शासन कार्यक्रम सञ्चालन गरी बालश्रम रहित गाँउपालिका घोषणा गरिनेछ।

४.९ लैङ्गिक हिंसामा परेका, अति विपन्न, असहाय महिला, बालबालिका, किशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असक्तहरूलाई सहायता, संरक्षण, उद्धार गर्ने कार्य थप प्रभावकारी बनाइनेछ ।

४.१० महिला हिंसा विरुद्ध रहेको विद्यमान कानुनलाई पुर्ण रुपममा कार्यन्वयन गर्न जनचेतना अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।

४.११ हिंसामा परेका महिलाका लागि पुनर्स्थापना केन्द्रको स्थापना र अस्थायी रुपमा आश्रय दिई उनीहरूको क्षमता विकास गरी स्वरोजगारमूलक कार्यमा सहभागी गराउने एवं सम्भव भएसम्म परिवारसँग पुनर्मिलन गराउनका लागि सरकारी तथा गैर-सरकारी संघ/सस्थाहरूसँग समन्वय र सहकार्य गरिनेछ।

४.१२ विपन्न, असहाय तथा असक्तहरूको सहायता, संरक्षण तथा उद्धार गर्न आवश्यक नीतिगत तथा संरचनागत व्यबस्था मिलाइनेछ ।

४.१३ सवै वडाहरूमा वाल क्लव, युवा क्लव गठन र विस्तार गरी वालवालिकाको हक अधिकार स्थापित गर्नको लागि स्थानीय संरचना, निर्णय तथा विकास प्रक्रियामा वालवालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।

४.१४ बालमैत्री गाउँपालिका घोषणा गर्न पुरा गर्नुपर्ने सबै सूचकहरूको बारेमा सवै सरोकारवाला निकाय र समुदायसँग सहकार्य गर्दै आवश्यक संरचना निर्माण, पूर्बाधार विकास र सामाजिक विकासका गतिविधि संचालन गर्न आगामी आर्थिक बर्षबाट तदारुकताका साथ कार्यक्रम सञ्चालन गरिने छ ।

४.१५ वाल विवाह, अनमेल विवाह र दाइजो प्रथा जस्ता सामाजिक विकृति, विसङ्गतिलाई न्यूनीकरण गर्न बनेको विद्यमान कानूनलाई पूर्णता दिन नीतिगत व्यवस्था गरिने छ ।

४.१६ बालबालिकाहरूमाथि हुने हिंसा, विभेद र शोषणलाई अन्त्य गरी बाल अधिकारको प्रवर्द्धन र संरक्षणको सुनिश्चितता गरिनेछ । साथै बाबुआमा गुमाएका बालबालिकाहरूलाई अवस्था हेरी आर्थिक सहयोगको व्यवस्था गरिनेछ ।

४.१७ "कोही पछाडि नछुटुन्" भन्ने मान्यताका साथ एकल महिला, अपाँङ्गता भएका व्यक्ति, द्वन्द्व पिडित, घरवार विहिन, असहाय ज्येष्ठ नागरिक तथा अति गरीब लगायत आर्थिक सामाजिक रुपमा पछाडि परेका परिवारका सदस्यहरूलाई स्वरोजगारमूलक तालिम एवं व्यवसाय सञ्चालन गर्नका लागि आर्थिक सहयोग सहित कार्यक्रमहरू सञ्चालनमा विकास साझेदारहरूसँग समेत सहकार्य गरिनेछ ।

४.१८ विभिन्न जातजातिको परम्परागत ज्ञान र सीपलाई उत्पादनमा जोड्न विशेष पहल गरिनेछ।

४.१९ लक्षित वर्गहरूलाई विकासको मूलप्रवाहमा ल्याउन र सशक्तिकरण गर्न आवश्यकता अनुसार गाउँपालिकामा महिला, युवा, बाल क्लब, दलित, आदिवासी जनजाति समन्वय समिति गठन गरिनेछ। गठन भएका समन्वय समितिहरूलाई लक्षित वर्गको लागि सञ्चालित कार्यक्रमहरूको अनुगमन, मुल्याङ्कन तथा सहजीकरण कार्यमा संलग्न गराईने छ।

४.२० गाउँपालिकाको योजना तर्जुमा गर्दा गरिवी निवारणमा सघाउ पुग्ने, रोजगारमूलक, छोटो समयमा सम्पन्न भई प्रतिफल दिने, कम लगानीवाट बढी जनसंख्यालाई लाभ पुऱ्याउने, तथा जनसहभागिता जुट्न सक्ने किसिमका आयोजनालाई प्राथमिकता दिइनेछ।

४.२१ विपन्न लक्षित समुहका लागि आयमुलक तथा सीपमुलक कार्यक्रम गैरसरकारी संस्था समेतको साझेदारीमा संचालन र निरन्तरता प्रदान गरिनेछ।

४.२२ आदिवासी जनजातिहरूको संस्कृति तथा परम्परा संरक्षण, जनजातिहरूका साँस्कृतिक स्थल तथा सम्पदाहरूको संरक्षणका लागि कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

४.२३ दलितहरूको समान हक र अधिकारको प्रवर्द्धन, निर्णय प्रक्रियामा संलग्नता र उनीहरूको संस्थागत सञ्जाल विकास गर्न जोड दिइनेछ।

४.२४ विभिन्न जातजाति, भाषाभाषी, धर्म संस्कृति र परम्परामा आधारित मठ मन्दिर, गुम्वा, चर्च, मस्जिद विहार जस्ता सम्पदा तथा असल संस्कृतिको प्रर्वधन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४.२५ दलित वर्गको समग्र आर्थिक उन्नतिका लागि परम्परागत पेशालाई आधुनिकीकरण गर्ने कार्यक्रमहरू निरन्तर रुपमा अगाडी बढाइने छ ।

४.२६ विकास साझेदार संस्थाको प्राविधिक सहयोगमा गाउँपालिकाको संस्थागत स्वमूल्याङ्कन र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण सम्पन्न भइसकेको र उक्त परीक्षण पश्चात् निर्माण भएको कार्ययोजना कार्यान्वयनका लागि आवश्यक वजेट व्यवस्था गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ। साथै आगामी आर्थिक वर्षमा पनि गाउँपालिकाको संस्थागत स्वमूल्याङ्कन र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यलाई निरन्तरता दिईनेछ।

४.२७ अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित गरी सशक्तीकरण कार्यक्रमहरू तथा आयआर्जनका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

## ५. खानेपानी तथा सरसफाई सम्बन्धी नीति :

५.१ गाउँपालिका भित्र खानेपानी वितरण प्रणालीलाई सुदृढ गरी गाउँपालिकावासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउने नीति अन्तर्गत परम्परागत पानीको श्रोतको संरक्षण र प्रबर्द्धन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

५.२ प्रत्येक नागरिकको स्वच्छ खानेपानी तथा सरसफाईमा पहुँचको मौलिक हकलाई सुनिष्चित गर्न विकास साझेदार संस्थाहरूसँगको सहकार्यमा खानेपानी तथा सरसफाई गुरुयोजना तयार गरिनेछ। यसैगरी "एक घर एक धारा" को अवधारणा अनुसार खानेपानी योजना

सञ्चालनमा जोड दिईनेछ। साथै आगामी ३ वर्ष भित्रमा एक घर एक धाराको अभियानलाई पूर्णता प्रदान गरिनेछ।

५.३ सार्वजनिक शौचालयहरूको निर्माण, मर्मत सम्भार, स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

५.४ प्लाष्टिकजन्य फोहोरहरूको विर्सजनका लागि समुदाय स्तरमा सघन रुपमा सचेतना फैलाई व्यवस्थित विर्सजन गरिनेछ।

५.५ गाउँपालिकाभित्रको खानेपानीलाई व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि एक खानेपानी तथा सरसफाई बोर्ड निर्माण गरिनेछ।

५.६ पूर्ण सरसफाइ अभियानलाइ निरन्तरता दिदै आगामी पाँच वर्षभित्र पूर्ण सरसफाइयुक्त सिरानचोक घोषणा गरिनेछ।

## ६. युवा तथा खेलकुद नीति :

६.१ "युवाको जाँगर, समृद्ध गाउँघर" अभियान अनुरुप युवाशक्ति परिचालनको नीति अबलम्बन गरिनेछ। यसको लागि युवासँग अर्थपूर्ण सहभागिता र सहकार्यमा जोड दिइनेछ। साथै "एक वडा एक खेलकुद मैदान" निर्माणलाई आगामी ३ वर्षमा सम्पन्न गर्ने अभियानलाई निरन्तरता दिइनेछ।

६.२ युवाहरूको सहयोगी समूहको सूची तयार गरी प्रत्येक वडामा सञ्चालन हुने आर्थिक, सामाजिक विकास कार्यक्रम एवं विकास निर्माणका क्षेत्रमा उनीहरूलाई परिचालन गरिनेछ।

६.३ वातावरण संरक्षण, हरियाली प्रवर्द्धन एवं जनचेतनामूलक कार्यक्रमहरूको आयोजना गर्दा युवाहरूको परिचालनमा विशेष प्राथमिकता दिइनेछ।

६.४ युवाहरूलाई कुलत तथा दुर्व्यसनबाट बचाउन सचेतनामूलक, रोकथाममूलक तथा उपचारात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

६.५ युवाहरूका लागि स्वरोजगारमुलक सीप तथा क्षमता विकासका कार्यक्रमहरू संचालन गर्न आवश्यक पहल गरिनेछ ।

६.६ खेलकुदको माध्यमवाट युवाहरूलाई स्वस्थ र अनुसाशित राख्नका लागि गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ्गसिल्ड प्रतियोगितालाई निरन्तर रुपमा संचालन गरिनेछ। साथै व्यवसायिक खेलाडी उत्पादनमा जोड दिइनेछ।

## ७. सामाजिक सुरक्षा तथा संरक्षण नीति :

७.१ विपन्न तथा बञ्चितीकरणमा परेका महिला, बालबालिका, अल्पसंख्यक जनजाति, प्रकोपको जोखिममा परेका घरपरिवारको तथ्याङ्कको संकलन र अध्यावधिक गरिनेछ र यस्तो तथ्याङ्कको डिजिटल सूचना प्रणालीमा व्यवस्थित गरिने छ।

७.२ नेपाल सरकारले ज्येष्ठ नागरिक, एकल महिला र अपाङ्गलाई उपलब्ध गराएको सामाजिक सुरक्षा भत्ता बन्दाबन्दी अवधीभर घर-घरमै उपलब्ध गराईने अभ्यासलाई निरन्तरता दिइनेछ। प्रत्येक वर्ष "ज्येष्ठ नागरिक सम्मान कार्यक्रम" आयोजना गरिनेछ।

७.३ प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत सूचीकृत बेरोजगारहरूलाई गाउँपालिकाको विकास कार्यमा परिचालन गरिनेछ ।

७.४ गाउँपालिका क्षेत्र भित्रै रोजगारको अवसर श्रृजना गरी जनशक्ति विदेश पलायन हुनवाट रोकिनेछ र स्थानीय उत्पादनलाई जोड दिइने छ । स्तरीय खालको बैदेशिक रोजगारीमा जान चाहने जनशक्तिलाई निजको क्षमता अनुसार आवश्यक अभिमुखीकरण र सीपमूलक कार्यक्रम उपलब्ध गराएर मात्र वैदेशिक वातावरण सिर्जना गरिनेछ ।

७.५ विपन्न, वञ्चितीकरण परेका महिला, बालबालिका, महिला, अल्पसंख्यक जनजाति, प्रकोपको जोखिम परेका घरपरिवारलाई शिक्षा तथा स्वास्थ्य सेवामा पँहुच र रोजगारीका अवसर वृद्धि गर्न लक्षित कार्यक्रमको तर्जुमा र कार्यन्वयन गरी उनिहरूको मर्यादित जिवन सुनिश्चित गरिने छ ।

७.६ लैंगिक हिंसामा परेका महिला तथा बालबालिका लागि एकिकृत संकट मोचन केन्द्रको स्थापना र संचालनको कार्यको शुरुवात गरिने छ ।

## ग. भौतिक पूर्वाधार विकास नीति

### १. आवास, भवन र वस्ती विकास र सार्वजनिक निर्माण सम्बन्धी नीति :

१.१ "भरपर्दो र बलियो स्थानीय पूर्वाधार, बहुआयामिक र दीगो विकासको आधार" भन्ने लक्ष्य सहित सिरानचोक गाउँपालिकालाई जिल्लाकै नमूना गाउँपालिकाको रुपमा विकास गर्न विकास सम्बन्धी विस्तृत अध्ययन अनुसन्धान गरी व्यवस्थित तथा नमूना बस्ती विकासको अवधारणा अवलम्वन गर्ने नीति लिइनेछ।

१.२ गाउँपालिकाको आवधिक विकास योजना तर्जुमा प्रक्रिया अन्तर्गत पाश्वचित्र निर्माण भइ अन्य कार्यहरू भईरहेको र मध्यकालिन खर्च संरचना, यातयात गुरुयोजना लगायत अन्य क्षेत्रगत गुरुयोजनाहरू एवं नीतिहरू आवश्यकता अनुसार तयार गरिनेछ ।

१.३ पुर्वाधार विकासका क्रियाकलापहरू सञ्चालन गर्दा अपाङ्गता भएका व्यक्ति, वालवालिका तथा महिलामैत्री संरचना निर्माण गरिनेछ । साथै विपद् जोखिम संवेदनशीलतालाई केन्द्र विन्दुमा राखी कार्यान्वयन गर्न सघाउ पुग्ने गरी डिजाइन तथा ईष्टीमेट गर्ने व्यवस्था मिलाइने छ ।

१.४ आगामी आर्थिक वर्षभित्र गाउँपालिकालाई खरको छानामुक्त पालिका घोषण गरिनेछ ।

१.५ यस वर्ष छनौट गरिएका आयोजनाहरूलाई *P1, P2* र *P3* मा वर्गीकरण गरी *P1* मा परेका आयोजनाहरूलाई पहिलो चौमासिकमा, *P2* मा परेका आयोजनाहरूलाई दोस्रो चौमासिकमा र *P3* मा परेका आयोजनाहरूलाई तेस्रो चौमासिकमा कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ ।

१.६ भुकम्पवाट क्षतिग्रस्त निजी संरचनाहरूलाई निर्माण वर्षको रुपमा लिई प्रथम र दोस्रो किस्ता वुझिसकेका लाभग्राहीको निजी आवास निर्माण कार्यलाई त्विरता दिइनुका साथै पून छुट तथा गुनासो सर्वेक्षण पश्चात लाभाग्राही सुचीमा सुचीकृत लाभग्राहीहरूको अनुदान रकम प्राप्तीको लागि पहल गरिने छ ।

१.७ सुरक्षित पर्यटकिय गाउँको अवधारणाको विकास गर्दै होमस्टे, भ्यूटावर र पिकनिक स्थल निर्माण र प्रवर्द्धनलाई प्रभावकारी रुपमा सञ्चालन गर्न अध्ययन, अनुसन्धान, विविध तालिम र निर्माण कार्यक्रम सञ्चालन गरिनेछ।

१.८ विकास योजनाहरूमा लागत जनसहभागिता वापत स्थानीय उपभोक्तावाट १० प्रतिशत नगद लागत सहभागिता अनिवार्य ब्यहोर्नु पर्ने नीति अवलम्बन गरिनेछ ।

१.९ पूर्बाधार (सडक, खानेपानी, बिद्युत, सिंचाई) तर्फका नयाँ योजना तथा कार्यक्रमलाई बार्षिक विकास कार्यक्रममा समावेश गर्दा प्राथमिकताक्रम निर्धारण गर्नुका साथै उपलब्ध श्रोतबाट सम्पन्न हुने गरी अधुरा योजनालाई सञ्चालनमा ल्याउने आयोजना र कार्यक्रमलाई प्राथमिकता दिने नीति अवलम्बन गरिने छ।

१.१० बाटोघाटो, सिंचाई कूलो लगायतका भौतिक पूर्वाधारका योजना निर्माण गर्दा भू-क्षय नहुने, पानीका मुहान एवं वन वातावरणमा प्रतिकुल असर नहुने गरी आयोजना निर्माण कार्य संचालन गर्ने नीति अवलम्बन गरिनेछ।

## २. सडक तथा यातायात सम्बन्धी नीति :

२.१ गाउँपालिका क्षेत्र भित्रका सडकहरू व्यवस्थित गर्न ग्रामीण यातायात गुरुयोजना (*Rural Transport Master Plan-RTMP*) तयार गरी कार्यान्वयन गरिने छ। गाउँपालिकाले निर्माण गर्ने सडकहरूको वर्गीकरण गरी कालोपत्रे, सडक ग्राभेल र कच्ची सडकहरूको नामाकरण गरी उक्त सडकहरूमा पर्ने जग्गाको लगत कट्टा गर्न मालपोत तथा नापी कार्यालयसँग आबश्यक समन्वय र सहकार्य गर्दै विस्तृत आयोजना प्रत्त्विेदन *(DPR)* तयार गरी निर्माण र व्यवस्थित गरिनेछ ।

२.२ गाउँपालिका भित्रका सम्पूर्ण सडकहरूको न्यूनतम मापदण्ड *(Minimum Standard)* र सडकको क्षेत्राधिकार *(Right of Way)* को अवधारणाको कार्यान्वयन थालनी भै सकेको हुँदा नियमावली वनाई थप कडाइका साथ कार्यान्वयन गरिनेछ ।

२.३ सडकको दायाँवायाँ बृक्षरोपण गर्ने कार्यलाई अगाडि बढाइनेछ। एक घर पाँच रुखको अवधारणा ल्याई बृक्षारोपण गर्ने कार्यलाई जोड दिइनेछ।

२.४ गाउँपालिकाको रणनीतिक सडकहरूको प्राथमिकता अनुसार क्रमशः ग्राभेल, सोलिङ र पिच/ढलान गर्दै स्तरोन्नति गर्दै लगिनेछ।

२.५ वातावरणीय अध्ययन पश्चात विस्तृत परियोजना प्रत्त्विेदन तयार गरेर मात्र सडक निर्माण र स्तरोन्नति गरिनेछ।

२.६ सडक विकास र स्तरोन्नतिसँग कृषि, पशु विकास, उद्योग व्यवसाय विकासका प्याकेज कार्यक्रम संचालन गरिनेछ।

२.७ सडकको वर्गीकरण, नामाकरण र मापदण्ड अनुसार चौडा गरी नाला, पुल तथा कल्भर्ट समेत सडकको सहायक संरचना समेत सडकको स्तरोन्नति गरिनेछ।

## ३. विद्युत तथा वैकल्पिक उर्जा सम्बन्धी नीति

३.१ गाउँपालिकाको सवै वडा र वस्तीमा विस्तारित विद्युत प्रवाहको कार्यलाई थप व्यवस्थित आवश्यक स्थानमा थप ट्रान्समिटरको व्यवस्था मिलाईने छ।

३.२ आगामी आर्थिक वर्षभित्रै गाउँपालिका भित्र रहेका विद्युत प्रसारणमा प्रयोग भएका सम्पूर्ण काठे पोलहरूलाई फलामे पोलहरूबाट विस्थापित गरिनेछ।

३.३ वैकल्पिक उर्जा सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड र योजना तर्जुमा गरी कार्यान्वयन र नियमनको व्यवस्था गरी स्वच्छ उर्जामा पहुँच बृद्धि गरिनेछ।

३.४ दाउरा र जैविक उर्जाको प्रयोगलाई कम गर्दै लैजान वायोग्यास, सुधारिएको चुलो, बायो ब्रिकेट, विद्युत, सोलार र एलपिग्यास उपयोगको प्रवर्द्धन एवं विस्तार गरिनेछ।

३.५ गरिब तथा विपन्न वर्गसम्म नवीकरणीय ऊर्जा प्रविधिको सुलभ र सरल पहुँच पुर्‍याउन प्रवर्द्धनात्मक र प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

## ४. सूचना संचार तथा विद्युतीय शासन नीति :

४.१ गाउँ कार्यपालिका कार्यालय र अर्न्तगतका सबै वडा कार्यालयहरूमा सोलार र इन्टरनेट जडान गरी गाउँपालिकाको सेवा प्रवाहलाई प्रविधिमैत्रि वडा वनाईने छ। विद्युतीय सुशासन तथा सेवा प्रवाहलाई सुधार र परिस्कृत गर्नको लागि *Internet* सेवालाई पूर्ण रुपमा निरन्तरता दिन र क्षमता बृद्धि गर्न *ISP* सँग समन्वय गरिनेछ ।

४.२ कार्यपालिका कायौलउ तथा वडा कार्यालयहरूवाट हस्तलिखित रुपमा संचालन भएको सेवा प्रवाह पूर्ण रुपमा सुचना प्रविधि मैत्रि वनाउनका लागि यसलाई निरन्तरता दिँदै थप प्रभावकारी वनाउन विभिन्न तालिमद्धारा कर्मचारी र जनप्रतिनिधिहरूको क्षमता विकासको लागि आवश्यक वजेट विनियोजन गरिनेछ।

४.३ गाउँपालिकाको सेवा सूविधा, नीति नियम, सूचना तथा गतिविधिहरू सबै नागरीक समक्ष पुर्‍याउन मोबाईल एप्स 'सिरानचोक गाउँपालिका' डिजिटल सोधपुछ कक्ष, डिजिटल नागरिक वडापत्र र सुचना पाटिको व्यवस्था गरिनेछ। साथै विद्युतीय हाजिरीको व्यवस्था भैसकेकोले यसलाई निरन्तरता दिईनेछ।

४.४ कार्यालयबाट सम्पादन हुने कार्यलाई आधुनिक सूचना प्रणालीको माध्यमबाट सरोकारवालाहरूलाई सुसूचित गर्न गाउँपालिकाको वेवसाइटलाई आवश्यकता अनुसार अद्यावधिक गरिनेछ।

४.५ व्यक्तिगत घटना दर्ता प्रणालीलाई अनलाइनबाट दर्ता गर्ने कार्य थालनी भैसकेको हुँदा यसलाई थप व्यवस्थित बनाई निरन्तरता दिईने छ।

४.६ सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको तथ्याङ्क लाई *Online Entry* गर्ने कार्य सम्पन्न भै सकेको हुँदा सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्यलाई थप प्रभाबकारी, पारदर्शी, व्यवस्थित र भरपर्दो वनाउन बैकिंङ प्रणाली मार्फत वितरण गर्ने कार्यको थालनी भएकोमा यसलाई थप व्यवस्थित बनाइनेछ।

४.७ कार्यालयवाट सम्पन्न गरीने योजना सम्वन्धी सफ्टवेयर तयार एवं प्रयोग गरी योजना सम्झौता लगायत भूक्तानी सम्मको प्रकृयालाई प्रविधिमैत्री एवं सुविधायूक्त वनाउने कार्यको सुरुवात गरिनेछ ।

४.८ कार्यपालिका कार्यलय र वडा कार्यालयवाट सेवा प्रवाह वापत लिईने शुल्क, दस्तुर रकम सफ्टवेयर प्रणाली (*Centralized Computerize Billing*) मार्फत कार्यान्वयन संकलन गर्ने व्यवस्था मिलाइनेछ । यसबाट दैनिक आन्तरिक आम्दानी गाउँपालिका र जुनसुकै वडा कार्यालयवाट समेत तत्काल हेर्न सकिनेछ ।

४.९ गाउँपालिका भित्रका सबै माध्यामिक तथा आधारभूत विद्यालयहरूमा ईन्टरनेट सेवाको पहुँच पुर्‍याई कक्षा १ देखि १२ सम्मको *Mark Calculation* छिटो, छरितो र पारदर्शी नतिजा प्रकाशन गर्न *Marksheet Software* जडान गरिने छ ।

४.१० गाउँपालिका भित्र नयाँ निर्माण गरीने घरको नक्सा पास तथा पुराना निर्माण भईसकेका घरको अभिलेखीकरण विद्युतीय प्रणाली (*EBPS*) मार्फत शुरु गरिने छ ।

४.११ निर्वाचित प्रतिनिधि र कर्मचारीहरूलाई सूचना तथा संचार प्रविधि सम्वन्धी आधारभूत तालिम र अभिमुखिकरण कार्यक्रम संचालन गरी सेवा प्रवाहलाई छिटो छरितो चुस्त दुरुस्त, सेवामूखी र पारदशी बनाउन विशेष पहल गरिनेछ ।

४.१२ वडा कार्यालयहरूवाट जारी गर्ने सम्पूर्ण सिफारिस, प्रमाणपत्रहरू र दर्ता चलानीको कार्यलाई सफ्टवेयर प्रणाली मार्फत संचालन गरी गाउँपालिकालाई पेपरलेस वनाउने कार्यको सुरुवात गरिनेछ ।

४.१३ जिन्सि व्यवस्थापन प्रणालिलाई लागु गर्दै गाउँपलिकामा खरिद गरिने सम्पूर्ण मालसामान जस्तै खर्च भएर जाने, खप्ने मालसामान, ईन्धन व्यवस्थापन, जिन्सि माग र जिन्सि हस्तान्त्रणका साथै मौज्दात मिलान र *Stock* मा रहेको सम्पूर्ण सामानहरूको लेखाजोखा सफ्टवयरको माध्यमवाट गर्ने व्यवस्था मिलाईने छ ।

४.१४ सूचना तथा संचारलाई छिटो र छरितो वनाउनको लागि *Group SMS* सुचारु गरिने छ ।

## घ. वातावरण तथा विपद् व्यबस्थापन नीति :

### १. विपद् व्यबस्थापन नीति :

१.१ कोभिड १९ बाहेकका विपद्हरूको रोकथाम तथा न्युनीकरणका लागि पुर्व तयारी, प्रतिकार्य र पुनर्लाभका कार्यक्रम सञ्चालन गर्न *CADRED/LDRT* लाई आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

१.२ स्थानीय तहमा गठन भएका गाउँपालिका, बिपद् व्यवस्थापन समिति, नीजि क्षेत्र, शैक्षिक संस्था, समूह तथा समितिहरूको विपद् जोखिम व्यवस्थापनमा भईरहेका प्रयासहरू र भाबी दिनमा गर्नुपर्ने कार्यका बारेमा नियमित छलफल तथा बैठकको आयोजना गरिने छ । यसका लागि विपद् व्यवस्थापन समिति र विषयगत समितिलाई जिम्मेवार बनाईनेछ ।

१.३ कर्पस फण्डमा धेरै सरोकारवालाको सहभागिता गराईनेछ र सोको लागि आवश्यकता अनुसार कार्यबिधि परिमार्जन गरिने छ ।

१.४ विपन्न तथा पछाडि परेका वर्गको साक्षरता र सशक्तिकरणका लागि रिफ्लेक्ट कक्षाहरू सञ्चालनमने कार्यलाई नियमित गरिने छ

१.५ स्थानीय तहमा पहिचान भएका प्रकोपको पूर्व सुचनामा संकटासन्न समुदायको सहज पुहँच र पूर्वतयारी कार्यको सुनिस्चित गरिनेछ ।

१.६ विगत देखी दोहोरीरहने प्रकोप र सृजित हुन सक्ने प्रकोपका बारेमा नियमित अनुगमन र सो बारेमा गाउँपालिकाबासी सबलाई जानकारी प्रदान गरीने छ । गाउँपालिकामा स्थापित स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्रलाई सशक्त बनाईने छ ।

१.७ भूकम्प, बाढी, पहिरो, आगलागी जस्ता प्राकृतिक प्रकोपका कारण वा जीर्ण भई बसोबास गर्न नमिल्ने अवस्थाको घरहरूको स्थलगत निरीक्षण र प्रत्त्विदन लिई बस्न अयोग्य घरहरूलाई प्रत्त्विदनका आधारमा सम्पत्ति कर छुट दिइनेछ । त्यस्तो छुट सुविधा लिएका घरहरूबाट मानवीय क्षति हुन नदिन अनिवार्य रुपमा भत्काउने व्यवस्था लागू गरिनेछ ।

१.८ विपद्को समयमा उद्दार गर्न हरेक वडामा एक तालिम प्राप्त विपद् उद्दार समुह गठन गगरिएको छ । उक्त समुहलाई विपद्मा उद्दार गर्ने आवश्यक सामाग्री समेत उपलब्ध गराइने छ ।

१.९ विपद् तथा प्रकोपको समयमा हेलीकप्टरबाट पनि उद्दार गर्नुपर्ने आवश्यकतालाई महशुस गरी गाउँपालिका क्षेत्र भित्र ८ वटै वडामा हेलीप्याड निर्माण गर्ने कार्यलाई अगाडि बढाउन आवश्यक वजेट विनियोजन गरिनेछ ।

१.१० वन क्षेत्रको अतिक्रमण र आगलागी नियन्त्रण गर्न आवश्यक कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ ।

१.११ विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना र जोखिम न्यूनीकरण कार्ययोजना तय गरी लागू गरिनेछ ।

१.१२ विपद् व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय समुदाय, संघ/संस्था, निजीक्षेत्रसँग सहयोग, समन्वय र सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ ।

१.१३ सडक यातायातको सडक दुर्घटना कम गर्न तथा दुर्घटना पश्चात तत्काल उद्धारको कार्य गर्ने व्यवस्था मिलाइने छ ।

१.१४ विपद् उद्धारकर्ताहरूलाई सक्रिय बनाइनेछ र विपद्को समयमा उद्धार भत्ता उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

१.१५ विपद् प्रभावित व्यक्तिहरूलाई तत्काल उद्धार गरी व्यवस्थापन गर्नको लागि प्रत्येक वडामा कम्तीमा २ वटा आश्रय स्थलको व्यवस्था गरी संचालनको व्यवस्था गरिनेछ ।

१.१६ नयाँ सडक निर्माण परम्परागत भलकुलो अवरुद्ध गरी ल्याएको सडकभल समस्यालाई समाधान गर्ने योजना निर्माण गरिनेछ ।

## २. वातावरण तथा फोहोरमैला व्यबस्थापन नीति :

२.१ शून्य फोहोर विसर्जनको अवधारणालाई अवलम्बन गरिनेछ। साथै स्रोतमै फोहर छुट्टाएर संकलन गर्ने प्रणाली लागु गरिनेछ। घरबाट उत्सर्जित हुने जैविक फोहोरलाई कम्पोष्ट मल बनाई व्यबस्थापन गर्न प्रेरित गरिनेछ। चिकित्साजन्य र अन्य हानिकारक फोहोरलाई छुट्टै विसर्जन गर्ने ब्यबस्था मिलाइनेछ।

२.२ फोहोर वस्तुको प्रशोधन र पुनःप्रयोग गर्ने तथा फोहोर बस्तुबाट नयाँ वस्तु उत्पादनमा कार्य गरिरहेका सामुदायिक संस्था, निजी, गैर सरकारी संस्थाको सञ्जाल निर्माण गरी प्रोत्साहन दिइनेछ।

२.३ फोहरमैलाको उपयुक्त ब्यवस्थापन, वर्गीकरण, कम्पोष्टिङ्ग तथा पुनः उपयोग सम्बन्धी ब्यवस्था मिलाउन गाउँपालिका भित्र कार्य गर्ने विभिन्न गैर सरकारी संस्था, सामाजिक संस्थाको सहभागितामा सामाजिक परिचालन र जनचेतना अभिवृद्धि गर्न पहल गरिनेछ ।

२.४ फोहोरमैला संकलन र ब्यवस्थापन कार्यलाई दिगो तुल्याउन सार्वजनिक नीजि साझेदारीको अवधारणा अनुरुप निजी संघ/संस्थासँग समन्वय गरी अगाडि बढाइनेछ।

## ३. हरियाली प्रबर्द्धन नीति :

३.१ एक घर पाँच रुखको कार्यक्रमलाई अभियानका रुपमा निरन्तरता दिइनेछ। गाउँपालिका क्षेत्रलाई सफा र सुन्दर बनाउन मूल सडक र सहायक सडक मोहडामा अवस्थित भवन तथा भौतिक संरचना, कम्पाउण्डवाल समेतमा तोकिए बमोजिम रंगरोगन गर्न प्रोत्साहित गर्ने नीति लिइनेछ।

३.२ वातावरणमैत्री स्थानीय शासनका सूचकहरूलाई अबलम्बन गरी वातावरण बचाउ अभियानलाई कडाईका साथ कार्यान्वयन गरिने छ।

३.३ प्राकृतिक वातावरण संरक्षणको लागि विविध रचनात्मक क्रियाकलापहरू जस्तै वृक्षारोपण, सुधारिएको चुलो तथा वायोग्याँस जडान लगायत कार्वन उत्सर्जन घटाउने नविनतम कार्यक्रमहरू संचालन गरिनेछ।

३.४ वातावरणमैत्री गाउँ बनाउन आवश्यक पर्ने स्रोत साधन तथा प्राविधिक सहयोगलाई विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय निकायसँग सहकार्य तथा साझेदारीमा विविध कार्यक्रमहरू सञ्चालन गरिनेछ।

३.५ सामुदायिक वन उपभोक्ता समिति तथा वन डिभिजन कार्यालयको संयुक्त प्रयासमा एक वडा एक नर्सरी कार्यक्रम संचालन गरिनेछ ।

३.६ वनजङ्गल क्षेत्रमा वृक्षरोपण गर्न "एक बस्ती एक वृक्षारोपण क्षेत्र, एक व्यक्ति एक विरुवा वृक्षारोपण" कार्यक्रमलाई निरन्तरता दिइनेछ।

## ४. जलवायु परिवर्तन अनुकूलन नीति :

४.१ सार्वजनिक जग्गामा बृक्षारोपण गर्ने नीति लिई वातावरण संरक्षणका कार्यक्रम संचालन गरिनेछ।

४.२ एक वडा एक पोखरी, एक वडा एक पार्क, एक वडा एक वालवाटिका पार्क निर्माण गर्ने कार्यलाई क्रमशः कार्यान्वयनमा ल्याईने छ । गाउँको सार्वजनिक जग्गामा सार्वजनिक पार्क/बोटानिकल गार्डेन निर्माण गरी सार्वजनिक जग्गाको संरक्षण गरिनेछ ।

४.३ गाउँपालिका भित्रका विभिन्न डाँडाहरूमा जमीनमूनिको पानी डिपबोरिङबाट वाहिर निकाली खानेपानी तथा सिंचाईको लागि सहज आपुर्ती गर्ने कार्यमा प्राथमिकताका साथ काम गरिनेछ ।

४.४ गाउँपालिका क्षेत्र भित्रका खोला तथा पानीका मुहान, ताल, पोखरी, कुवा, धारा आदिको संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

४.५ गाउँपालिका क्षेत्र भित्रका सम्पूर्ण पानीको स्रोतको सर्भेक्षण एवं संरक्षण गर्ने नीति लिई आवश्यक सूचना संकलन गरिनेछ ।

४.६ विकास योजना संचालन गर्दा प्रदेश र स्थानीय कानूनी व्यवस्था अनुसार संक्षिप्त वातावरणीय अध्ययन (*Brief Environment Study-BES*), प्रारम्भिक वातावरणीय मूल्यांकन (*Initial Environment Examination-IEA*) र वातावरणीय प्रभाव मूल्यांकन (*Environment Impact Assessment-EIA* ) गर्ने परिपाटीलाई संस्थागत गर्दै लगिनेछ ।

४.७ भू-क्षय, वाढी, पहिरो, आगलागी, डढेलो नियन्त्रणका लागि सम्बन्धित निकाय र संघ/संस्थाहरूसँगको समन्वयमा कार्यक्रम संचालन गर्न विशेष पहल गरिनेछ ।

४.८ वातावरणमा महत्त्वपूर्ण भूमिका रहने एक गाउँ एक पोखरीको अवधारणालाई विवरण एकिन गरी अनिवार्य रुपमा कार्यान्वयन गर्ने ।

४.९ जलबायु परिबर्तनले स्थानीय तहमा पारेको प्रभाब र अनुकूलनको उपायका बारेमा समन्वयात्मक रुपमा कार्यक्रम संचालन गरिनेछ ।

४.१० जैविक विविधताको संरक्षण गर्न र हाल भई रहेको खानेपानीका श्रोतहरू सुक्दै गएकोले प्रत्येक वडामा कम्तिमा एक वटा परम्परागत पोखरीहरू निर्माण गरिनेछ ।

## ङ. सुशासन तथा संस्थागत विकास नीति

### १. संस्थागत विकास नीति :

१.१ गाउँपालिकाको संगठन व्यवस्थापन सर्वेक्षण गरी स्थानीय सेवाको माग, आन्तरिक श्रोत र आवश्यकता अनुसार संगठन संरचना, कर्मचारी दरबन्दी र शाखा/इकाई र कर्मचारीको कार्यविवरण तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१.२ कर्मचारीको कार्यसम्पादनको मूल्यांकन गरी पुरस्कार र दण्डको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ। कर्मचारीको क्षमता विकास, अनुशासन, वृत्ति विकासमा सहायोग पुग्ने खालका तालिमहरू संचालन गरिनेछ साथै कर्मचारी प्रशासनलाई जवाफदेही, प्रतिस्पर्धी र उत्प्रेरित बनाइनेछ ।

१.३ गाउँपालिकाबाट प्रवाह गरिने साार्वजनिक सेवालाई स्वच्छ, निश्पक्ष, पारदर्शी र सेवाग्राहीमैत्री बनाई महत्त्वपूर्ण जिम्मेवारीमा रहेका कर्मचारीहरूसँग कार्यसम्पादन करार सम्झौता गरी नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्वन गरिनेछ ।

१.४ गाउँपालिकाका जनप्रतिनिधिहरूको क्षमता विकास गर्न तालिम तथा प्रशिक्षण कार्यक्रमलाई थप प्रभावकारी बनाई सञ्चालन गरिनेछ ।

१.५ गाउँपाालिकाका करारमा कार्यरत कर्मचारीहरूको व्यवस्थापन गर्नका लागि विशिष्टीकृत कानूनका रुपमा कर्मचारीहरूको सेवा, सर्त र सुविधाहरू उल्लेख गरी सिरानचोक गाउँपालिका सेवा ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

१.६ गाउँपालिका क्षेत्र भित्र कुनै पनि गैरसरकारी संस्थाले कार्यक्रम संचालन गर्नु पूर्व अनिवार्य रुपमा गाउँपालिकासँग अनुमति लिई सम्झौता गरेर मात्र कार्यक्रम अगाडि बढाउनु पर्ने नीतिलाई कडाईका साथ लागु गरिनेछ ।

१.७ गाँउपालिका र विभिन्न गैरसरकारी संस्था मार्फत संचालित कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा बढी बढी भन्दा विपन्न तथ बंचितीकरणमा परेका वर्गको पँहुच सुनिश्चित गर्न गैर सरकारी संघ/संस्थासँगको साझेदारीमा कार्यक्रमको संचालन गर्न साझेदारी र्नीति तर्जुमा गरी लागु गरिने छ ।

१.८ जनतामा प्रवाह गरिने सेवालाई थप प्रभावकारी बनाउन जनप्रतिनिधि, कर्मचारी, समुदाय तथा नागरिक समाजको  क्षमता विकास सम्बन्धी कार्कममहरू संचालन गर्न क्षमता विकास योजना तयार गरी कार्यान्वयन गरिनेछ । क्षमता विकास योजना तर्जुमा गर्दा गाउँपालिकाको संस्थागतग स्वमूल्याकंनबाट पहिचान भएका संस्थागत विकास खाडल रहेका क्षेत्रहरूमा केन्द्रित गरिनेछ ।

१.९ क्षमता विकास योजना अनुसार जनप्रतिनिधी र कर्मचारीहरूको क्षमता विकासका लागि आवश्यक गोष्ठी, तालिम, प्रशिक्षण कार्यकम तर्जुमा गरी कार्यान्वयनका लागि आवश्यक बजेटको ब्यबस्था गरिनेछ  ।

१.१० गाउँपालिकाको प्रशासनिक व्यवस्था, सांगठनिक संरचना र संस्थागत प्रणालीलाई भरपर्दो, चुस्त, दुरुस्त, विश्वासनीय र प्रभावकारी बनाई गाउँपालिकाबासी प्रति उत्तरदायित्वमा बृद्धि गरिनेछ ।

१.११ गाउँपालिका क्षेत्र भित्र उपभोक्ता समिति मार्फत गरिने कार्यलाई प्रभावकारी, पारदर्शी, छिटोछरितो र सहजीकरणका लागि उपभोक्ता समितिका पदाधिकारीलाई कार्य थालनी पूर्ब अनिवार्य रुपमा व्यवस्थापकीय र प्राविधिक विषयमा तालिम प्रदान गरिनेछ ।

१.१२ गाउँपालिका र वडा कार्यालयवाट संचालन हुने आयोजना, परियोजना र सेवा प्रवाहका सम्वन्धमा सम्पूर्ण सरोकारवालाहरू विच पारदर्शिता एवं जवाफदेहिता प्रवर्द्धनका लागि नागरिक वडा पत्र, रेडियो संवाद कार्यक्रम र प्रत्येक चौमासिक रुपमा गाउँपालिका र वडास्तरिय सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिनेछ  ।

१.१३ गाउँपालिका क्षेत्र भित्र निश्चित योग्यता पुगेका विद्यार्थिहरूका लागि लोक सेवा आयोग कक्षाहरू सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गर्नका लागि वजेट विनियोजन गरी निश्चित मापदण्ड वनाई सहभागी गराईनेछ ।

१.१४ वडा समिति सदस्य, कर्मचारी र कार्यालयको भौतिक क्षमता विकास गरी आधारभुत सेवाहरू वडा कार्यालयलाई सेवा केन्द्रको रुपमा विकास गरी गरी सेवा उपलब्ध गराउन आवश्यक क्षमता विकास, भौतिक तथा संस्थागत पूर्वाधारको विकास गर्न आवश्यक वजेट र जनशक्तिको व्यवस्था गरिनेछ ।

१.१५ प्राविधिक कर्मचारीहरूको क्षमता अभिवृद्दिको लागि *GIS/E-Procument* र आयोजना व्यवस्थापन र वातावरणीय अध्ययन सम्बन्धी तालिमको निममितरुपमा संचालनको व्यवस्था गरिनेछ ।

## २. सुशासन नीति :

२.१ गाउँपालिकाबाट सञ्चालन हुने सबै प्रकारका आयोजना तथा कार्यक्रमको नियमित अनुगमन तथा मुल्याङ्कन गर्दै उक्त कार्यक्रमहरूको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, प्रगति समीक्षा जस्ता कार्यहरूबाट पारदर्शिता एवम् स्थानीय शुसासन कायम गरिनेछ ।

२.२ गुनासो सुन्ने र समाधान गर्ने परिपाटिको विकास गर्न गाउँपालिका भित्र गुनासो सुन्ने अधिकारी तथा गुनासोको कारवाही गर्ने संयन्त्रलाई थप व्यवस्थित बनाइने छ। चौमासिक रुपमा नतिजामूलक अनुगमन तथा मुल्याङ्कनको सिद्धान्त अनुसार आयोजनाहरूको अनुगमन प्रत्विेदन तयार गरी गाउँ कार्यपालिकाको वैठकमा प्रस्तुत गर्ने व्यवस्था मिलाइनेछ।

२.३ गाउँपालिकाका काम कारबाहीहरूलाई पारदर्शी, जवाफदेही र जनउत्तरदायी बनाउनका लागि चौमासिक प्रगति समिक्षा सहितको पत्रकार भेटघाट गर्ने कार्यको सुरुवात गरिनेछ।

२.४ गाउँपालिकाका सबै वडा कार्यालयहरूमा गुनासो सुन्ने अधिकारी, हेल्प डेक्स र नागरिक वडापत्र राखिएकोमा सो व्यवस्थालाई थप प्रभावकारी बनाईनेछ।

२.५ कार्यपालिका र अर्न्तगतका शाखा तथा ईकाईहरूले प्रवाह गर्ने सार्वजनिक सेवाको गुणस्तर सुधार र सबै नागरिकको सहज पँहुच सुनिश्चिताका लागि सेवाग्राही नागरिकको सहभागितामा प्रत्येक चौमासिक रुपमा सामुदायिक अंक निर्धारण तालिकाको विधिबाट सेवाको गुणस्तर मापन गरिने छ। यस प्रकार मापन गरेको परिणाम बमोजिम सेवा सुधारका लागि कार्य योजना बनाई लागु गरिने छ।

२.६ स्थानीय न्यायिक प्रणालीलाई स्वतन्त्र, निष्पक्ष, पहुँचयोग्य, सक्षम एवं विश्वसनीय बनाईनेछ। सवै वडा कार्यालयमा मेलमिलाप केन्द्र सञ्चालन गरी मेलमिलाप हुने प्रकृतिका विवादहरू वडास्तरमै निरुपण तथा मध्यस्था गर्ने व्यवस्था मिलाईएको यस कार्यलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ। साथै गाउँपालिकामा दर्ता भएका विवादहरूको निरुपण गर्नका लागि गाउँपालिकामा एक न्यायिक निरुपण कक्षको स्थापना गरिनेछ।

२.७ न्यायिक काम कारवाहीलाई सूचना प्रविधिसँग आबद्ध गरी विवादको दर्ता, मेलमिलाप, सुनुवाई तथा निर्णय कार्यान्वयनलाई व्यवस्थित गरिनेछ।

२.८ असहाय बालवालिका लैङ्गिक हिंसा न्यूनीकरण र नागरिकहरूको न्यायमा पहुँच पुग्ने गरी अति आवश्यक वडाहरूमा रिफ्लेक्ट कक्षा संचालन गरिनेछ ।

२.९ समाजमा ब्याप्त लैङ्गिक हिंसालाई न्यूनीकरण गर्नका लागि लैङ्गिक हिंसा न्यूनीकरण कोष स्थापना गरी सो सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

२.१० वडा कार्यालयहरूमा नागरीक वडापत्र तयार गरी कार्यान्वयनमा आईसकेको छ भने गाउँपालिकाबाट जनतालाई उपलब्ध गराइने सेवा सुविधाको विस्तृत विवरण समावेश भएको गाउँपालिकाको विद्युतीय नागरीक वडापत्र तयार गरिनेछ । साथै आगामी दिनमा आवश्यकता अनुसार तोकिएको समयमा सेवा प्रवाह, लाग्ने दस्तुर लगायत समय र जिम्मेवार कर्मचारी समेत तोकी सेवा प्रवाहलाई जनमुखी र पारदर्शी बनाई सुशासन कायम गरिनेछ ।

२.११ गाउँपालिका र वडा कार्यालयमा उत्कृष्ट कार्य गर्ने कर्मचारी तथा संस्थाको पहिचान गरी पुरष्कृत गर्ने परिपाटिलाई निरन्तरता दिईनेछ । त्यसै गरी उत्कृष्ट शिक्षक, उत्कृष्ट सामाजिक परिचालक, महिला स्वास्थ्य स्वयंसेविका, आमा समुह, महिला समुह, सहकारी, वन समुह, कृषक समुह, टोल विकास समुह, निर्माण व्यवसायी, उपभोक्ता समिति लाई पनि पुरष्कृत गरीने परिपाटीको सुरुवात गरिनेछ ।

२.१२ निर्वाचित पदाधिकारी र कर्मचारीहरूको आचारसंहिता तयार हुने क्रममा रहेको र सो तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।

## ३. राजस्व परिचालन सम्बन्धी नीति :

३.१ कोरोना महाव्याधीबाट प्रक्ष्यक्ष र परोक्ष प्रभावित गाउँवासीलाई प्रवाह गर्ने सेवामा सुधार गरिनेछ र करको बोझवाट राहत दिलाउन कर प्रणालीलाई यथार्थ आर्थिक कारोवारमा आधारित गर्नुका साथै आर्थिक कारोवार नभएको सयमको करको भार नबढाइने नीति लिइने छ ।

३.२ व्यवसाय करको दायरालाई विस्तार गर्न अनौपचारिक रुपमा सञ्चालनमा रहेका सवै प्रकारका व्यवसायलाई दर्ता तथा अभिलेखीकरण गरी गाउँपालिकाबाट प्रवाह हुने सेवासँग आबद्ध गरिने छ । गाउँपालिकाले लगाउने व्यवसाय करलाई उद्यम व्यवसायको प्रकार र पुँजिगत लगानीको आधारमा वर्गीकरण गरी लगानीको न्यूनतम प्रतिशतको दरमा लागु गरिनेछ ।

३.३ गाउँपालिकामा सञ्चालनमा रहेका सम्पूर्ण उद्यम व्यवसायलाई औपचारिक रुपमा दर्ता हुन आएमा निश्चित अवधिसम्म करमा विशेष छुट तथा थप सुविधा प्रदान गर्ने नीति लिइने छ ।

३.४ मध्य पहाडी राजमार्ग तथा छिमेकी नगरपालिकाहरूलाई आवश्यक पर्ने निर्माण सामग्रीका रुपमा प्रयोग हुने ढुङ्गा, गिट्टी, वालुवा र माटो विक्रीको विक्रीको लागि वातावरणीय परीक्षण गरी विक्रीको व्यवस्था गरिने छ । सम्भव भएसम्म प्रशोधन व्यवसाय गाउँपालिकामा नै

स्थापना गरी रोजगारी श्रृजना र मूल्य अभिबृद्धि गरी विक्ररी गर्ने नीति लिइने छ । यस कार्यमा छिमेकी नगरपालिका तथा गाउँपालिकाहरूसँग पनि संस्थागत समन्वयको व्यवस्था गरिने छ ।

३.५ राजस्वका दरहरू पुनरावलोकन र कोभिडका कारणले करदातालाई निश्चित छुटहरू मार्फत प्रोत्साहन गरी बढी राजश्व आम्दानी गर्ने वातावरण निर्माण गरिने छ ।

३.६ करदाता शिक्षा, महामारीको शिलशिलामा कर अंकमा छुट दिने, सूचना संकलनमा शिक्षक तथा विद्यार्थीको प्रयोग गर्ने, बढी कर तिर्नेलाई पुरस्कृत गर्ने, कर शिक्षा प्रदान गर्ने आदि कार्यक्रम मार्फत करदातालाई प्रोत्साहन गरी करदाता मैत्री वातावरण सिर्जना गर्ने प्रयास गरिने छ ।

३.७ गाउँपालिकाको आन्तरिक श्रोत साधनको प्रभावकारी परिचालन गर्न प्रगतिशील कर प्रणालीको विकास, सक्षम कर प्रशासनको निर्माण, करका दायरा बिस्तार र राजश्व चुहावटको नियन्त्रणलाई प्रभावकारी बनाइनेछ ।

३.८ गाउँपालिकाले प्रवाह गर्ने सेवासँग सम्पत्ति कर, बहाल कर, व्यवसाय कर र विज्ञापन करलाई एकीकृत रुपमा आबद्ध गरिनेछ ।

३.९ आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण र कर परीक्षण कार्यलाई प्रभावकारी बनाइनेछ ।

३.१० गाउँपालिकाले संकलन गर्ने कर, सेवा शुल्क तथा जरिवाना बैकिंग प्रणालीबाट मात्र लिने नीति अवलम्बन गरिनेछ ।

३.११ नेपालको संविधानको अनुसूची ८ को एकल अधिकार क्षेत्र भित्र रही श्रोत परिचालनलाई समतामुलक, प्रगतिशिल र न्यायपूर्ण पद्धती अपनाई कर तथा राजश्वको दर निर्धारण गरिने छ । सवै सरोकारवाला करदाताहरूको सहभागितामा राजश्व अभिबृद्धि गरी कुल वजेटमा आन्तरिक आम्दानीको हिस्सालाई बढाइदै लगिने छ ।

३.१२ विकास साझेदार संस्थाहरूको सहकार्यमा गाउँपालिकाको राजश्व सुधार कार्ययोजना (*Revenue Improvement Action Plan*) तयारीको क्रममा रहेको र योजनामा दर, दायरा रर राजस्व प्रशासनमा सुधार गर्ने कार्यक्रमलाई कार्यान्वयन गरी आन्तरिक राजश्व बृद्धि गर्न आवश्यक पहल गरिनेछ ।

## ४. योजना व्यवस्थापन सम्बन्धी नीति :

४.१ आगामी आर्थिक वर्षमा गाँउपालिकाको आवधिक योजना र खानेपानी तथा सरसफाई गुरुयोजना तयार गरी लागु गरिनेछ ।

४.२ जोखिम संबेदनसिल एकिकृत योजना तर्जुमा र कार्यान्वयनका लागि क्षमता अभिबृद्धि गरिनेछ ।

४.३ योजनावद्द विकास र समावेशी विकासलाई टेवा पुऱ्याउनका लागि ७ चरणको योजना तर्जुमा सम्वन्धि तालिमको संचालन गरी वार्षिक योजना तथा बजेट तर्जुमा प्रकृयालाई ब्यवस्थित गरिनेछ ।

४.४ गाउँपालिकाको आवधिक, विषय क्षेत्रगत, बार्षिक योजना तथा बजेट तर्जुमा प्रक्रियालाई समावेशी र सहभागीमुलक बनाउनका र विपन्न तथा वञ्चितिकरणमा परेका महिला, बालबालिका, दलित, जनजाति, अपाङ्ग, जेष्ठ नागरिकको आवाजलाई योजना तर्जुमाको विभिन्न चरणहरूमा प्राथमिकताका साथ समेट्न र जनप्रतिनिधिसँगको उनीहरूको प्रत्यक्ष संवाद मार्फत जोड्न डिजिटल प्रविधिको अवलम्बन गरिनेछ ।

४.५ आवधिक योजना र मध्यकालिन खर्च संरचना अनुसार नतिजामूलक ढाँचामा प्राथमिकताक्रम निर्धारण समेत बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ ।

४.६ नीति, योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन कार्यविधि निर्माण गर्ने र सो अनुसार योजना तयार गरी नियमित, बार्षिक, मद्यावधी र आवधिक प्रक्रिया तथा नतिजा अनुगमन एवं चौमासिक र बार्षिक समीक्षा प्रमुख आयोजनाको प्रभाव मूल्याङ्कनको व्यवस्था गरिनेछ ।

**अन्त्यमा,**

प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनवाट सिरानचोक गाउँपालिकाको विकास र समृद्धिको यात्रामा उल्लेखनिय योगदान पुग्ने अपेक्षा गरेको छु । साथै सिरानचोक गाउँपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउन नेपाल सरकार, गण्डकी प्रदेश सरकार, विकास साझेदार निकायहरू, निजी क्षेत्र, सम्पूर्ण कर्मचारी, गैर सरकारी तथा नागरिक समाज संस्था, मतदाता र सम्पूर्ण वुद्धिजीवी एवं प्रवुद्ध वर्ग र स्थानीय राजनीतिक दलहरूमा हार्दिक अपिल गर्दछु ।

धन्यवाद ।

जय सिरानचोक !!!

**राजु गुरुङ**
अध्यक्ष

# २.५ गाउँसभामा उपाअध्यक्ष श्री रीता देवकोटाद्धारा प्रस्तुत आर्थिक बर्ष २०७७/०७८ को वजेट बक्तब्य

**आदरणीय गाउँ सभा अध्यक्षज्यू,**
**सभाका सदस्यज्यूहरू,**

१. सिरानचोक गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस सम्मानित गाउँ सभामा आर्थिक वर्ष २०७७/७८ को बजेट प्रस्तुत गर्न पाउँदा आफुलाई गौरवान्वित महसुस गरेको छु ।

२. यस अवसरमा सर्वप्रथम राष्ट्रियता, समाबेशी लोकतन्त्र, गणतन्त्र, सामाजिक न्याय र मानव अधिकारको पक्षमा बलिदान दिने ज्ञात अज्ञात शहिदहरू प्रति हार्दिक श्रदान्जली अर्पण गर्दै ऐतिहासिक आन्दोलनका बेपत्ता, घाइते तथा सम्मानित नेतृत्त्वहरू प्रति सम्मान व्यक्त गर्दछु ।

३. कोभिड १९ को महामारीले शताब्दी कै ठुलो मानविय संकट पैदा गरिरहेको छ । यस महामारीको कारणले ज्यान गुमाउने शोक सन्तप्त परिवार प्रति समबेदना प्रकट गर्दै संक्रमितहरूको स्वास्थ्य लाभको कामना गर्दछु ।

४. यस विषम परिस्थितिमा यस सिरानचोक गाउँपालिका नेपाल सरकार र गण्डकी प्रदेश सरकारसँग मिलेर संकटको सामना गर्न प्रयत्नशील छ । हालसम्म यस गाउँपालिकामा कोभिड १९ बाट कुनै पनि संक्रमित पहिचान भई नसकेको खुशी व्यक्त गर्दै गाउँपालिकाबासी सबैमा नेपाल सरकारबाट जारी सुरक्षा मापदण्ड पालना गर्दै सर्तकता अपनाउन र सुरक्षित रहन अनुरोध गर्दछु।

५. नेपालको संबिधानमा उल्लेखित राज्यको निर्देशक सिद्वान्त, मौलिक हक, नेपाल सरकार र प्रदेश सरकारको नीति तथा कार्यक्रम, संघिय र स्थानीय कानुन र कार्यविधिहरूबाट निर्देशित हुँदै गाउँपालिकाबासीको आकांक्षा सम्बोधन गर्न गाउँ सभाबाट पारित नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने गरी बजेट प्रस्तुत गरेको छु ।

६. गाउँ सभा र कार्यपालिका जननिर्वाचित प्रतिनिधि, बिषयगत समिति, राजनीतिक दलका नेतृत्त्वकर्ता, निजि क्षेत्र, सामुदायिक संस्थाहरू, नागरिक समाज, बुद्दिजीवी, किसान, महिला, बालबालिका, युवा र अन्य लक्षित वर्ग र समुदाय लगायतको सल्लाह सुझाव र परामर्शहरूलाई समेटेर आ.व. २०७७/७८ को बजेट तर्जुमा गर्न प्रयास गरेको व्यहोरो समेत अनुरोध गर्दछु ।

**आदरणीय सभाअध्यक्ष महोदय,**

अब म समृद्द नेपाल र सुखी नेपालीको राष्ट्रिय सोचलाई मुर्तरूप दिन सिरानचोक गाउँपालिकाको आर्थिक वर्ष ०७७/०७८ को बजेट निर्माण गर्दा लिइएका प्राथमिकता क्षेत्र एवम् आधारहरू प्रस्तुत गर्न अनुमति चाहन्छु:

## गाउँपालिकाको विकासका प्राथमिकता क्षेत्रहरू

» कोभिड १९ बाट सिर्जित संकट व्यवस्थापन
» कृषि तथा पशु सेवामा आधुनिकीकरण तथा व्यवसायिकरणको लागि विशेष जोड
» पूर्वाधार विकास (सुधारिएको सडक)
» शिक्षा क्षेत्रमा गुणात्मक सुधार
» गुणस्तर तथा सर्वसुलभ स्वास्थ्य सेवामा सुधार
» सूचना प्रविधि तथा सञ्चारमा विकास
» सुशासन प्रर्वद्धन र सार्वजनिक सेवाको गुणस्तर
» उद्यम र सहकारीताको विकास
» विपद् व्यवस्थापन पूर्व तयारी राहत वितरण र पुर्नस्थापन, पुनःनिर्माण
» विपद् जोखिम उत्थानसिल बिकास र संभाबित विपत्तिपुर्ण अबस्थामा पनि अत्याब्श्यक सेवा सुविधामा पहुचको सुनिस्चितता
» ऐतिहासिक तथा  सास्कृतिक पर्यटन प्रवर्द्धनको क्षेत्रमा विशेष जोड
» मानव संसाधन र सामाजिक विकास
» जलवायु उत्थानशिल कृषि तथा भूमि नमूनाको प्रयोग
» सवैको लागि खानेपानीको उपलब्धता
» सामुदायिक वनको संरक्षण तथा व्यवस्थापन
» लैंगीक हिंसा विरुद्धका कार्यक्रममा जोड

## प्राथमिकता निर्धारणका आधारहरू

» वर्तमान कोभिड १९ को महामारीको चुनौती सामना गर्ने ।
» आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने,
» कृषि, पशुपालन, लघु उद्यम मार्फत स्वरोजगार सृजना गर्ने ।
» उत्पादनमूलक र छिटो प्रतिफल दिने,
» राजस्व परिचालनमा योगदान पुर्‍याउने,
» सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुर्‍याउने,
» स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने,
» लैंङ्गिक समानता, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुर्‍याउने,
» कोहि पनि पछाडी नछुटुन भन्ने अभिप्रायका साथ  बन्चितीकरणमा परेका सिमान्तिकृत समुदायलाई बिकासको मूल प्रबाहमा ल्याउने ।
» स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने,

**आदरणीय सभाध्यक्ष महोदय,**

अव म आर्थिक वर्ष २०७७/०७८ को अनुमानित आयको संक्षिप्त विवरण यस सम्मानित सभामा पेश गर्ने अनुमति चाहन्छु ।

क) आन्तरिक राजस्व (नगद मौज्दात समेत) : रु. २३४,२०८,०००/००
ख) राजश्व बाडफाँडवाट प्राप्त हुने रकम : रु. ८३,४२०,०००/००
ग) रोयल्टी (विद्युत रोयल्टी) बाट प्राप्त हुने रकम : रु. १९७,०००/००
घ) नेपाल सरकार (सङ्घ) वाट प्राप्त हुने समानीकरण अनुदान : रु. १३,५१,००,०००/००
ङ) प्रदेश सरकारवाट प्राप्त समानीकरण अनुदान : रु. १,२१,७३,०००/००
च) नेपाल सरकार (संघ) वाट प्राप्त शशर्त अनुदान : रु. २७,३६,००,०००/००
छ) प्रदेश सरकारबाट प्राप्त हुने ससर्त अनुदान : रु. १०,०००,०००/००
ज) जिल्ला समन्वय समितिवाट प्राप्त हुने अनुदान : रु. १,१०,००,०००/००
झ) संघिय सरकारवाट प्राप्त हुने सामाजिक सुरक्षा भत्ता : रु. १२,००,००,०००/००
कुल जम्मा : रु. ८७,९६,९८,०००/००

**आदरणीय गाउँ सभाका अध्यक्षज्यू,**

**सभाका सदस्यज्यूहरू**

अब क्षेत्रगत बार्षिक मुख्य कार्यक्रम तथा बजेट बिनियोजन प्रस्तुत गर्न चाहन्छु ।

**१. आर्थिक विकास तर्फः**

कृषि विकास सम्वन्धी नीति, पशु विकास सम्वन्धी नीति, राजस्व परिचालन सम्बन्धी नीतिहरू, सहकारी नीति, उद्यमशीलता प्रवर्द्धन नीति, उद्योग तथा व्यापार नीति, संस्कृति तथा पर्यटन नीति र प्रधानमन्त्री रोजगार कार्यक्रम सम्वन्धी नीतिलाई सम्वोधन गर्ने गरी कुल रकम रु. ४ करोड ५० लाख रुपैया विनियोजन गरिएको छ ।

**२. सामाजिक विकास तर्फः**

कोभिड १९ (कोरोना भाइरस) रोकथाम तथा नियन्त्रण सम्बन्धी नीति, स्वास्थ्य तथा पोषण नीति, शिक्षा नीति तथा महिला, बालबालिका, किशोरकिशोरी, ज्येष्ठ नागरिक, अपांगता तथा समाज कल्याण नीति, खानेपानी तथा सरसफाइ नीति, युवा तथा खेलकुद नीति, सामाजिक विकास, सुरक्षा तथा संरक्षण नीति लाई सम्वोधन गर्ने गरए कुल रकम रु. ५ करोड रुपैया विनियोजन गरिएको छ ।

**३. भौतिक पूर्वाधार विकास तर्फः**

पूर्वाधार विकास नीति र सूचना तथा संचार नीतिलाई सम्वोधन गर्ने गरी कुल रकम रु ८ करोड ९१ लाख ३५ हजार ९४८ रुपैया विनियोजन गरिएको छ ।

**४. वातावरण तथा विपद् ब्यवस्थापन नीति :**

विपद् ब्यबस्थापन नीति, फोहोरमैला ब्यबस्थापन नीति, हरियाली प्रबर्द्धन नीति र जलवायु परिवर्तन अनुकूलन नीतिलाई सम्वोधन गर्ने गरी कुल रकम रु. ६६ लाख ११ हजार ६२१ रुपैया विनियोजन गरिएको छ ।

**५. संस्थागत विकास र सुशासन नीति :**

संस्थागत तथा मानव संशाधन विकास नीति र सुशासन तथा सुरक्षा नीतिलाई सम्वोधन गर्ने

गरी कुल रकम रु. २ करोड ४२ लाख ६२ हजार ७६९ रुपैया विनियोजन गरिएको छ ।

**६. अन्य कार्यक्रम :**

अन्य वर्गिकृत नभएको कार्यक्रमका लागि रु ४२ करोड ६१ लाख ३३ हजार १०२ रुपैया विनियोजन गरिएको छ ।

अन्त्यमा,

